नेपाल

सुरक्षासम्बन्धी कानुनी प्रावधान

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

LR212-03

नेपाल

सुरक्षासम्बन्धी कानुनी प्रावधान

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार, काठमाडौं
पोष्ट बक्स नं. २७२६
फोन : ४२७८७७०, फ्याक्स : ४२७०५५१
इमेल : insec@insec.org.np
वेबसाइट : www.inseconline.org, www.insec.org.np

नेपाल

सुरक्षासम्बन्धी कानुनी प्रावधान

प्रकाशन मिति : ०६२ भदौ

संख्या : २ हजार

प्रकाशक : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार : इन्सेकमा सुरक्षित

संकलन : विद्या चापागाई

आवरण तथा लेआउट : गोविन्दप्रसाद त्रिपाठी

मुद्रण : सुनकोशी छापाखाना, बबरमहल, काठमाडौं

INSEC is thankful to Danish International Development Agency, Human Rights and Good Governance Unit - DANIDA/HUGOU, for providing support for the publication.

Nepal: Surakshasambandhi Kanuni Prabadhan-"A Compilation of Provisions of Security Laws" is not for sale.

कानुनी जानकारी र उपचारको बाटो

स्वतन्त्रता, भातृत्वको भावना, डर त्रास रहित स्वच्छ परिवेशको सृजना, शान्ति सुरक्षा अमनचैन कायम रहेको सामाजिक मर्यादासहित अधिकारको संरक्षण गर्ने कर्तव्य प्रत्येक प्रजातान्त्रिक राज्य व्यवस्थाको मूल आदर्श महत्वपूर्ण कर्तव्य समेत हो। उल्लेखित मूलभूत कुराहरूमा बचनबद्ध भई संविधानमा वा कानुनमा लिपिवद्ध गरिएको हुन्छ। जसको उद्देश्य शासन गर्नु नभई समाजलाई अनुशासित बनाउनु हो। जसले गर्दा समाजको प्रत्येक सदस्य शान्ति सुरक्षापूर्वक उन्मूक्त वातावरणमा बाँच्न पाओस्। यसरी कानुनद्वारा निर्देशित तौरतरिकाबाट आफूलाई नियन्त्रण गरी डर त्रास मुक्त स्वतन्त्र समाजको निर्माणद्वारा मानवअधिकारको सम्वर्द्धन र संरक्षण गरी कानुनी राज्यको स्थापना गर्नु राज्यको दायित्व हुन्छ।

'कानुनको अनभिज्ञता क्षम्य हुँदैन' भन्ने कानुनको सर्वमान्य सिद्धान्त छ। मुद्दाका पक्ष अथवा अन्य कोही सर्वसाधारण नागरिकले कानुन थाहा थिएन भनेर छुट पाउँदैन। प्रत्येक व्यक्तिले कानुन जान्नैपर्दछ र जानेको हुन्छ भन्ने अवधारणा कानुनको हुन्छ। तर सशस्त्र द्वन्द्वका कारण मानवअधिकारको उल्लंघन भएको, शान्ति खलबलिएको वर्तमान समयमा आफ्ना नागरिकको पूर्ण सुरक्षाको व्यवस्था गर्नु पनि राज्यको कर्तव्य हुन आउँछ। राज्यले संविधानको अधीनमा रही नागरिकको सुरक्षाको लागि विभिन्न व्यवस्था गरेको हुन्छ। संविधानको भाग ३ मा मौलिक अधिकार अन्तर्गत धारा १४ मा नागरिकको सुरक्षाको अधिकार प्रत्याभूत गरिएको कुरा यस सन्दर्भमा उल्लेखनीय छ। यसै प्रावधानको अधिनमा रही राज्यले व्यक्ति, सम्पत्ति र राज्यको सुरक्षा गर्नका लागि विभिन्न ऐन कानुनको निर्माण गरेको छ जसमा- मुलुकी ऐन २०२०, को विभिन्न महलहरूमा भएका व्यवस्थाहरू र सुरक्षासँग सम्बन्धित अन्य ऐनहरू महत्वपूर्ण रहेका छन्।

राज्य सञ्चालनमा सुरक्षासम्बन्धी कानुनको खास महत्व रहेको हुन्छ। नेपालमा राज्यले सुरक्षा ऐनका प्रावधानको पालना गरेको भने पाइँदैन। सुरक्षा निकायहरूले सुरक्षा संयन्त्र र त्यसका ज्ञानको अभावमा गलत वा निर्दोश व्यक्तिलाई सजायको भागी बनाइरहेका हुन्छन् र सर्वसाधारण पनि आफ्नो अधिकारबारेको ज्ञानको अभावका कारण पीडित भइरहेका हुन्छन्। वर्तमान समयमा सुरक्षा ऐनको प्रयोग र दण्ड दिने संयन्त्र तथा व्यक्तिको सम्पत्तिको रक्षाका साथै स्वयं राज्यको सुरक्षाका लागि नेपाल अधिराज्यको संविधान अर्न्तगत बनेका नियम, कानुनबारे सर्वसाधारणले पनि जानकारी हालिस गर्नै पर्ने भएको हुँदा सुरक्षा सम्बन्धी ऐनको संग्रह गरिएको हो। प्रस्तुत संकलनका स्रोतहरू नेपाल राजपत्र र समन प्रकाशन पुतलिसडकद्वारा प्रकाशित वर्णानुक्रमिक ऐन सँगालो (खुकुलो पत्र सेवा) हुन्।

यो पुस्तक मुख्यतया नेपालमा विद्यमान सुरक्षासम्वन्धी कानुन, तीसँग सम्वन्धित कार्यविधिहरूमा केन्द्रित छ। जसमा सुरक्षा सम्वन्धी कानुनी व्यवस्था र मुलुकी ऐनमा व्यवस्था भएका सुरक्षासम्वन्धी फौज्दारी र दण्ड सम्वन्धी व्यवस्थाहरू समेत समावेश गरिएका छन्। सुरक्षासम्वन्धी संवैधानिक, कानुनी र सामान्य व्यवस्थाहरूको विश्लेषण र संहिताकरण गरिएको छ। यसरी संहिताकरण गर्दा व्यक्ति, राज्य र सम्पत्तिको सुरक्षार्थ वनेका विभिन्न ऐन र मुलुकी ऐनका महलहरूको सारांश निकालिएको छ। विशेष कानुन निर्माण भएको अवस्थामा वाहेक सामान्य कानुनको रूपमा रहेको मुलुकी ऐनका विभिन्न प्रावधान अनुरूप कार्य गर्नु पर्ने हुन्छ। अर्को प्रमुख विषय भनेको राज्यको संरक्षण, संकटकालको घोषणाद्वारा राज्यको सुरक्षा गर्ने सम्बन्धमा सरकारले संकटकालको घोषणा गरी राज्यको संरक्षण गर्ने भएको हुँदा संविधानमा भएको संकटकालको घोषणासम्बन्धी व्यवस्थाको पनि विवेचना गरिएको छ। यस पुस्तकमा नेपालका विद्यमान सुरक्षा सम्वन्धी कानुन र तिनका कार्यविधिवारे स्पष्ट जानकारी दिइएको छ। वर्तमान अवस्थामा आफ्नो सुरक्षाका लागि र कुनै किसिमवाट सुरक्षाको हनन भएको अवस्थामा उपचारको वाटो पहिल्याउन सक्नेछन्।

यो पुस्तक तयारीको प्रस्ताव इन्सेकको वञ्चित समूदायका लागि अभियान केन्द्रले अघि बढाएको हो। पुस्तकको तयारीका निम्ति समय-समयमा घचघच्याइरहनु हुने सो केन्द्रकी गीता गौतम धन्यवादको पात्र हुनुहुन्छ। विभिन्न कानुनमा छरिएर रहेका सुरक्षासम्बन्धी प्रावधानलाई संकलन गरी यस रुपमा प्रकाशन गर्न संभव तुल्याउनु भएकोमा इन्सेकको मानवअधिकार सन्धि अनुगमन केन्द्रकी विद्या चापागाईंप्रति धन्यवाद व्यक्त गर्दछु। प्रस्तुत पुस्तकका निम्ति भाषागत एवं कानुनी परामर्श प्रदान गरी दिनु भएकोमा पत्रकार शिव गाउँले र साजसज्जाका निम्ति इन्सेकका डेस्कटप अधिकृत गोविन्दप्रसाद त्रिपाठीप्रति धन्यवाद ज्ञापन गर्दछु।

पुस्तकको समग्र संयोज गर्दै तयारिक्रमको नेतृत्व गर्नुहुने इन्सेक महासचिव एवं स्वतन्त्र पत्रकार कुन्दन अर्याल धन्यवादको पात्र हुनुहुन्छ। धेरै जनाको मेहनतका कारण यस रुपमा प्रकाशित हुन सकेको यो पुस्तक नेपालमा सुरक्षासम्वन्धी कानुनको प्रावधानका सम्बन्धमा जानकारी चाहने सबैका लागि उपयोगी हुने अपेक्षा गरिएको छ।

सुझावको अपेक्षा सहित।

सुबोधराज प्याकुरेल
अध्यक्ष

विषय-सूची

पेज नं.

मूल कानुन : १-२

- नेपाल अधिराज्यको संविधान, २०४७ १

अन्य ऐन : ३-८२

- आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ ३
- आवश्यक वस्तु संरक्षण ऐन, २०१२ ८
- कारागार ऐन, २०१९ १०
- केही फौज्दारी मुद्दा खारेज गर्ने र दण्ड सजाय मिनाहा दिने ऐन, २०२० १७
- केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ १९
- चन्दा ऐन, २०३० २१
- जासूसी ऐन, २०१८ २३
- नागरिक अधिकार ऐन, २०१२ २५
- नेपाल विशेष सेवा ऐन, २०४२ २७
- प्रहरी ऐन, २०१२ २९
- यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ ३४
- राज्यविरुद्धको अपराध र सजाय ऐन, २०४६ ३६
- लिखतहरूको गोप्यतासम्बन्धी ऐन, २०३९ ३७
- विष्फोटक पदार्थ ऐन, २०१८ ४०
- सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ४२
- सशस्त्र प्रहरी ऐन, २०५८ ५०
- सार्वजनिक सुरक्षा ऐन, २०४६ ५५
- सैनिक ऐन, २०१६ ५८
- स्थानीय प्रशासन ऐन, २०२८ ७०
- हातहतियार खरखजाना ऐन, २०१९ ७८

केही फौज्दारी कानुन : ८३-९४

- अध्यागमन ऐन, २०४९ ८३
- प्रमाण ऐन, २०३१ ८६
- सपुर्दगी ऐन, २०४५ ९१

मुलुकी ऐनका प्रावधानहरू : ९५-१०६

- मुलुकी ऐन, भाग ४, महल १, २, ३, ४,५, ८, ९, १०, ११, १९

नेपाल अधिराज्यको संविधान, २०४७

संविधानको धारा ११८ मा निम्न व्यवस्था गरिएको छ।

नेपालमा एक राष्ट्रिय सुरक्षा परिषद् रहनेछ जसमा प्रधानमन्त्री अध्यक्ष, रक्षा मन्त्री र प्रधान सेनापति सदस्य रहनेछ।

श्री ५ बाट शाही नेपाली सेनाको सञ्चालन र प्रयोग राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा गरिबक्सनेछ।

धारा ११९ अनुसार शाही नेपाली सेनाको परमाधिपति श्री ५ होइबक्सन्छ र श्री ५ बाट प्रधानमन्त्रीको सिफारिसमा प्रधान सेनापतिको नियुक्ति गरिबक्सन्छ।

राष्ट्रिय सुरक्षा परिषद्ले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ।

संविधानको धारा १४ मा फौज्दारी न्याय विरूद्धको हक सुरक्षित गरिएको छ। उपदफा १ मा तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरेवापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा प्रचलित कानुनमा तोकिएभन्दा बढी सजाय दिइने छैन। कुनै पनि व्यक्ति उपर अदालतमा त्यसै कसुरमा एक पटक भन्दा बढी मुद्दा चलाइने र सजाय गरिने छैन।

कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरूद्ध साक्षी हुन कर लगाइने छैन। अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनैपनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अवमानजनक व्यवहार गरिने छैन। त्यस्तो गरिएको व्यक्तिलाई कानुनले निर्धारित गरे बमोजिम क्षतिपूर्ति दिइनेछ।

पक्राउ भएको व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना यथाशक्य चाँडो दिइनेछ। निजलाई कानुन व्यवसायीसँग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने हकबाट बञ्चित गरिने छैन। पक्राउ भएको व्यक्तिलाई पक्राउ गरेको ठाँउबाट बाटाको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्छ।

संविधान र कानुनमा उल्लेख गरिएका 'मुद्दा हेर्ने अधिकारीहरू' भन्नाले अदालतका न्यायाधिश तथा प्रमुख जिल्ला अधिकारी, मालपोत अधिकृत, भूमिसुधार अधिकारी, वन अधिकृत समेतलाई जनाउँछ।

संकटकालीन अधिकार

नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृङ्खलताको कारणले गम्भीर सङ्कट उत्पन्न भएमा श्री ५ बाट नेपाल अधिराज्यभर वा कुनै खास क्षेत्रमा लागू हुने गरी सङ्कटकालको घोषणा गर्न वा आदेश जारी गर्न सकिबक्सने व्यवस्था संविधानको धारा ११५ ले गरेकोछ। यस्तो सङ्कटकालको घोषणा वा आदेश सो घोषणा भएको मितिले तीन

महिनाभित्र अनुमोदनको लागि प्रतिनिधि सभामा पेश गर्नु पर्नेछ। अनुमोदनका लागि पेश भएको आदेशलाई प्रतिनिधि सभाको बैठकमा उपस्थित सदस्यहरूको दुई तिहाइ बहुमतले अनुमोदन गरेमा घोषणा वा आदेश भएको मितिले ६ महिनासम्म लागू रहनेछ। यसरी म्याद थप गरिएको कुरा सभामुखले श्री ५ मा जाहेर गर्नुपर्नेछ। यदि आदेशलाई प्रतिनिधि सभाको बैठकले अनुमोदन नगरेमा सो घोषणा वा आदेश स्वत: निष्क्रिय भएको मानिनेछ।

प्रतिनिधि सभा विघटित भएको अवस्थामा प्रतिनिधि सभाको अधिकारको प्रयोग राष्ट्रिय सभाले गर्नेछ। सङ्कटकालको घोषणा गर्न वा आदेश भएपछि त्यस्तो अवस्थाको निवारण गर्न सकिबक्सनेछ र त्यसरी जारी भएको आदेश सङ्कटकालीन अवस्था बहाल रहेसम्म कानुन सरह लागू हुनेछ। यसरी आदेश गर्दा सो घोषणा बहाल रहेसम्मको लागि यस संविधानको भारा १२ को उपधारा २ को खण्ड क, ख, घ, ङ, धारा १३ को उपधारा १, धारा १५, १६, १७, २२ र २३ निलम्बन गर्न सकिबक्सनेछ। तर धारा २३ अन्तर्गत बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बन गरिने छैन।[1] यसरी निलम्बन गरिएकोमा सो धाराले प्रदान गरेको मौलिक हकको प्रचलनको लागि कुनै अदालतमा निवेदन दिन वा प्रश्न उठाउन पाइने छैन। सङ्कटकालीन अवस्था बहाल रहेको अवस्थामा कुनै पदाधिकारीले कानुन विपरीत वा वदनियतसाथ कुनै काम गरेबाट कसैलाई कुनै क्षति भएको रहेछ भने निजले सो घोषणा वा समाप्त भएको मितिले तीन महिनाभित्र आफूलाई परेको क्षति वापत क्षतिपूर्तिको दावी गर्न सक्नेछ र दावी मनासिब ठहराएमा अदालतले उचित क्षतिपूर्ति भराइदिन सक्नेछ। श्री ५ बाट यस्तो घोषणा वा आदेश बहाल रहेसम्म जुनसुकै बखत पनि फिर्ता लिन सकिबक्सनेछ।

---

१. धारा ११५ (८), नेपाल अधिराज्यको संविधान, २०४७

अन्य ऐन

आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१

आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय गर्ने व्यवस्था गर्न बनेको ऐनको प्रस्तावनामा "नेपाल अधिराज्यमा शान्ति र व्यवस्था कायम राख्न तथा सर्वसाधारण जनताको सुरक्षा गर्नको निमित्त आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले" भन्ने वाक्यांश प्रयोग गरी ऐन निर्माण गर्नुको उद्देश्य प्रस्ट्याइएको छ। यो ऐन प्रारम्भ भएको मितिले दुई वर्षसम्म बहाल रहनेछ।[१] ऐनको दफा २ मा हातहतियार, खरखजाना, वम, विष्फोटक पदाथ, विषालु पदार्थ, सुरक्षाकर्मी आतंककारी तथा विध्वंसात्मक कार्य, आतंककारी, मतियार, सम्पत्ति, सुराकी, सुरक्षा अधिकारी, आदेश जस्ता शब्दहरूको परिभाषा दिइएको छ।

दफा ३ मा आतंककारी तथा विध्वंसात्मक अपराधका बारेमा परिभाषा दिइएको छ। जसमा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा नेपाल अधिराज्य वा यसको कुनै भागको सुरक्षा वा शान्ति र व्यवस्था वा विदेशस्थित नेपाली कुटनीतिक नियोग वा सम्पत्तिको सुरक्षामा खलल वा आघात पार्ने उद्देश्यले कुनै प्रकारको हातहतियार, बम, विष्फोटक पदार्थ वा अन्य कुनै उपकरण वा वस्तु प्रयोग गरी कुनै स्थानको सम्पत्तिमा क्षति पुऱ्याउने वा तोडफोड गर्ने वा त्यस्तो योजना बनाउने वा त्यस्तो स्थानमा मानिसको जिउज्यान जाने, अंगभंग हुने वा चोटपटक पुऱ्याई घाइते तुल्याउने कार्य वा आगो लगाउने वा दैनिक उपभोग्य वस्तुमा वा सार्वजनिक स्थानमा विषालु पदार्थ प्रयोग गरी मानिसको जिउज्यान जाने वा अंगभंग हुने वा अन्य क्षति पुऱ्याउने कुनै कार्य, वा माथि उल्लिखित कुनै कार्य गरी सर्वसाधारण जनता वा आवत जावत गर्ने वा भेला हुने व्यक्तिलाई आतंकित तुल्याउने कुनै कार्यहरू आतंककारी तथा विध्वंसात्मक अपराधको परिषाभा भित्र पर्दछ।

त्यस्तै माथि उल्लेख गरिए बमोजिमको उद्देश्यको निमित्त सो खण्डमा उल्लिखित पदार्थ प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई वा त्यस्तो पदार्थ प्रयोग नगरी अन्य कुनै पदार्थ वा साधन प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई कसैको जीउ ज्यान लिने, अङ्गभङ्ग गर्ने, घाइते तुल्याउने वा अन्य कुनै प्रकारको क्षति गर्ने धम्की दिई कुनै स्थान वा कुनै प्रकारको सवारी साधनमा कसैलाई जोरजुलुम गर्ने वा आतंकित गर्ने वा त्यस्तो स्थान र साधनबाट वा त्यस्तो साधनद्वारा यात्रा गरिरहेका कसैलाई त्यस्तो साधनसहित वा साधनरहित अपहरण गर्ने वा त्यस्तो कार्यद्वारा आतंकित तुल्याउने कार्य,

---

१. दफा १ (३), आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश,२०६१

वा कुनै प्रकारको हातहतियार वा बम वा विष्फोटक पदार्थ वा विषालु पदार्थ उत्पादन गर्ने, वितरण गर्ने, संचय गर्ने, ओसार प्रसार वा निकासी पैठारी गर्ने, बिक्री गर्ने, लिएर हिंड्ने वा जडान गर्ने वा जानीजानी त्यस्तो कार्यमा सघाउ पुऱ्याउने कार्य, वा उल्लेखित उद्देश्यको निमित्त मानिस भेला गराउने, प्रशिक्षण दिने जस्ता कार्य, जबर्जस्ती नगदी वा जिन्सी उठाउने, सम्पत्ति लुटपिट गर्ने कार्य, आतंककारी तथा विध्वंसात्मक कार्य गर्ने उद्योग वा षड्यन्त्र गरेमा वा सो कार्य गर्न कसैलाई दुरूत्साहन दिएमा वा विवश गराएमा वा सो कार्य गर्न गराउनको लागि सबभन्दा बढी व्यक्ति जम्मा गरेमा वा त्यस्तो काम गर्न कुनै गिरोह वा समूह खड़ा गरेमा वा त्यस्तो काम गर्न गराउन खटन पटन गरेमा वा त्यस्तो काममा पारिश्रमिक लिई वा नलिई भाग लिएमा वा त्यस्तो कार्यको प्रचार प्रसार गरे गराएमा वा सरकारी सञ्चार पद्धतिमा व्यवधान खड़ा गरेमा त्यस्तो कार्यलाई आतंकारी तथा विध्वंसात्मक अपराध गरेको मानिनेछ।

ऐनको बाहियक्षेत्रीय प्रयोग: आतंककारी अपराध गर्ने व्यक्तिले नेपाल अधिराज्य वा नेपाली नागरिक वा नेपाल अधिराज्यको कुनै सम्पत्तिलाई लक्षित गरी त्यस्तो अपराध नेपाल अधिराज्य बाहिर बसी गरेको भए तापनि निजले त्यस्तो अपराध नेपाल अधिराज्यभित्र गरे सरह मानी निजलाई यसै ऐनबमोजिम कारवाही र सजाय हुनेछ भनी यस ऐनको बाहियक्षेत्रीय प्रयोग बारेमा दफा ४ मा उल्लेख गरिएको छ।

आतंककारी तथा विध्वंसात्मक कार्य रोक्ने विशेष अधिकार श्री ५ को सरकारमा हुनेछ र प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले नेपाल अधिराज्यको सबै वा कुनै भागमा र सुरक्षा अधिकारीले आफ्नो क्षेत्रभित्र आतंककारी तथा विध्वंसात्मक अपराध रोक्ने कार्यमा संलग्न भएको भन्ने पर्याप्त र मनासिव शंकाको आधारमा पक्राउ गरी पक्राउ भएको कारण सहितको सूचना यथाशक्य चाँडो दिने, शंका लागेमा जुनसुकै व्यक्तिको घर, पसल, गोदाम, यातायातको साधन वा अन्य कुनै स्थानमा सूचना दिई जुनसुकै समयमा खानतलासी लिने र खानतलासीको क्रममा बरामद भएका मालवस्तुहरू बुझेको भए सोको भरपाई दिने, कुनै पनि स्थान वा बाटो घाटोमा कसैको जीउ वा निजको साथमा रहेको सामान वा निजले प्रयोग गरेको साधन वा सवारी साधनको खानतलासी लिने, पक्राउ गर्दा वा खानतलासी लिँदा वा अन्य कुनै कारवाही गर्दा कसैले बाधा विरोध गरेमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियारसहित बाधा विरोध गरेमा हातहतियार प्रयोग गर्ने, आतंककारी तथा विध्वंसात्मक कार्य गर्ने व्यक्ति भागी वा उम्की जाने वा पक्रन नसकिने अवस्था देखेमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने, कुनै व्यक्ति वा समूहले कुनै स्थान विशेषमा कार्यरत सुरक्षाकर्मीलाई जीउधनमा असर पुऱ्याउने उद्देश्यले कुनै हातहतियार लिई धम्की दिएमा वा धम्की दिने चेष्टा गरेमा आवश्यक वल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने, सुरक्षाकर्मीले सुरक्षा गरिरहेका सर्वसाधारण जनता, सरकारी काममा खटिएका कर्मचारी वा सरकारी सामान वा सुरक्षाकर्मीको जीउज्यानमा असर पुऱ्याउने उद्देश्यले आक्रमण गरेमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने, हतियारधारी व्यक्ति वा समूहसँग मुठभेट भएमा आवश्यक बल प्रयोग गर्ने वा हातहतियार प्रयोग गर्ने, हतियारधारी व्यक्ति वा समूहसँग रहेको हतियार नियन्त्रणमा लिई आफ्नो जिम्मा लिने वा हतियारधारीलाई नि:शस्त्र पार्ने, शंकास्पद स्थानको तालाबन्दी

वा नाकाबन्दी गर्ने, आतंककारी तथा विध्वंसात्मक कार्यमा संलग्न भएको छ भन्ने पर्याप्त मनासिब आधारमा शंका लागेको व्यक्तिको बैंक खाता वा राहदानी निश्चित अवधिको लागि रोक्का गर्ने, आदि कुनै वा सबै काम गर्ने आदेश दिन सक्नेछ।[३]

श्री ५ को सरकारले आतंककारी तथा विध्वंसात्मक गतिविधिबाट प्रभावित वा प्रभावित हुन सक्ने क्षेत्रलाई आतंक प्रभावित क्षेत्र घोषणा गर्न सक्नेछ। साथै यस ऐनअन्तर्गत सजाय हुने अपराधमा संलग्न कुनै व्यक्ति, संघ, संस्था, संगठन वा समूहलाई श्री ५ को सरकारले आतंककारी घोषित गर्न सक्नेछ। दफामा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम संकटकालीन अवस्थाको घोषणा वा आदेश भएको अवस्थामा स्वत: आतंक प्रभावित क्षेत्र घोषणा भएका मानिनेछ भनी उल्लेख गरिएको छ। [४]

दफा ८ अनुसार हातहतियार वा खरखजाना साथमा लिई हिंड्न निषेध गर्न सक्ने अधिकार श्री ५ को सरकारलाई हुनेछ। जसमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ७ बमोजिम घोषित आतंक प्रभावित क्षेत्रमा श्री ५ को सरकारले तोकेको समयसम्मको लागि कसैले प्रचलित कानुनबमोजिम लाइसेन्स प्राप्त हातहतियार वा खरखजाना आफ्नो साथमा लिई हिँड्न मनाही गर्ने गरी वा त्यस्तो हातहतियार वा खरखजाना तोकेको अवधिभरको लागि तोकेको स्थानमा जम्मा गर्नुपर्ने गरी आदेश जारी गर्न सक्नेछ, र त्यस्तो आदेश उल्लंघन गर्ने व्यक्तिसँग रहेको हातहतियार वा खरखजाना जफत हुनेछ।

आतंककारी तथा विध्वंसात्मक कार्य हुन सक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नु पर्ने विश्वास गर्न सकिने मनासिब आधार भएमा सुरक्षा अधिकारीले त्यस्तो व्यक्तिलाई ६ महिनासम्म कुनै मानवोचित ठाउँमा नजरबन्द राख्ने आदेश जारी गर्न सक्नेछ। त्यसरी नजरबन्द राखिएको व्यक्तिलाई आतंककारी तथा विध्वंसात्मक कार्य हुन सक्ने कुनै काम कुरा गर्नबाट थप समय रोक्नु पर्ने विश्वास गर्न सकिने मनासिब आधार भएमा सुरक्षा अधिकारीले श्री ५ को सरकार गृह मन्त्रालयको स्वीकृति लिई थप ६ महिनासम्म यस दफा बमोजिम नजरबन्द राख्ने आदेश जारी गर्न सक्नेछ।[५]

अपराधको गम्भिर्यता र प्रकृति अनुसार व्यक्तिलाई सर्वस्व सहित जन्मकैद, पाँच वर्षदेखि दश वर्षसम्म कैद हुनेछ। सम्पत्तिको क्षति भएकोमा सम्पत्ति जफत गरी त्यसबाट दिलाई भराई दिने र बाँकी नपुग (यदि भएमा) रकमबापत प्रचलित कानुनबमोजिम जरिवाना नतिरेसरह गरी हुन आउने अवधिसम्म कैद, मतियारलाई कसूर गर्ने व्यक्तिलाई हुने सजायको आधा सजाय, एक महिनासम्म कैद वा पाँचसय रूपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सकिने ऐनमा प्रावधान रहेको छ।[६] यस ऐनबमोजिमको अपराधको गाम्भीर्यता हेरी अभियोग लागेको अभियुक्तलाई मुद्दाको पुर्पक्ष

---

३. दफा ५, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१
४. दफा ७, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१
५. दफा ९, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१
६. दफा १०, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश,२०६१

गर्दा सामान्यतया थुनामा राखी गरिनेछ।[७] यस ऐनले ऐनको प्रतिकूल नहुने गरी बिना हातहतियार शान्तिपूर्वक सभा सम्मेलन गर्न, विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रयोग गर्न वा नेपाल अधिराज्यको कुनै भागमा आवतजावत गर्न बाधा नपर्ने कुनै कुरालाई रोक लगाउदैन।[८]

ऐनको दफा १३ ले अनुगमन तथा समन्वयसम्बन्धी समितिको व्यवस्था गरेको छ, जसमा सर्वोच्च अदालतको न्यायाधीश पदबाट अवकाश प्राप्त व्यक्तिमध्ये श्री ५ को सरकारले तोकेको व्यक्ति, अध्यक्ष र रक्षा मन्त्रालय, गृह मन्त्रालय कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव र नेपाल अधिराज्यको महान्यायाधिवक्ताको कार्यालयको नायब महान्यायाधिवक्ता सदस्य रहेका हुन्छन्। अनुगमन समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ। अनुगमन समितिले जाँचबुझ गर्दा निवेदकलाई मर्का परेको देखिएमा त्यस्तो मर्का निवारण गर्न सम्बन्धित निकायलाई आवश्यक परामर्श दिई देखापरेको समस्या समाधानका उपायका बारेमा श्री ५ को सरकारलाई आवश्यक सुझाव समेत दिनेछ। साथै समितिले सम्पन्न गरेको काम कारवाहीको जानकारी प्रतिनिधि सभा, राज्य व्यवस्था समितिलाई दिनु पर्नेछ।

आफ्नो कार्यक्षेत्रभित्र आतंककारी तथा विध्वंसात्मक कार्य रोक्न वा नियन्त्रण गर्नको लागि शाही नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र आवश्यक अन्य सरकारी निकायको बीच समन्वय कायम गर्न सम्बन्धित क्षेत्रीय प्रशासक वा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा शाही नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान र आवश्यक अन्य सरकारी निकायको प्रमुख सदस्य रहेको एक समन्वय समिति रहने व्यवस्था छ।[९]

दफा १५ मा मुद्दा हेर्ने अधिकार र पुनरावेदन सम्बन्धी व्यवस्था गरिएको छ। श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी गठन गरेको वा तोकेको अदालतलाई ऐन अन्तर्गतको कसूरसम्बन्धी मुद्दा हेर्ने अधिकार हुनेछ। अदालतले यस ऐनअन्तर्गतका मुद्दामा कारवाही र किनारा गर्दा विशेष अदालत ऐन, २०३१ बमोजिमको कार्यविधि अपनाउनेछ र अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ। यस ऐनअन्तर्गतको मुद्दा श्री ५ को सरकारवादी हुनेछ र सो मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा परेको मानिनेछ।[१०] प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनअन्तर्गतको आतंककारी तथा विध्वंसात्मक अपराध मानिने कुनै कार्य गर्ने व्यक्ति फेला नपरी फरार भएमा निजलाई गिरफ्तार गर्त सकेसम्म हुलियासमेत खुलाई पन्ध्र दिनको वारेण्ट जारी गर्नु

---

७. दफा ११, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१

८. दफा १२, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१

९. दफा १३ (५), आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१

१०. दफा १६, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१

पर्नेछ। सो म्यादभित्र पनि फेला नपरेको वा गिरफ्तार हुन नसकेको व्यक्तिउपर यस ऐनबमोजिम कारवाही गरिनेछ।[११]

उपचार खर्च तथा क्षतिपूर्तिसम्बन्धी व्यवस्था दफा १९ मा गरिएको छ। आतंककारी तथा विध्वंसात्मक गतिविधि नियन्त्रण तथा अनुसन्धान कार्यमा खटिएका सुरक्षाकर्मी वा प्रहरीको अंगभंग वा मृत्यु भएमा श्री ५ को सरकारले मनासिब माफिकको उपचार खर्च तथा क्षतिपूर्ति दिने व्यवस्था गरेको छ। यस्ता गतिविधिबाट प्रभावित वा पीडित व्यक्तिको आवश्यक स्वास्थ्य उपचार तथा त्यस्तो व्यक्तिलाई दिइने राहत सुविधासम्बन्धी व्यवस्था श्री ५ को सरकारले गर्नेछ। आतंककारी तथा विध्वंसात्मक गतिविधिमा संलग्न व्यक्ति वा सुरक्षाकर्मीको कारवाहीको परिणामबाट मृत्यु भएका निर्दोष सर्वसाधारण व्यक्तिका आश्रित परिवारलाई र यो ऐनको प्रयोग बदनियतपूर्वक गरिएको प्रमाणित भएमा सम्बन्धित मुद्दाको फैसलाको क्रममा मनासिब माफिकको क्षतिपूर्ति पीडितलाई दिइनेछ।[१२]

यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम असल नियतले गरेको वा गर्न प्रयत्न गरेको कुनै काम कारवाहीको सम्बन्धमा कुनै अधिकारी सजायको भागी हुने छैन[१३]। यस ऐनअन्तर्गतको मुद्दा दायर गर्ने कुरामा कुनै हदम्याद हुने छैन।[१४]

---

११. दफा १७, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१

१२. दफा १९(३, ४), आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१

१३. दफा २०, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१

१४ दफा २१, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१

आवश्यक वस्तु संरक्षण ऐन, २०१२

मिति २०१२/८/१३ मा लालमोहर लागि प्रकाशन भएको आवश्यक वस्तु संरक्षण ऐन, २०१२ को प्रस्तावनामा सर्वसाधारण जनताको सुविधा कायम राख्न जनउपयोगका आवश्यक वस्तु विशेषको संरक्षण गर्नु पर्ने आवश्यक देखिएकोले यो ऐन बनाई जारी गरिएको भनिएकोछ। यो ऐन हालसम्म आठ[१५] पटक संशोधन गरिसकिएकोछ।

दफा २ मा "आवश्यक वस्तु" को परिभाषा गरिएकोछ। जसभित्र टेलिग्राफ, टेलिफोन, रोपवे, रेल्वे, राजमार्ग, मूल बाटो, पुल, ढल, निकासको पाईप लाइन, श्री ५ को सरकार वा कुनै संस्थाले वा श्री ५ को सरकार वा कुनै संस्थाको इजाजत लिई बनाइएको खानेपानीको मुहान, बिजुली, विद्युत उत्पादन उपकरणहरू, मौसम तथा जलस्रोत सम्बन्धी स्टेशनहरू, हवाई अड्डा, हवाई अड्डाको क्षेत्र भित्र वा बाहिर रहेको सञ्चार केबुल लाईन, एन्टेना, रेडियो सञ्चार स्टेशनहरू, पथ प्रदर्शक, सुरक्षा, संकेत तथा यस्तै अन्य उपकरणहरू, पेट्रोल, पेट्रोल पम्प स्टेशनहरू, फ्यूल डिपोहरू, सर्वसाधारणको उपयोगको पाटी, पौवा, सत्तलहरू, श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको जुनसुकै वस्तुहरू आदि पर्दछन्।

दफा ३ मा अनधिकृत मानिसले गर्न नपाउने कार्य र गरेमा हुने सजायको बारेमा उल्लेख गरिएकोछ। जसअनुसार कसैले कुनै आवश्यक वस्तुमा अरूलाई लगाई वा आफैले हात हाल्न, झिक्न, चुँडाल्न र कुनै किसिमले बिगार्न, चोरी गर्न, गर्न लगाउन हुँदैन। सो गरे गर्न लगाए ऐन सवालले हुने सजायको थप बिगो र बिगो बमोजिमको दण्ड हुनेछ जरिवाना वा दुवै सजाय हुनेछ। तर बनाउन मरमत गर्नको लागि धनीबाट अधिकार प्राप्त व्यक्तिले चोरीबाहेक अरूमाथि लेखिएका काम गरेमा निजलाई बात लाग्दैन भवितव्य पर्न गई कुनै आवश्यक वस्तुको नोक्सान हुन गएमा सो कुराको खबर मोफसलमा भए नजिकको कुनै सरकारी अड्डामा र सदरमा भए अञ्चलाधीश कार्यालयमा दियो भने यस दफा अन्तर्गतको कसुरदार हुँदैन। नोक्सानी गरेको बिगो भने बुझाउनै पर्छ। कुनै स्थानका बासिन्दाहरूले उक्त चोरी बदमासी गर्नेहरूसँग मिलेमतो गरेको वा निजहरूलाई मद्दत गरेको वा त्यस्तालाई राखे पालेको अथवा ती चोर बदमासलाई लुकाई छपाई राखेको वा कसुरबाट बचाउन खोजेको वा निचमारी रोक्न नखोजेको वा जानी जानी खबर नदिएको भए त्यस्ता मानिसलाई दफा ३ बमोजिम सजाय हुनेछ।[१६]

---

१५. आवश्यक वस्तु संरक्षण (प्रथम संशोधन) ऐन, २०१८, केही नेपाल कानुन (संशोधन र पुन:व्यवस्थापन) ऐन, २०२०, आवश्यक वस्तु संरक्षण (दोस्रो संशोधन) ऐन, २०२४, न्याय प्रशासन सुधार (प्रथम संशोधन) ऐन, २०३३, आवश्यक वस्तु संरक्षण (तेस्रो संशोधन) ऐन, २०३८, न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३, न्याय प्रशासन ऐन, २०४८ र केही नेपाल संशोधन गर्ने ऐन, २०४८

१६. दफा ४, आवश्यक वस्तु संरक्षण ऐन, २०१२

दफा ५ मा स्थानीय निकाय वा प्रशासन अधिकृतको अधिकारको उल्लेख गरिएको छ जसअनुसार आवश्यक वस्तुको सबैले हेरचाह गर्नुपर्छ सो नगरी कुनै इलाकामा आवश्यक वस्तु बराबर हराएमा, चोरिएमा वा अरू कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा सबभन्दा नजिकको गाउँ विकास समिति, नगरपालिका वा जिल्ला विकास समितिले वा प्रशासन अधिकृतले पालो पहराको व्यवस्था गरी सुरक्षा गर्ने प्रबन्ध मिलाउनु पर्छ। दफा ६ ले कसुरदार उपर मनासिब माफिकको शक्ति प्रयोग गर्न सकिने अधिकारको प्रत्याभूत गरेकोछ। जसमा कसुरदारलाई वारदात भएको ठाउँमा पक्राउ गर्न खोज्दा जबरजस्ती हुल हुज्जत गरी वा तेसै भाग्न उम्कन खोज्यो भने त्यस्तालाई भाग्न उम्कन दिनु हुँदैन। सो गर्दा हात हतियार नचलाई नहुने भएमा प्रहरी फोर्सको हेडकन्सटेवल र सो भन्दा माथिका कुनै अधिकृतले वा शाही सेनाका पति र सोभन्दा माथिका कुनै अधिकृतले अन्य फोर्सका[१६] सो सरहका कुनै पति वा अधिकृतले आफै वा आफ्ना मातहतका अरूलाई अर्डर दिई भरसक घुँडामुनि हातहतियार चलाई वा गोली हानी पक्राउ गर्नुपर्छ। लेखिए बमोजम पक्राउ गर्न खोज्दा मानिस मर्न गएमा समेत सम्बन्धित सरकारी कर्मचारीलाई बात लाग्ने छैन।

आवश्यक वस्तु सम्बन्धी माल चोरीको हो भन्ने जानी जानी किन्ने बेच्ने राख्नेलाई माथि उल्लेख बमोजिम सजाय हुनेछ।[१८] आवश्यक वस्तु चोर्न वा नोक्सान गर्न गएको ठाउँमा पुगी काम गर्न आँटेको मौकामा वा गरिरहे मौकामा काम हुन नपाउँदै पक्राउमा पर्नेलाई अघि त्यस्तै कसुरमा सजाय पाएको रहेनछ भने १ वर्ष कैद गर्नुपर्छ। अघि सजाय पाएको रहे भने लेखिएको कैदको दोबर बढाई कैद गर्नुपर्छ।[१९] दफा ९ अनुसार यो ऐन अन्तर्गतको मुद्दा प्रमुख जिल्ला अधिकारीले हेर्नेछ र त्यस उपरको पुनरावेदन पुनरावेदन अदालतमा लाग्नेछ।

---

१६. अन्य फोर्स भन्नाले मिलिसिया पाईनियर, रिजर्भ, ग्यारिजन वा श्री ५ बाट खास कामको निमित्त खडा गरिबक्सेको यस्तै अरू संगठित दललाई समेत जनाउँछ।

१८. दफा ७, आवश्यक वस्तु संरक्षण ऐन, २०१२

१९. दफा ८, आवश्यक वस्तु संरक्षण ऐन, २०१२

कारागार ऐन, २०१९

कारागार सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०१९ को प्रस्तावनामा शान्ति र व्यवस्था कायम राख्न कारागार सम्बन्धी नेपाल कानुनलाई संशोधन र एकीकृत गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइएको उल्लेख छ। २०१९/१०/२२ मा लालमोहर लागि २०१९/१०/२३ मा प्रकाशन भएको यो ऐन हालसम्म तीन[२०] पटक संशोधन भइसकेकोछ। ऐनमा अदालत, कैदी, थुनुवा, कारागार, जेलर, कारागार कार्यालय, अस्पताल जस्ता शब्दहरूको परिभाषा गरिएको छ।

दफा ३ अनुसार कुनै व्यक्तिलाई कुनै अपराधको तहकिकात जाँचबुझ वा पुर्पक्षका लागि थुनामा राख्नु पर्ने भएमा निजलाई प्रचलित नेपाल कानुन बमोजिमको थुनुवा पूर्जी दिई अन्य अधिकारीको नियन्त्रणको कारागारमा राख्नु पर्ने भए सम्बन्धित कारागार कार्यालयलाई पनि सो बमोजिमको जनाउ दिनुपर्छ। कुनै अदालतको फैसला बमोजिम कुनै व्यक्तिलाई कैद गर्नुपर्दा निजले कुन कानुन अन्तर्गत के अपराध गरे बापत के कति सजाय हुने फैसलामा कुन मितिदेखि कुन मितिसम्म कैद हुने भएको छ सो सबै खोली कैद ठेकी मुद्दा फैसला भएको तीन दिनभित्र कैदी पूर्जी दिई सो कुराहरू र निजको वतन, वर्ष, वर्ण र हुलिया समेत खोली कारागार कार्यालयका नाउँमा पूर्जी लेखी कारागार पठाइदिनुपर्छ।

प्रचलित नेपाल कानुन बमोजिम रीत पुऱ्याई थुन्न वा कैद गर्न पठाइएको व्यक्तिलाई कारागार कार्यालयले बुझिलिई प्रचलित नेपाल कानुन बमोजिम थुनामा वा कैदमा राख्नुपछ।[२१] कुनै थुनुवा वा कैदीलाई कारागारभित्र प्रवेश गराउँदा निजको तलासी लिनु पर्छ र कुनै हतियार वा निषिद्ध वस्तु फेला परेमा सो कब्जा गर्नुपर्छ र थुनुवा कैदीले कारागारभित्र लैजान नपाउने वा निजको उपयोगको निमित्त कारागारभित्र पठाउन हुने निजको दैनिक व्यवहारको निमित्त चाहिनेभन्दा बढ्दा मालसामानहरू थुनुवा वा कैदीलाई आवश्यक भएको बखत दिने गरी जेलरको जिम्मा राख्नु पर्छ।[२२]

दफा ६ अनुसार थुनुवा वा कैदीलाई थुन्दा वा कैद गर्दा लोग्नेमानिस र स्वास्नीमानिस छुट्याई पाएसम्म छुट्टाछुट्टै घरमा र सो नभई एउटै घरमा राख्नु पर्ने भएमा परस्पर भेटघाट वा कुराकानी गर्न नपाउने गरी सो घरको भिन्दाभिन्दै भागमा, एक्काईस वर्ष मुनिको र एक्काईस वर्ष माथिको कैदी वा थुनुवालाई छुट्याई यथासम्भव भिन्दाभिन्दै भागमा, देवानी मुद्दा र फौजदारी मुद्दाका कैदीलाई छुट्याई यथासम्भव भिन्दाभिन्दै भागमा, रोगी थुनुवा वा कैदीलाई छुट्याई यथासम्भव भिन्दै भागमा र पागल

---

२०. कारागार (पहिलो संशोधन) ऐन, २०४६, केही नेपाल संशोधन गर्ने ऐन, २०४८, दण्ड सजाय सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन २०५५

२१. दफा ४, कारागार ऐन, २०१९,

२२. दफा ५, कारागार ऐन, २०१९,

र अर्धपागल थुनुवा वा कैदीलाई छुट्याई यथासम्भव भिन्दै भागमा राख्नुपर्दछ । फौजदारी मुद्दामा सजाय पाएका कैदीलाई आवश्यकता अनुसार एक्लै भिन्दै कोठामा राख्न हुन्छ।

कैदबाट भागी पक्राउ परेको वा कैदबाट भाग्ने उद्योग गर्ने वा अन्य कुनै काम कुरा गर्ने कैदीबाहेक अन्य थुनुवा वा कैदीलाई कारागारभित्र नेल वा हतकडी लगाइने छैन।[२३] थुनिए वा कैद परेकी स्वास्नीमानिसको कारागार भित्र छोरा छोरी जन्मेछ वा दुई वर्ष नपुगेको नाबालक छोरा छोरी रहेछ भने बाहिर हेरविचार गर्ने वारिसवाला भए पनि निजलाई आमाले आफैसित राखी हेरविचार गर्न चाहेमा कारागारभित्रै राख्न हुन्छ। त्यस्ता नाबालक दुई वर्ष पुगेपछि, आवश्यक भएमा बाहेक, निजलाई वारिसवालाको जिम्मा लगाई दिनुपर्छ। कुनै थुनुवा वा कैदीको निजले लालन पालन गर्नुपर्ने नाबालक रहेछ र त्यस्तो नाबालकको लालन पालन गर्ने अरू कोही रहेनछ भने निज थुना वा कैदमा रहुन्जेल त्यस्तो नाबालकको सम्पूर्ण हेर विचार, शिक्षादिक्षा र लालन पालन तोकिए बमोजिम श्री ५ को सरकारको खर्चमा गरिनेछ। बाह्र वर्ष ननाघेको कुनै नाबालक थुनिए वा कैद परेमा निजको हेरविचार गर्न निजको आमा, बाबु वा अरू नातादार कारागारभित्र बस्न चाहेमा पनि बस्न दिइने छैन।[२४] कारागारमा थुनिएका वा कैद परेका थुनुवा वा कैदीहरू र त्यस्ता थुनुवा र कैदीहरूको माथि उल्लेख भएका नाबालक छोरा छोरीलाई तोकिए बमोजिम सिधा खर्च र लुगा दिइनेछ।[२५]

दफा १० मा प्रचलित नेपाल कानुनमा अन्यथा लेखिएकोमा बाहेक कुनै थुनुवा वा कैदीलाई निजको इच्छा विरूद्ध कुनै काममा लगाइने छैन तर श्री ५ को सरकारले थुनुवा र कैदीहरूको स्वास्थ्य, आर्थिक उन्नति वा सुधारको निमित्त आवश्यक ठानेमा कुनै थुनुवा वा कैदीलाई कुनै काममा लगाउने व्यवस्था गर्न सक्नेछ। थुनुवा वा कैदीहरूको स्वास्थ्य र उपचारको व्यवस्थाबारे दफा ११ मा उल्लेख गरिएकोछ। जसअनुसार मानसिक वा शारीरिक बिरामी परेका थुनुवा वा कैदीहरूलाई सरकारी चिकित्सकद्वारा उपचार गराउनु पर्छ। कुनै थुनुवा वा कैदी असाध्य बिरामी परी निजको राम्रो उपचारका लागि निजलाई अस्पतालमै राख्न आवश्यक छ भन्ने सरकारी चिकित्सकले ठहराई कारण सहित आफ्नो लिखित राय व्यक्त गरेमा त्यस्तो थुनुवा वा कैदीलाई नेल वा हतकडी परेकोमा सो समेत काटी तोकिदिए बमोजिम अस्पतालमा राखी औषधि गराउनु पर्छ। बिरामी परी सिकिस्त भएको कुनै थुनुवा वा कैदी बाँच्ने नबाँच्ने दोसाँधमा रहेको कुराको कारण सहितको राय सरकारी चिकित्सकले दिएमा त्यस्तो थुनुवा वा कैदीको हकवालाले निजलाई घाट लैजान चाहेमा निजको रोक निको भएमा पुन: कारागारमा फिर्ता ल्याउने व्यहोराको हाजिर जमानी कागज गराई त्यसरी थुनिएको ठाउँको नजिकको घाटमा लैजान दिइनेछ। थुनुवा वा कैदी जिम्मा लिई घाट लैजाने हकवालाले सम्बन्धित थुनुवा कैदीको स्वास्थ्यसम्बन्धी प्रतिवेदन लेखी प्रत्येक हप्ता सम्बन्धित कारागारलाई दिनु पर्नेछ।

कुनै थुनुवा वा कैदी स्वास्नीमानिस गर्भवती रहिछ भने राजगद्दी, राजपरिवारको गाथ वा राजकाज सम्बन्धी मुद्दाको वा दामल वा जन्म कैदको सजाय पाएकी वा त्यस्तो

---

२३. दफा ७, कारागार ऐन, २०१९,

२४. दफा ८, कारागार ऐन, २०१९,

२५. दफा ९, कारागार ऐन, २०१९,

सजाय हुने अपराधको अभियोग लागेकी थुनुवा वा ज्यानमाराबाहेक अरूको हकमा ६ महिनाको गर्भ पुगेपछि जमानी लिई छाडी दिनुपर्छ र त्यसरी जमानीमा छुटेकीलाई निजको बालक जन्मेको दुई महिना भएपछि थुन्न नपर्ने भएकोमा वा कैद म्याद भुक्तान भैसकेकोमा बाहेक फेरी कारागार भित्र राखिनेछ।[२६] दफा १३ अनुसार कुनै थुनुवा वा कैदीको मृत्यु भएमा सरकारी चिकित्सकलाई जचाई निजले सो कुरा प्रमाणित गरेमा सो बेहोराको र मर्नेको जायजातको तायदाती मुचुल्का लेखी सो बखत पालो पहरामा परेको पाले सिपाही र थुनुवा कैदीहरूमा पाएसम्म चार जनामा नघटाई सो मुचुल्कामा साक्षी गराई मर्ने थुनुवा वा कैदीको जायजात धरौटी सयाहामा आम्दानी बाँधी जुन अड्डामा वा अदालतमार्फत् थुनिए वा कैद भएको हो सो अड्डा वा अदालतलाई र सो मर्ने थुनुवा वा कैदीको हकवालालाई समेत जेलरले तोकिएबमोजिम सो कुराको जनाउ दिनुपर्छ। मरेको कुनै थुनुवा वा कैदीलाई निजको वारिसले उठाई लैजान चाहेमा अन्यथा गर्न आवश्यक भएमा बाहेक सो वारिसको जिम्मा लगाई दिनु पर्छ। सो बमोजिम वारिसले उठाई नलगेमा वा कुनै वारिस नै नभएकोमा तोकिएबमोजिम कारवाही गर्नुपछ। कुनै थुनुवा वा कैदीले वा त्यस्तो थुनुवा वा कैदीसित अरू कुनै व्यक्तिले भेट वा पत्र व्यवहार गर्न चाहेमा, तोकिएको अवस्थामा बाहेक, भेट वा पत्र व्यवहार गर्न तोकिए बमोजिम दिइनेछ। तर यस उपदफामा लेखिएको कुनै कुराले कुनै थुनुवा वा कैदीको कानुनी सल्लाहकारलाई त्यस्तो थुनुवा वा कैदीसित तोकिए बमोजिम भेट गर्न बाधा पुऱ्याउने छैन।[२७]

दफा १५ अनुसार कुनै मुद्दा मामिलामा प्रमाण वा कुनै आवश्यक कुरा बुझ्नको लागि कुनै अड्डा वा अदालतले कुनै थुनुवा वा कैदीलाई हाजिर गराउन आवश्यक भएमा अदालतले सो कैदी वा थुनुवा थुनिएको वा कैद परेको कारागार कार्यालयलाई सोझै पूर्जी पठाउन सक्नेछ। अरू अड्डाले भएको थुनुवा वा कैदी जुन अड्डा वा अदालत मार्फत् थुनिएको वा कैद परेको हो सो अड्डा वा अदालतलाई पूर्जी लेखी पठाउन थुनुवा वा कैदीलाई अड्डा वा अदालतमा हाजिर गराउन सक्नेछ। पूर्जी आएपछि सो थुनुवा वा कैदीलाई थुन्ने वा कैद ठेक्ने अड्डा वा अदालतले पनि सो पूर्जी बमोजिम त्यस्तो थुनुवा वा कैदीलाई पूर्जी लेखी पठाउने अड्डामा हाजिर गराउनको निम्त्ति सम्बन्धित कारागार कार्यालयलाई पूर्जी लेखी पठाई दिनुपर्छ।

आफ्नो इलाका भित्रको कारागारको प्रशासन एवं सो सम्बन्धी अन्य सबै व्यवस्थाको सामान्य रेखदेख गर्ने कर्तव्य सम्बन्धित प्रमुख जिल्ला अधिकारीको हुनेछ। प्रत्येक कारागारको निमित्त एकजना जेलर र निज मातहतका अन्य कर्मचारी श्री ५ को सरकारबाट ठेकिएको संख्यामा रहने छन्।[२८] जेलर र अन्य कर्मचारीको कर्तव्यका बारेमा दफा १७ मा उल्लेख गरिएकोछ। जसअनुसार:

---

२६. दफा १२, कारागार ऐन, २०१९,

२७. दफा १४, कारागार ऐन, २०१९,

२८. दफा १६, कारागार ऐन, २०१९,

- कारागारको सबै मिसिल, किताब, कागजात एवं मालसामानहरू र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम निजको जिम्मा लगाइएको सबै चीज एवं मालसामानहरू सुरक्षित रूपले राख्ने,
- थुनुवा कैदी भाग्न नपाउने गरी पालो पहराको बन्दोबस्त गर्ने र त्यस्तो पाले पहरामा खटिएका व्यक्ति आफ्नो काममा रूजु हाजिर रहेको वा नरहेको वा त्यस्तो व्यक्तिले आफ्नो काम, कर्तव्य राम्रोसित पालन गरेको वा नगरेको कुराको रेखदेख गर्ने,
- यस ऐनको अन्य दफा वा यस ऐन अन्तर्गत बनेको नियम वा अन्य प्रचलित नेपाल कानुनमा लेखिए बमोजिमको अरू कर्तव्यको पालना गर्ने।
- प्रत्येक जेलरले आफ्नोनिमित्त सरकारी तवरबाट ठेकिएको ठाउँमा निवास गर्नुपर्छ र सम्बन्धित प्रमुख जिल्ला अधिकारीको अनुमति नलिई साधारणतया राति कारागार छाडी अन्त कतै जान हुँदैन।
- कारागारभित्र वा कारागारबाट बाहिर कुनै चिज वा मालसामान ल्याउन लैजान लाग्दा कारागारमा त्यस बखत पालो पहरामा रहेको पाले सिपाहीले जाँची शंका लागेको व्यक्तिको तलासी समेत लिनुपर्छ र कुनै निषिद्ध वस्तु ल्याउन वा लैजान लागेको वा कारागारको कुनै सम्पत्ति बाहिर लैजान लागेको फेला परेमा जेलरलाई तुरून्त सो कुराको सूचना दिनुपर्छ।
- कारागारका कुनै कर्मचारी जेलर वा सम्बन्धित प्रमुख जिल्ला अधिकारीको अनुमति विना कारागारबाट अनुपस्थित रहन हुँदैन।

दफा १८ अनुसार म्यादभन्दा बढी थुन्न वा कैद गर्न हुँदैन। जसअनुसार म्याद तोकिई थुनिएका वा कैद परेका थुनुवा वा कैदीलाई सो म्याद पुगेपछि र प्रचलित नेपाल कानुन बमोजिम अधिकार प्राप्त अधिकारीबाट छोड्न आदेश भै आएका थुनुवा कैदीलाई सो आदेश बमोजिम चौबीस घण्टा भित्र जेलरले थुना वा कैदबाट मुक्त गरी दिनुपर्छ। पुर्पक्षलाई थुनिएको थुनुवाका सम्बन्धमा निज कारागार भित्र थुनिएको ६ महिनासम्ममा पनि कैद म्याद ठेकिएको रहेनछ वा निजलाई थुनाबाट मुक्त गर्ने आदेश आएको रहेनछ भने सो ६ महिना नाघेका तीन दिनभित्र जेलरले सो सम्बन्धित सबै कुरा खोली त्यस्तो थुनुवालाई थुन्न आदेश दिने अदालतको पुनरावेदन सुन्ने अदालतमा प्रतिवेदन गर्नुपर्छ। र कुनै थुनुवा वा कैदीलाई छाड्नु पर्ने गरी फैसला वा आदेश भएकोमा त्यसको सूचना अविलम्ब सम्बन्धित कारागारलाई पठाई दिनुपर्छ। पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशले पुनरावेदन अदालतको प्रादेशिक अधिकार क्षेत्र भित्रको कारागारको वर्षमा कम्तिमा एक पटक निरीक्षक गर्नु पर्नेछ र त्यसरी निरीक्षण गर्दा कुनै व्यक्ति ठेकिएको कैद भन्दा बढी अवधि कैदमा रहेको वा प्रचलित कानुनले थुन्न पाउनेभन्दा बढी अवधि थुनामा परेको देखेमा त्यस्तो कैदी वा थुनुवालाई तुरून्त छाडी दिने आदेश दिन सकिनेछ र त्यस्तो आदेश भएकोमा त्यसको पालना गर्नु सम्बन्धित जेलरको कर्तव्य हुनेछ। पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशले कुनै कैदी वा थुनुवालाई तुरन्त छाडी दिने आदेश दिएकोमा र कारागार निरीक्षण गर्दा यस ऐन बमोजिम नभएको वा नगरेको अन्य कुरा देखेमा सो कुरा समेत खुलाई सर्वोच्च अदालत र श्री ५ को सरकार, गृह मन्त्रालयमा प्रतिवेदन पठाउनु पर्नेछ। र कुनै कर्मचारीको हेलचक्र्याइँबाट कुनै

थुनुवा वा कैदी प्रचलित कानुन बमोजिमभन्दा बढी समयसम्म थुना वा कैदमा रहेको देखिएमा वा यस ऐन बमोजिम नभएको वा नगरेको अन्य कुनै कुरा देखिएमा त्यस्तो कर्मचारी उपर कारवाही भई सजाय हुनेछ।

दफा १९ अनुसार प्रत्येक प्रमुख जिल्ला अधिकारीले आफै वा आफू मुनिका सहायक पठाउनेछ। ६ महिनामा एक पटक र आवश्यक देखेमा जहिलेसुकै पनि आफ्नो मातहतमा रहेको कारागारको जाँच गर्नु गराउनु पर्छ। प्रमुख जिल्ला अधिकारी वा सहायकले कैद म्याद ठेकिएको कैदीले म्याद पुगेको दिन रिहाई पाएको छ वा छैन, प्रचलित नेपाल कानुन बमोजिम हुनु गर्नु पर्ने अरू काम कुरा सो बमोजिम भए गरेको छ वा छैन भन्ने जस्ता कुराहरूको जाँच गर्नुपर्छ।

प्रमुख जिल्ला अधिकारी वा सहायकले कारागारको जाँच गरेपछि देहायका कुरामा देहाय बमोजिम गर्नुपर्छ।[२९]

- थुनुवा वा कैदी म्यादभन्दा बढी थुनिए वा कैद परेको देखिएमा त्यस्ता थुनुवा वा कैदीलाई तुरून्त थुना वा कैदबाट मुक्त गरी सो थुनुवा वा कैदीलाई थुन्ने वा कैद गर्ने अड्डा वा अदालतलाई सो कुराको सूचना दिने।
- पुर्पक्षका लागि थुनिएको व्यक्तिको सम्बन्धमा जेलरले दफा १८ को उपदफा (२) बमोजिमको कारवाही नगरेकोमा सो गर्न लाउने।
- कारागारमा कुनै कर्मचारीले आफ्नो कर्तव्य पालन नगरेको वा कर्तव्य पालनमा लापरवाही गरेको देखिएमा निज उपर मुद्दा वा अन्य कारवाही चलाउनु पर्ने भएमा प्रचलित नेपाल कानुन बमोजिम त्यस्तो कारवाही आफैले गर्न हुनेमा आफैले गर्ने र आफैले गर्न नहुनेमा सो कुराको जनाउ सम्बन्धित अधिकारीलाई पठाउने।

कुनै थुनुवा वा कैदीले कुनै मुद्दा मामिलाका सम्बन्धमा कुनै अड्डा वा अदालतमा दिनुपर्ने कुनै फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र, बिन्तिपत्र, दरखास्त जनाउ इत्यादि सो अड्डा वा अदालतमा दाखिल गर्नलाई आफू थुनिए वा कैद परेको कारागार कार्यालयमा दाखिल गरेमा सो कार्यालयले म्याद भित्रको भए निजको सहीछाप गराई प्रचलित नेपाल कानुनले दस्तुर लाग्नेमा दस्तुर समेत बुझी लिई त्यसको निस्सा दिई कागज दस्तुर दाखिल गरेको मिति समेत लेखी जुन अड्डा वा अदालतमा पठाउनु पर्ने हो सो अड्डा वा अदालतमा चलानीसाथ तीन दिन भित्र पठाई दिनुपर्छ। कारागार कार्यालयबाट चलान भै आएको कागजपत्र सम्बन्धित अड्डा वा अदालतले बुझी लिई प्रचलित नेपाल कानुन बमोजिम गर्नुपर्छ। थुनुवा वा कैदीले आफु थुनिएको वा कैद परेका कारागारमा म्याद तारिख भित्रै उपदफा (१) मा लेखिएको कागज दस्तुर बुझाएकोमा म्याद तारिख जान सक्दैन।[३०]

दफा २२ मा कारागारसम्बन्धी अपराधबारे उल्लेख गरिएकोछ। कसैले यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप कारागारभित्र वा कारागारबाट बाहिर कुनै चीज वा

---

२९. दफा २०, कारागार ऐन, २०१९,

३०. दफा २१, कारागार ऐन, २०१९,

मालसामान ल्याएको वा लगेको वा सो गर्ने उद्योग गरेको वा कुनै थुनुवा वा कैदीलाई मनाही गरिएको कुनै चीज वा मालसामान दिए वा पुऱ्याएको वा सो गर्ने उद्योग गरेको वा कुनै थुनुवा वा कैदीसित पत्र व्यवहार गरेको वा कारागारका कुनै कर्मचारीले जानी जानी वा लापरवाही गरी सो कुराहरू हुन दिएको वा कुनै व्यक्तिले माथि लेखिएको कुनै अपराधको दुरूत्साहन दिएको ठहरेमा त्यस्तो व्यक्ति वा कर्मचारीलाई ६ महिनासम्म कैद वा दुई सय रूपैयाँसम्म जरिवाना वा दुवै हुन सक्तछ। त्यस्तै कुनै थुनुवा वा कैदीले निम्नलिखित कुनै काम कुरा गरेमा निजलाई चेतावनी दिन वा असल चालचलन बापत दण्ड सजायबाट कुनै छुटको सहुलियत वन्चित गर्न वा पन्ध्र दिनमा नबढाई एकान्त ठाउँ वा कोठामा थुन्न वा स्वास्नीमानिस र रोगी बाहेक अरू थुनुवा वा कैदीको हकमा एक महिनामा नबढाई पहिले नेल नपरेकोमा नेल ठोक्ने, नेल परी सकेकोमा हतकडी हाल्न र नेल हतकडी परिसकेकोमा जञ्जीर हाल्न सकिनेछ-

(क) कुनै व्यक्ति उपर कुनै किसिमले अपराधिक बल प्रयोग गरेमा,

(ख) कुनै व्यक्ति उपर अपमानजनक वा धम्कीपूर्ण भाषा प्रयोग गरेमा,

(ग) अनैतिक वा अभद्र वा अनुशासनहीन आचरण गरेमा,

(घ) विना अधिकार नेल वा हतकडी खोले वा भाँचेमा,

(ङ) कारागारको कुनै सम्पत्ति जानी जानी बिगारे वा नासेमा,

(च) कुनै मिसिल वा कागजात नासे, बिगारे वा च्यातेमा,

(छ) निषेध गरिएको कुनै चीज वा मालसामान लिए राखे वा पठाएमा,

(ज) कुनै कर्मचारी वा थुनुवा वा कैदी उपर जानी जानी झुठो अभियोग लाग्ने कुरा गरेमा,

(झ) बिरामी भएको बहाना गरेमा,

(ञ) आगलागी भएको वा कुनै षड्यन्त्र गरिएको वा कुनै थुनुवा वा कैदी भागेको वा भाग्न उद्योग गरेको वा कारागारको कर्मचारी वा कुनै थुनुवा वा कैदी उपर आक्रमण भएको वा हुने तयारी भैरहेको कुरा थाहा पाउना साथ जाहेर नगरेमा वा जाहेर गर्न इन्कार गरेमा,

(ट) कुनै कैदी वा थुनुवालाई भगाएमा वा भगाउने उद्योग गरेमा,

(ठ) यस ऐन अन्तर्गत बनेका नियमको बर्खिलाप अन्य कुनै काम कुरा गराएमा।

थुनुवा वा कैदीलाई एक ठाउँबाट अर्को ठाउँमा चलान गर्दा तोकिए बमोजिम चलान गर्नुपर्छ।[३१] दफा २४ अनुसार थुनुवा वा कैदी बाहेक अरू कसैले थुनुवा वा कैदीलाई भगाएमा वा भगाउने उद्योग गरेमा सम्बन्धित अड्डा वा अदालत वा कारागारका कर्मचारीले घूस खाई वा मरमोलाहिजा गरी भगाएको रहेछ भने घूस खाएकोमा सो घूसको बिगो समेत जफत गरी ऐन बमोजिम सजाय हुनेछ। दामल वा जन्म कैदको सजाय पाएको कैदी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेको थुनुवा भगाएको भए दश वर्ष कैद, अरू थुनुवा वा कैदी भगाएको भए घूस खाएकोमा सो घूसको बिगो बमोजिम जरिवाना समेत गरी दुई वर्षदेखि ६ वर्षसम्म कैद सजाय

---

३१. दफा २३, कारागार ऐन, २०१९

हुन्छ। दामल वा अन्य कैदको सजाय पाएको कैदी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेको थुनुवा भगाएको भए ६ वर्ष कैद, अरू थुनुवा वा कैदी भगाएको भए घूस खाएकोमा सो घूसको बिगो बमोजिम जरिवाना समेत गरी दुई वर्षदेखि ६ वर्षसम्म कैद, सम्बन्धित अड्डा वा अदालत वा कारागारका कर्मचारीले खण्ड (क) मा लेखिए बमोजिम नगरी आफ्नो कर्तव्य पालनमा लापरवाहीमात्र गरी भगाएको रहेछ भने निजलाई ६ महिनासम्म कैद वा दुई सय रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ। दामलको वा जन्म कैदको सजाय भएको कैदी वा त्यस्तो सजाय हुने अपराधको अभियोगको थुनुवा भगाएको भए पाँच वर्ष कैद, अरू थुनुवा वा कैदी भगाएको भए दुई वर्षसम्म कैद वा पाँच सय रूपैयाँसम्म जरिवाना, तर यस खण्ड बमोजिम सजाय गर्दा भाग्ने थुनुवा वा कैदीलाई भएको वा हुन सक्ने बाँकी कैदको आधाभन्दा बढी हुने सजाय गरिने छैन। कसैले कुनै थुनुवा वा कैदी भगाउने उद्योग गरेकोमा सो थुनुवा वा कैदी भाग्न नपाउँदै जाहेर भएकोमा ६ महिनासम्म कैद वा दुई सय रूपैयाँसम्म जरिवाना। कैद म्याद ठेकिएको कैदी भागेमा पक्रिएपछि निजलाई बाँकी कैदको डेढी बढाई सजाय हुनेछ। त्यस्तै कुनै थुनुवा भागेमा मुद्दा फैसला भएपछि निजलाई भएको सजायमा निजले भाग्नु भन्दा अघि थुनामा बसेको अवधि कट्टा गरी बाँकी हुने सजायमा डेढी बढाई सजाय कायम गरी त्यसमा निज भाग्नुभन्दा अघि वा पछि थुनामा रहेको जम्मा अवधि कट्टी गरी बाँकी रहन आउने सजाय हुनेछ।

जेलर वा कारागारका अरू कुनै कर्मचारीले यस ऐनको वा यस ऐन अन्तर्गत बनेको नियमको वा अधिकारप्राप्त अधिकारीले दिएको आदेशको बर्खिलाप गरी आफ्नो कर्तव्य पालन नगरेमा वा जानी जानी आफ्नो कर्तव्य पालनमा लापरवाही देखाएमा वा अनुमति नलिई आफ्नो काम छोडी कतै गएको वा गयल परेको देखिएमा निजलाई यस ऐनका अन्य दफामा कुनै खास कुराका सम्बन्धमा खास सजाय तोकिएकोमा सोही बमोजिम र सो बमोजिम नतोकिएकोमा अवस्थाअनुसार तीन महिनासम्म कैद वा दुईसय रूपैयाँसम्म जरिवाना वा दुवै हुनेछ।[३२] प्रचलित अन्य नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि थुनुवा कैदी भागे भगाएको वा दफा २२ को उपदफा (१) अन्तर्गतको मुद्दा मामिला हेरी किनारा गर्ने अधिकार जुन इलाकाको कारागारको कैदी वा थुनुवा हो सोही इलाकाको जिल्ला अदालतलाई हुनेछ।

यो ऐन अन्तर्गतको मुद्दा मामिला चलाउने र हेर्ने अधिकारसम्बन्धित जेलरलाई हुनेछ।[३३]

---

३२. दफा २५, कारागार ऐन, २०१९,

३३. दफा २६, कारागार ऐन, २०१९,

केही फौज्दारी मुद्दा खारेज गर्ने र दण्ड सजाय मिनाहा दिने ऐन, २०२०

प्रचलित मुलुकी ऐनको कानुनी व्यवस्था समयोचित सुधार गर्न सो ऐनको बृहत संशोधन र एकीकरण भई २०२० भदौ १ गतेदेखि लागू हुने गरी नयाँ मुलुकी ऐन जारी भइसकेको, र यसबमोजिम जारी भएको मुलुकी ऐनले धार्मिक एवं सामाजिक विचार धारा, चेतना र मान्यताहरूमा समयको प्रभावले आएको परिवर्तनको सन्दर्भमा कतिपय मौलिक महत्वपूर्ण एवं समयोचित सुधारहरूको कानुनी व्यवस्था साथै कामको प्रकृति र अवस्थाका आधारमा अपराध र सजायको पुन: मूल्यांकन र पुन: निर्धारण समेत गरेको, र यसरी मुलुकी ऐनको रूपमा व्यक्त भएको हाम्रो राष्ट्रिय नीति एवं आकांक्षा र राष्ट्रले अपनाएको धार्मिक एवं सामाजिक आचारका उदारवादी सिद्धान्तहरूको सन्दर्भमा २०२० भदौ १ गतेभन्दा अघि भए गरेका काम कुराका सम्बन्धमा धर्म, जात वा जातिको संकीर्ण आधारमा रहेको भेदभावपूर्ण कानुनी व्यवस्था र त्यसको कानुनी परिणामलाई पूर्ववत् रूपमा कायम राख्न उचित नदेखिने हुँदा त्यस सम्बन्धमा यथाशीघ्र आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, भनी ऐनको प्रस्तावना उल्लेख गरिएको छ। यो ऐन २०२०/५/१० मा लालमोहर लागि प्रकाशन गरिएको हो।

ऐनको दफा ३ अनुसार यस ऐनको अनुसूचीमा[३४] उल्लेख भएका नेपाल ऐनबमोजिम अपराध नठहरिने कुनै काम कुरामा यो ऐन प्रारम्भ भएपछि साविकको मुलुकी ऐनअन्तर्गत कुनै अपराधको अभियोग लगाई कुनै मुद्दा मामिला चलाइने र कारवाही गरिने छैन र ऐन प्रारम्भ हुँदाका बखत कुनै मुद्दा मामिला दायर भएको वा चलिरहेकोमा यो ऐन प्रारम्भ भएपछि त्यस्ता सबैमुद्दा मामिला जुनसुकै तहमा भएपनि स्वत: खारेज भएको मानिनेछ। यदि त्यस्तोमा कुनै अपराधको अभियोग लागी अदालतबाट कसूरदार ठहराई यो ऐन प्रारम्भ हुँदाका बखत सजायको फैसला वा आदेश भइसकेकोमा र ऐन प्रारम्भ हुँदाका बखत कुनै व्यक्तिले सजाय भोगिरहेको वा निजलाई सजाय हुने गरी फैसला वा आदेश भइरहेकोमा यो ऐन प्रारम्भ भएपछि सो सजाय सबै स्वत: मिनाहा भएको मानिनेछ।[३५]

साविकको मुलुकी ऐनअन्तर्गत अपराध ठहरिने कुनै काम कुरा अनुसूचीमा उल्लेख भएका नेपाल ऐनअन्तर्गत पनि अपराध ठहरिने रहेछ भने सम्वत् २०२० भदौ १ गतेभन्दा अघि गरे/भएको त्यस्तो अपराधमा समेत अनुसूचीमा उल्लेख भएका नेपाल ऐनबमोजिमको सजाय हुनेछ। र सजाय गर्दा साविकको मुलुकी ऐनले तोकेको सजायमा नबढाई सजाय तोकिनेछ। तर मुड्ने, खोप्ने, दामल गर्ने, जात पतित गर्ने, अभक्ष खुवाउने, जनै झिकिदिने, टाडमुनी छिराउने, पैताला चटाउने, पतिया वा प्रायश्चित गराउने, तीर्थ घुम्नु पर्ने र गाउँ वा शहर बाहिर निकाला गर्ने जस्ता कुनै किसिमका

---

३४. २०२० भदौ १ गतेदेखि लागू हुने गरी जारी भएको मुलुकी ऐन, जुवा ऐन, २०२०, सवारी ऐन, २०२०, रेल्वे ऐन, २०२०

३५. दफा ४, केही फौज्दारी मुद्दा खारेज गर्ने र दण्ड सजाय मिनाहा दिने ऐन, २०२०

सजाय वा आदेश दिने वा कार्यान्वयन गरिने छैन। दफा ३ र दफा ४ का अधीनमा रही त्यस सम्बन्धमा निजलाई कानुनबमोजिम सजाय (कैद, जरिवाना वा दण्ड) गरी त्यस्तो असूलउपर गरिनेछ।[३६]

दफा ६ मा केही अपराध र मुद्दाहरूका सम्बन्धमा विशेष व्यवस्था गरिएको छ। जस अनुसार साविकको मुलुकी ऐनबमोजिम कुनै फौज्दारी अभियोग लगाई कुनै व्यक्तिउपर मुद्दा चलिरहेकोमा सो मुद्दा परेका कुराहरूमध्ये कुनै कुरा अनुसूचीमा उल्लेख भएका नेपाल ऐनबमोजिम अपराध ठहरिने र कुनै कुरा त्यस्तो अपराध नठहरिने रहेछ भने त्यस्तो अपराध ठहरिनेजति काम कुराका सम्बन्धमा मुद्दा खारेज नगरी काननुबमोजिम कारवाही गर्नुपर्छ। र फौज्दारी अपराधको कसूर ठहरी सोबापत कुनै व्यक्तिले सजाय भोगिरहेको वा निजका विरूद्ध सजायको फैसला वा आदेश भएकोमा सो अपराध ठहरेमध्येको कुनै काम कुरा अनुसूचीमा उल्लेख भएका नेपाल ऐनबमोजिम पनि अपराध ठहरिने र कुनै काम कुरा त्यस्तो अपराध नठहरिने रहेछ भने त्यस्तो अपराध ठहरिने जति काम कुराका सम्बन्धमा सो उपदफाहरूबमोजिम सजाय मिनाहा हुने छैन।

३६. दफा ५, केही फौज्दारी मुद्दा खारेज गर्ने र दण्ड सजाय मिनाहा दिने ऐन, २०२०

केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७

नेपाल अधिराज्यका विभिन्न क्षेत्रहरूमा शान्ति र व्यवस्था कायम राख्न र सर्वसाधारण जनताको सुविधा, सदाचार, नैतिकता कायम राख्नको लागि केही सार्वजनिक अपराध नियन्त्रण गर्न र तत्सम्बन्धी सजायको व्यवस्था गर्न वाञ्छनीय भएकोले, यस ऐन ल्याइएको भनी प्रस्तावना भनिएको छ। २०२७/६/१८ मा लालमोहर र प्रकाशन भएको यस ऐन केही सार्वजनिक (अपराध र सजाय) (पहिलो संशोधन) ऐन, २०३१, केही नेपाल ऐन (संशोधन) ऐन, २०३९, न्याय प्रशासन ऐन, २०४८ र केही सार्वजनिक (अपराध र सजाय) (दोश्रो संशोधन) गर्ने ऐन, २०४९ गरी चार पटक संशोधन गरिसकिएको छ।

कुटपिट वा हुल हुज्जत गरी वा अरू कुनै किसिमबाट कुनै राष्ट्र सेवकलाई आफ्नो ओहदाको कर्तव्य पालन गर्नमा बाधा पुऱ्याउने, सार्वजनिक स्थानमा कुटपिट वा हुल हुज्जत गरी शान्ति भंग गर्ने, सार्वजनिक स्थानमा अश्लील बोली, बल, इशारा प्रयोग गरी शान्ति भंग गर्ने वा अश्लील प्रदर्शन गर्ने, सार्वजनिक स्वास्थ्य वा स्वास्थ्य विज्ञानको लागि बाहेक अश्लील भाषा वा अश्लील भाव आउने शब्द वा चित्रद्वारा अश्लील कुरा छाप्ने वा प्रकाशित गर्ने वा त्यस्तो अश्लील प्रकाशनहरू सार्वजनिक स्थानमा प्रदर्शन वा बिक्री वितरण गर्ने, हुलाक, सञ्चार, यातायात, विद्युत र अरू यस्तै आवश्यक सामाजिक सेवाको नियमित सञ्चालनमा अनुचित बाधा पुऱ्याउने, सरकारी वा गैरसरकारी कार्यालयमा वा कसैको घर-जग्गाभित्र हुल हुज्जत गरी अनाधिकृत प्रवेश गर्ने वा अनाधिकृत रूपमा रहने, हुल हुज्जत गरी वा ढुङ्गा मुढा गरी वा अन्य कुनै प्रक्रियाद्वारा सार्वजनिक वा निजी सम्पत्तिमा क्षति पुऱ्याउने, सार्वजनिक स्थानमा महिला वर्गलाई हातपात गरी बेइज्जत गर्ने, सार्वजनिक स्थानमा जथाभावी व्यवहार गर्ने, कसैलाई हैरानी गर्ने वा सताउने हेतुले कही बसिरहेको अवस्थामा वा बाटो घाटोमा हिँडिरहेको वा कुनै सवारीबाट गइरहेको अवस्थामा कुनै प्रकारले बाधा विरोध वा छेकथुन (घेराउ) गर्ने वा हुल हुज्जत, हातपात, कुटपिट, विजाई वा उपद्रयाई गर्ने वा त्यस्तो व्यक्तिको साथमा भएको कुनै सम्पत्ति खोसी लिने वा नोक्सान गर्ने वा सवारीको साधनमा नोक्सान पुऱ्याउने, कसैलाई डर, त्रास वा दुःख दिने, अपमान वा बेइज्जत गर्ने वा हैरानी गर्ने हेतुले टेलिफोन, चिट्ठीपत्र वा अन्य कुनै साधन वा माध्यमद्वारा धम्की वा गाली दिने वा जिस्क्याउने वा अन्य कुनै अनुचित काम कुरा गर्ने, जुनसुकै सभा वा जुलुसमा घुसी वा नघुसी कसैले शान्ति भंग हुने गरी जनसाधारणमा त्रास, आतंक फैलने कुनै कुरा गर्नु वा हतियारको प्रदर्शन गर्ने कार्यलाई सार्वजनिक अपराधको परिभाषा भित्र राखी ऐनले निषेध गरेको छ।[३६]

उल्लेखित कसूर गर्दा घटनास्थलमा फेला परेमा त्यस्तालाई प्रहरी कर्मचारीले बिना वारेण्ट पक्राउ गर्न सक्नेछ साथै कसूर गरेको छ भन्ने कुराको कसैको युक्तियुक्त उजूरी परी विश्वास पर्दो सूचना प्राप्त भई वा युक्तियुक्त शंका भई सो आधारमा

---

३६. दफा २, केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७

जाँचबुझ गर्दा कसूर गरेको भन्ने विश्वास लागेमा स्थानीय प्रहरी चौकी वा थानाको नायव प्रहरी निरीक्षक (सब इन्स्पेक्टर) सम्मको मुख्य प्रहरी अधिकृतले अभियुक्तलाई पक्राउ गर्न वारेण्ट जारी गरी पक्राउ गर्नसक्ने अधिकार ऐनले दिएको छ। तर, पक्राउ गरिएको व्यक्तिलाई बाटोको म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउनु पर्छ र त्यस्तो व्यक्तिलाई त्यस्तो मुद्दा हेर्ने अधिकारीको आदेशले बाहेक सो अवधिभन्दा बढी थुनामा राख्नु हुँदैन।[३८]

सार्वजनिक अपराध अर्न्तगतका मुद्दा दायर गर्ने हदम्याद, वारदात भएको दिनवाट सात दिनभित्र दायर गरी सक्नुपर्छ। अन्यायमा पर्ने कुनै व्यक्तिले यस ऐनअन्तर्गतको मुद्दाको कारवाही चलाउन चाहेमा बाटाका म्यादबाहेक वारदात भएको ७ दिनभित्र प्रहरीमा उजूर गर्नुपर्छ। तर, कुनै कारणवस वारदात भएको सात दिनभित्र मुद्दा दायर गर्न नसकिने भएमा मनासिव माफिकको कारण देखाई मुद्दा हेर्ने अधिकारीले वारदात भएको पैंतीस दिनभित्र मुद्दा दायर गर्ने गरी म्याद थप गरिदिन सक्नेछ।[३९]

यस ऐनअन्तर्गतको मुद्दामा शुरू कारवाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीले नेपाल विशेष अदालत ऐन २०३१ बमोजिमको कार्यविधि अपनाउनेछ। प्रमुख जिल्ला अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ।[४०] प्रमुख जिल्ला अधिकारीले कसूरको मात्रा अनुसार दश हजार रूपैयाँसम्म जरिवाना गर्न र पीडित पक्षलाई कसूरदारबाट बिगोबमोजिम क्षतिपूर्ति भराई दिन सक्नेछ तथा अनुसन्धानको सिलसिलामा मनासिव कारण देखिएमा थुन्नु पर्ने कारण खोली पर्चा खडा गरी बढीमा पैंतीस दिनसम्म थुनामा राख्ने आदेश दिन सक्नेछ। यस्तो मुद्दा तीन महिनाभित्र फैसला गरिसक्नु पर्नेछ। तर जरिवानाको सजायले मात्र पर्याप्त नभई कैदको सजायसमेत गर्नु पर्ने देखिएमा बढीमा दुई वर्षसम्म कैद गर्नको लागि पुनरावेदन सुन्ने अदालतमा साधक जाहेर गर्नेछ। पहिलो पटकको कसूर भए कसूर हेरी सजाय नगरी कसूरदारलाई अब उप्रान्त यस्तो कसूर गर्ने छैन भन्ने कागज गराई छाड्न सक्नेछ।[४१]

दफा ७ अनुसार यस ऐनअन्तर्गतका मुद्दा श्री ५ को सरकार वादी हुनेछ। यस ऐनअन्तर्गत सजाय हुने कसूरमा अन्य प्रचलित नेपाल कानुनबमोजिम कारवाही चलाउन सकिनेछ। तर, यो ऐनअन्तर्गत सजाय हुने कुनै कसूरमा यो ऐनअन्तर्गत कारवाही र सजाय भइसकेपछि सोही कसूरमा अन्य कानुनअन्तर्गत कारवाही र सजाय गर्न भने सकिने छैन।[४२]

---

३८. दफा ३, केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७

३९. दफा ४, केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७

४०. दफा ५, केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७

४१. दफा ६, केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७

४२. दफा ८, केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७

चन्दा ऐन, २०३०

मिति २०३०/५/१५ मा लालमोहर लागि प्रकाशनमा आएको चन्दा सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०३० को प्रस्तावनामा सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न शैक्षिक, सामाजिक संस्था तथा अन्य विकास कार्यको लागि सर्वसाधारण जनताबाट चन्दा प्राप्त गर्न यो ऐन बनाइएको हो। न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ र केही नेपाल ऐन, संशोधन गर्ने ऐन, २०५५ द्वारा दुइ पटक संशोधन गरिसकिएकोछ। ऐनको दफा २ मा समिति, चन्दाको रकम जस्ता शब्दहरूको परिभाषा दिइएकोछ।

दफा ३ मा श्री ५ को सरकारको पूर्व स्वीकृति लिई धार्मिक, परोपकारी वा अन्य सार्वजनिक कार्यको लागि कसैले स्वेच्छाले दर नतोकी चन्दा लिन-दिन बाहेक कुनै व्यक्ति वा सरकारी वा गैर सरकारी कार्यालय वा संस्थाले कसैबाट चन्दा उठाउन वा लिन हुँदैन भनी चन्दा उठाउने कार्यलाई प्रतिबन्ध लगाइएकोछ। तर कुनै अञ्चल स्तरीय समितिबाट खासगरी शैक्षिक, सामाजिक, संस्था तथा अन्य विकास कार्यको लागि यस ऐन अन्तर्गत बनेको नियममा तोकिए बमोजिम खर्च गर्ने गरी चन्दा उठाउन सकिनेछ।

चन्दा संकलन समितिको गठन दफा ४ मा गरिएकोछ। चन्दा उठाउन आवश्यक र उपयुक्त देखिएमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी स्थानीय उद्योग वाणिज्य संघ तथा शैक्षिक संघ संस्था समेतको प्रतिनिधित्व हुने गरी बढीमा एघार सदस्यहरू रहेको चन्दा संकलन समिति गठन गर्न सक्नेछ। यस्तो समितिमा रहने अध्यक्ष तथा सदस्यहरूको पदावधि तथा समितिको वैठक सम्बन्धी कार्यविधि उक्त समिति गठन गर्दा प्रकाशित सुचनामा तोकिए बमोजिम हुनेछ र आवश्यक सम्झेमा सम्बन्धित जिल्ला विकास समितिको सभापतिको अध्यक्षतामा जिल्ला स्तरीय उपसमितिहरू गठन गर्न सक्नेछ।

समितिले चन्दा उठाउनको लागि चन्दाबाट उठाउनु पर्ने रकम) र सो रकम कसरी उठाउने हो सो कुरा निश्चित गरेपछि सो र सो रकम खर्च गरिने कार्य वा योजनाको सम्बन्धमा विस्तृत विवरण खोली श्री ५ को सरकारको स्वीकृतिको लागि पेश गरी स्वीकृति प्राप्त भएपछि मात्र सो बमोजिम चन्दा उठाउन सकिनेछ।[४३] चन्दा रसिद छपाई सो रसिदको आधारमा मात्र चन्दा उठाउनु पर्छ। जसमा चन्दा रसिदमा सो छाप्ने छापाखानाको नाम र ठेगाना छापिएको हुनुपर्छ, चन्दा रसिदमा सिलसिलेवार नम्बर हुनुपर्छ, चन्दा किताबको प्रत्येक पृष्ठमा रहने रसिदका तीन प्रतिहरू अनिवार्य रूपमा छपाउनु पर्नेछ। ती तीन प्रतिहरू मध्ये एक प्रति चन्दा दातालाई, एक प्रति चन्दा संकलनकर्ता कहाँ र एकप्रति महालेखा परिक्षकको कार्यालयमा पठाउनु वा रहनु पर्छ, चन्दा संकलनको निमित्त छपाउने रसिदमा दाताले दिने नगदी जिन्सी भन्ने शब्दहरू पनि

४३. दफा ५, चन्दा ऐन २०३०

छापाखानाबाट छापिएको हुनुपर्छ र चन्दाको प्रत्येक रसिदमा समितिको कार्यालयको छाप र सदस्य सचिवको हस्ताक्षरको निस्सा लागेको हुनुपर्छ।[४४]

दफा ७ अनुसार ऐन बमोजिम उठाइएको वा उठाउने चन्दाको लेखा श्री ५ को सरकारको सामान्य आर्थिक नियम अनुसार नै राख्नु पर्छ। चन्दाको रकममध्ये नगदका हकमा नजिकमा नेपाल राष्ट्र बैंक वा कुनै वाणिज्य बैंक वा माल वा कोष तथा तहसील कार्यालयमा जम्मा गरी खाताको सञ्चालन समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट गर्नुपर्छ, जिन्सी सम्बन्धमा नाप तौल सहितको पूर्ण विवरण तयार गरी हिनामिना हुन नपाउने पूरा प्रबन्ध गरी सुरक्षित राख्नु पर्छ। यो ऐन बमोजिम राखिएको श्रेस्ता श्री ५ को सरकार वा लेखा परीक्षक वा समितिले हेर्न खोजेको बखत देखाउनु पर्छ र हाल साविक हुँदा ३५ दिन वा समितिले तोकेको बढी म्यादभित्र बुझबुझारथमा चलाउनु पर्छ।

यस ऐन बमोजिम उठाइएको चन्दाको रकमको उपयोग र संकलन गर्ने कार्यविधि माथि उल्लेख गरिए अनुसार गरी समितिले आफै व्यवस्थित गर्नेछ।[४५] यस ऐन बमोजिम जुन कार्य सञ्चालन गर्नको लागि चन्दा उठाएको हो सो कार्य अन्य कुनै स्रोतबाट सञ्चालन हुने भएमा वा कारणबस त्यसको कार्यान्वयन नहुने भएमा त्यसरी उठेको चन्दाको रकमलाई अन्य कुनै कार्यमा उपयोग गर्नको लागि रकमान्तर गर्नु परेमा श्री ५ को सरकारको स्वीकृति प्राप्त गर्नु पर्नेछ।[४६] दफा १० अनुसार चन्दाको आम्दानी खर्चको फाँटबारी र सो चन्दाबाट भएको कामको विवरण समेत प्रत्येक आर्थिक वर्षमा एक पटक प्रकाशित गर्नु गराउनु पर्छ।

चन्दा उठाउने व्यक्तिले चन्दा उठाउँदा चन्दा दाताले दिएको चन्दाको रकमको अङ्क, अक्षर वा नाप, तौल आवश्यकता अनुसार स्पष्ट खुलाई तीन प्रति रसिदमा लेखी दस्तखत गर्नुपर्छ। तर सीसाकलम वा अरू उड्ने मसीबाट लेख्न र दस्तखत गर्नु हुँदैन।[४७] श्री ५ को सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालन गर्नु समितिको कर्तव्य हुनेछ।

यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरूको बर्खिलाप हुने गरी वा करकाप गरी चन्दा उठाउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा दुई हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ र त्यसरी उठाइएको चन्दाको रकम समेत निजबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ। र यस ऐन अन्तर्गतको मुद्दा श्री ५ को सरकार वादी हुनेछ र सो मुद्दाको कारवाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ।[४८]

---

४४. दफा ६, चन्दा ऐन २०३०

४५. दफा ८, चन्दा ऐन २०३०

४६. दफा ९, चन्दा ऐन २०३०

४७. दफा ११, चन्दा ऐन २०३०

४८. दफा १३-१४, चन्दा ऐन २०३०

जासूसी ऐन, २०१८

मिति २०१८/१२/२९ मा लालमोहर लागि प्रकाशित भएको जासूसी, खुपिया तथा गुप्तचरको काम गर्ने गराउनेलाई सजाय दिन बनेको ऐन, २०१८ को प्रस्तावनामा नेपाल अधिराज्यको सुरक्षा कायम राख्न नेपाल अधिराज्यको विरूद्ध जासूसी, खुपिया तथा गुप्तचरको काम गर्नबाट रोक्न र त्यस्तो काम गर्ने गराउनेलाई सजाय दिने व्यवस्था गर्न वाञ्छनीय भएकोले, यस ऐन जारी गरिएको भनिएको छ। यो ऐनलाई हालसम्म चार[४९] पटक संशोधन गरिसकिएको छ।

दफा २ मा सैनिक स्थिति, सामरिक व्यवस्था, आन्तरिक सुरक्षाको व्यवस्था, यन्त्र, सूचना र सूचित आदेश जस्ता शब्दहरूको परिभाषा गरिएको छ।

कुनै व्यक्तिले नेपाल अधिराज्यभित्र वा बाहिर नेपाल अधिराज्यको हित वा सुरक्षामा कुनै प्रतिकूल प्रभाव पार्ने उद्देश्यले वा कुनै विदेशी राज्यको हितको लागि त्यस्तो विदेशी राष्ट्रबाट कुनै किसिमको प्रलोभन प्राप्त गरी वा नगरी कुनै व्यक्तिलाई सैनिक स्थिति, सामरिक व्यवस्था वा आन्तरिक सुरक्षाको व्यवस्थाको सुचना दिएमा वा सो दिन उद्योग गरेमा वा दुरूत्साहन दिएमा वा त्यस्तो सूचना दिने उद्देश्यले सामग्री एकत्रित गरेमा वा त्यस्तो सुचना पाओस् भन्ने उद्देश्यले कुनै काम कुरा सुलभ पारी दिएमा वा सुलभ पारी दिनेतर्फ उद्योग गरेमा त्यस्तो व्यक्तिले जासुसी कसूर गरेको मानिनेछ। र श्री ५ को सरकारको तर्फबाट गोप्य राखिएको कुनै कूटनैतिक लेखोट वा अन्य कुनै गोप्य सरकारी कागजात सम्बन्धी लेखोटको सूचना दिएमा वा सो दिन उद्योग गरेमा वा त्यस्तो सूचना दिन दुरूत्साहन दिएमा त्यस्तो व्यक्तिले जासूसी गरेको मानिनेछ।[५०]

कुनै व्यक्तिले जासुसी कसुर गरेको छ र त्यस्तो व्यक्तिसँग सैनिकस्थिति सामरिक व्यवस्था वा आन्तरिक सुरक्षा व्यवस्था सम्बन्धी कुनै किसिमको नोट, प्लान, मोडेल वा स्केच वा श्री ५ को सरकारको तर्फबाट गोप्य राखिएका कुनै किसिमको सरकारी कागजात सम्बन्धी लेखोट छ भन्ने भरपर्दो शंका लागेमा श्री ५ को सरकारले त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्न वा जुनसुकै समय त्यस्तो व्यक्तिको घर जग्गामा प्रवेश गरी खानतलासी गर्न वा निजको जीउ वा त्यस्तो मालसामान भएको शंका लागेको बाकस, पोको, गुन्टा वा अन्य कुनै मालसामानको खानतलासी गर्न वारेन्ट जारी गर्न सक्नेछ र खानलासी गर्दा प्राप्त हुन आएको त्यस्तो नोट, प्लान, मोडेल, स्केच वा गोप्य राखिएका सरकारी कागजात सम्बन्धी लेखोट वा जासुसी सम्बन्धी अन्य कुनै मालसामान कब्जा गर्न सक्नेछ। तर खानतलासी गर्न पाउने वा कुनै कसुरदारलाई गिरफ्तार गर्न

---

४९. नेपाल ऐनहरू संशोधन गर्ने, खारेज गर्ने र पुन: व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९, न्याय प्रशासन सुधार (पहिलो संशोधन) ऐन, २०३३, जासूसी (पहिलो संशोधन) ऐन, २०३५ र न्याय प्रशासन ऐन, २०४८

५०. दफा ३, जासूसी ऐन, २०१८

पाउने वारेन्ट प्राप्त गर्न केही समय लाग्ने भई कसुरदार भागी जाने वा कसुरको सबूद गायव गरिने सम्भावना देखिएमा त्यस कुराको लिखित पर्चा खडा गरी श्री ५ को सरकारले विना वारेन्ट त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्न वा जुनसुकै समय पनि त्यस्तो व्यक्तिको घर जग्गाभित्र प्रवेश गरी खानतलासी गर्न वा निजको जीउ वा त्यस्तो मालसामान भएको शंका लागेको बाकस, पोका, गुन्टा वा अन्य कुनै मालसामानको खानतलासी गर्न सक्नेछ र खानतलासी गर्दा प्राप्त हुन आएको त्यस्तो नोट, प्लान, मोडेल, स्केच गोप्य राखिएको सरकारी कागजात सम्बन्धी लेखोट वा जासुसी सम्बन्धी अन्य कुनै मालसामान उपर कब्जा गर्न सक्नेछ। र जासुसी कसुर गर्ने व्यक्ति कुनै किसिमको सवारीद्वारा भाग्न लागेमा श्री ५ को सरकारले त्यस्तो सवारी रोक्न वा तोकिएको ठाउँमा उतार्न सक्नेछ।[५१]

जासुसी कसुर गरेको थाहा पाउने प्रत्येक व्यक्तिले नजिकको प्रहरी ठानामा सो कुराको जनाउ दिनु पर्छ। जासुसी कसुर गर्ने व्यक्तिलाई कुराको गम्भिर्यता हेरी पाँच वर्षदेखि जन्मभरसम्म कैद, पाँच वर्षदेखि दश वर्षसम्म कैद, जासुसी कसुर गरेको थाहा पाइ जनाउ नदिने व्यक्तिलाई चार वर्षसम्म कैद वा बीस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय र गैर नेपाली नागरिक भए सो भुक्तान असुल भएपछि श्री ५ को सरकारले निजलाई नेपाल अधिराज्यबाट निस्काशित गर्न सक्नेछ।

मुद्दाको पुर्पक्षको लागि अभियुक्तलाई थुनामा राख्न सकिने व्यवस्था दफा ७ ले गरेकोछ। यस ऐन अन्तर्गतको मुद्दा सरकारवादी भई हेरिनेछ। श्री ५ को सरकारले अधिकार दिएको अदालतमा वाहेक अरू कुनै अदालतमा यस ऐन अन्तर्गतको अपराधमा मुद्दा चल्न सक्दैन र त्यस्तो अदालतको फैसला उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्दछ।[५२]

---

५१. दफा ४, जासूसी ऐन, २०१८

५२. दफा १०, जासूसी ऐन, २०१८

नागरिक अधिकार ऐन, २०१२

मिति २०१२/७/१८ मा लालमोहर सदर भई २०१२/८/३ मा नेपाल राजपत्रमा प्रकाशित भएको नागरिक अधिकार ऐन, २०१२ जनतालाई नागरिक अधिकार प्रदान गर्न र सो लागू गर्नको लागि कार्यविधि तयार गर्न जारी गरिएको हो। विदेशीहरूसम्बन्धी ऐन, २०१५ द्वारा दुई पटक, केही नेपाल कानुन (संशोधन र पुनः व्यवस्थापन) ऐन, २०२० द्वारा दुई पटक र नागरिक अधिकार (पहिलो संशोधन) ऐन, २०३५ द्वारा दुई पटक संशोधन गरिसकिएकोछ।

दफा २ को परिभाषा अनुसार यस ऐनमा "नागरिक" भन्नाले नेपालको संविधानको धारा ७[५३] र नेपाल नागरिकता ऐन, २०२० बमोजिमको नेपालको नागरिकलाई सम्झनुपर्छ।

दफा ३ ले प्रचलित नेपाल कानुनको अधीनमा रही कानुनको अगाडि समानता र कानुनको समान संरक्षण कुनै नागरिकलाई पनि इन्कार गरिने छैन। कुनै सरकारी पदमा नियुक्ति गर्दा श्री ५ को सरकारले योग्यताको आधारमा मात्र नियुक्ति गर्नेछ र सरकारी सेवा वा अरू कुनै सार्वजनिक सेवाको नियुक्तिमा कुनै पनि नागरिकमाथि केवल धर्म, वर्ण, लिङ्ग, जात, जाति वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन भन्ने उल्लेख गरेकोछ।[५४]कुनै विशेष वर्गका[५५] निमित्त विशेष व्यवस्था गर्ने श्री ५ को सरकारको अधिकार हुनेछ।[५६]

दफा ६ अनुसार प्रचलित नेपाल कानुनको अधीनमा रही सबै नागरिकहरूलाई वाक् र प्रकाशन स्वतन्त्रता, शान्तिपूर्वक र विनाहतियारको सम्मेलन सभा गर्ने, संस्था वा संघ खडा गर्ने, नेपाल राज्यभर विनारोकटोक घुमफिर गर्ने, नेपाल राज्यभर जुनसुकै भागमा पनि निवास गर्ने र घरजम गर्ने, सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, कुनै पेशा, रोजगार, उद्योग वा व्यापार गर्ने अधिकारहरू हुनेछ।

प्रचालित नेपाल कानुन बमोजिम बाहेक कुनै धार्मिक सम्प्रदायका धार्मिक र गुठी सदावर्त संस्थाहरू कायम गर्ने चलाउने, धर्मसम्बन्धी र सामाजिक संसर्ग (सोसल इन्टरकोर्स) को लागि आफ्नो व्यवस्था गर्ने, सम्पत्ति जम्मा गर्ने, आफ्नो नाउँमा राख्ने र

---

५३. यो संविधान प्रारम्भ भएपछि जन्मेको कुनै व्यक्तिको बाबु निजको जन्म हुँदा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ। नेपाल अधिराज्यभित्र फेला परेको पितृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबुको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिनेछ। नेपाल अधिराज्यमा गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा सो क्षेत्र भित्र बसोवास भएको व्यक्ति प्रचलित कानुनका अधीनमा रही नेपालको नागरिक हुनेछ। यो संविधान प्रारम्भ भएपछि विदेशीलाई नेपालको नागरिकता प्राप्त भएको।

५४. दफा ४, नागरिक अधिकार ऐन, २०१२

५५. स्त्री जाति, बालक वर्ग र कुनै अनुन्नत नागरिक,

५६. दफा ५, नागरिक अधिकार ऐन, २०१२

प्रचलन गर्ने हकहरूमा कसैले हस्तक्षेप गर्न हुँदैन। प्रचलित नेपाल कानुनको अख्तियार विना लगाइने वा असूल गरिने छैन र कुनै कर कानुनको अख्तियार विना कर लगाइने वा असूल गरिने छैन।[५७] दफा १० मा नागरिकको बासस्थानको रक्षाको व्यवस्था गरिएकोछ जसअनुसार प्रचलित नेपाल कानुनको अख्तियार विना कुनै नागरिकको बासस्थानमा जबर्जस्ती प्रवेश गर्न हुँदैन।

कुनै व्यक्तिलाई पनि तत्काल प्रचलित नेपाल कानुनले सजाय नहुने कुनै काम गरे वापत कुनै सजाय हुने छैन र कसूर गर्दाको अवस्थामा प्रचलित नेपाल कानुनमा तोकिएभन्दा बढी सजाय दिइने छैन। र कुनै व्यक्तिउपर एकै अपराधमा एक पटकभन्दा बढ्ता मुद्दा चलाइने र दण्ड सजाय नगरिनु का साथै कुनै अपराधको बात लागेको मानिसलाई आफ्नो विरूद्ध साक्षी हुन कर लाग्ने छैन। प्रचलित नेपाल कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रता हरिने र इच्छाविरूद्ध काममा लगाउन, नाबालकलाई उद्योग इत्यादिमा काम लगाउनमा निषेध गरिएकोछ।[५८]

दफा १५ अनुसार प्रचलित नेपाल कानुनले अन्यथा हुनेमा बाहेक, व्यक्तिलाई गिरफ्तारी गर्न पाइने छैन। यदि गिरफ्तार गरिएमा गिरफ्तारीका कारणसहितको सूचना यथाशक्य चाँडो दिनु पर्दछ, कानुनी व्यवसायी वा कानुनबमोजिमको वारिससँग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने अधिकारबाट बञ्चित गरिने छैन। र प्रचलित नेपाल कानुनले अन्यथा हुनेमा बाहेक गिरफ्तार गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई बाटोको म्याद बाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउनु पर्छ र कुनै पनि व्यक्तिलाई त्यस्तो अधिकारीको आदेशले बाहेक सो अवधिभन्दा बढी थुनामा राख्नु हुँदैन।

दफा १६ अनुसार ऐन विरूद्ध थुनामा परेमा, गिरफ्तार भएका वा थुनिएका व्यक्ति आफैले वा अरू कसैमार्फत बन्दी प्रत्यक्षीकरणको आदेशको निमित्त क्षेत्रीय अदालतमा वा अञ्चल अदालतमा उजूर दिन सक्नेछ। यस ऐनद्वारा प्रदत्त आफ्नो कुनै अधिकारमा कसैले आघात गर्ने शंका लागेमा अञ्चल अदालतमा र अञ्चल अदालत टाढा भए क्षेत्रीय अदालतमा उजूर दिन सक्नेछ। कसैले कसैको यस ऐनद्वारा प्रदत्त अधिकारमा आघात गरेमा अवस्था हेरी सम्बन्धित अदालतले ठहर गरेबमोजिमको क्षतिपूर्ति अधिकार आघात भएको व्यक्तिलाई दिनु पर्नेछ।[५९]

दफा १८ अनुसार श्री ५ को सरकार उपर मुद्दा चलाउने अधिकार हुन्छ। श्री ५ को सरकारउपर या सरकारी काम काजमा कुनै सरकारी कर्मचारीउपर कुनै किसिमको मुद्दा दायर गर्दा २ महिना अगावै देहायबमोजिम सो कर्मचारीलाई या सम्बन्धित कार्यालयमा लिखित सूचना बुझाउनु र हुलाकद्वारा रजिष्टरी गरी पठाउनु पर्छ। मुद्दा चलाउनु पर्ने कारण भएको मितिले आठ महिनाभित्र उजूर नगरे कुनै अदालतमा त्यस्तो मुद्दा चल्न सक्ने छैन।

---

५७. दफा ९ -८, नागरिक अधिकार ऐन, २०१२

५८. दफा १२-१४, नागरिक अधिकार ऐन, २०१२

५९. दफा १७, नागरिक अधिकार ऐन, २०१२

नेपाल विशेष सेवा ऐन, २०४२

नेपाल विशेष सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०४२ मिति २०४२/५/१२/४ मा लालमोहर लागि प्रकाशन भएको हो। नेपाल अधिराज्यको सुरक्षा कायम राख्न नेपाल विशेष सेवाको गठन र तत्सम्बन्धी सेवा शर्त सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले, यो ऐन बनाइएको प्रस्तावनामा उल्लेख गरिएकोछ। नेपाल विशेष सेवा (पहिलो संशोधन) ऐन, २०४७ ले २०४७/१२/२९ मा संशोधन गरिएको छ। सेवा, कार्यालय जस्ता शब्दहरूको परिभाषा ऐनले गरेकोछ। श्री ५ को सरकारले नेपाल विशेष सेवाको गठन गर्न सक्नेछ।[६०]

दफा ४ मा सेवा सम्बन्धी कार्य सञ्चालन गर्न गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय अनुसन्धान विभागको स्थापना हुने उल्लेख गरिएको छ। यसरी स्थापना भएको राष्ट्रिय अनुसन्धान विभागको रेखदेख तथा नियन्त्रणमा रहने गरी आवश्यकता अनुसार क्षेत्रीय, अञ्चल र जिल्लास्तरीय कार्यालयहरू स्थापना हुन सक्नेछन्। श्री ५ को सरकारले आवश्यक ठानेका विषयमा राष्ट्रिय अनुसन्धान विभागलाई अनुसन्धान गर्न लगाउन सक्नेछ। अनुसन्धान गर्ने सिलसिलामा अनुसन्धान गर्ने अधिकृतले प्रहरी ऐन, २०१२ बमोजिम प्रहरीलाई भएको अधिकार प्रयोग गर्न सक्नेछ। र अनुसन्धान विभागले गरेको अनुसन्धानबाट कुनै अनियमितता भएको देखिन आएमा श्री ५ को सरकारले सम्बन्धित व्यक्ति उपर प्रचलित कानुन बमोजिम मुद्दा चलाउनेछ।[६१]

कार्यालयको परिचयपत्र लिई आउने कर्मचारीलाई सरकारी कार्यालय वा व्यक्तिले कार्यालय सम्बन्धी काममा सहयोग गर्नुपर्ने छ।[६२] कर्मचारीहरूको नियुक्ति, सरूवा, बढुवा र बर्खास्ती तथा सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछ।[६३] सजाय हुने कसुरसम्बन्धी मुद्दामा बाहेक सेवाका कर्मचारी वा सेवाका काममा लगाइएका व्यक्तिले आफ्नो कर्तव्य पालनाको सिलसिलामा संकलन गरेको खबर कहिले, कसलाई दिएको वा के कस्तो खबर संकलन गरेको भन्ने विषयलाई लिएर त्यस्तो कर्मचारी वा व्यक्तिलाई कुनै पनि निकाय, अधिकारी वा अदालतसमक्ष प्रश्न गरिने र उपस्थिति गराइने छैन। त्यस्तै कार्यालयमा रहेको गोप्य कागजात अधिकारप्राप्त अधिकारी बाहेक अन्य कुनै पनि निकाय, अधिकारी वा अदालतमा प्रस्तुत वा प्रकट गर्न कसैलाई बाध्य गराइने छैन।[६४]

दफा ८ अनुसार सेवाको कर्मचारीले आफ्नो पदको दुरूपयोग गर्न वा सेवाको काममा लगाइएका अन्य व्यक्तिले आफ्नो कर्तव्य बर्खिलाप काम गर्न हुँदैन। सेवाको

---

६०. दफा ३, नेपाल विशेष सेवा ऐन, २०४२

६१. दफा ५.क, नेपाल विशेष सेवा ऐन, २०४२

६२. दफा ५ ख, नेपाल विशेष सेवा ऐन, २०४२

६३. दफा ६, नेपाल विशेष सेवा ऐन, २०४२

६४. दफा ७, नेपाल विशेष सेवा ऐन, २०४२

कर्मचारी वा सेवाको काममा लगाइएका व्यक्तिले सेवामा वा सेवाको काममा छँदै वा सेवाबाट वा सेवाको कामबाट अलग भइसकेपछि पनि सेवाको कामसम्बन्धी गोप्यता कुनै तरिकाले भंग गर्न हुँदैन।

यस ऐनको बर्खिलाप काम गर्ने सेवाको कर्मचारी वा सेवाको काममा लगाइएका कुनै व्यक्तिलाई कसुरको मात्रा हेरी दश वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ र त्यस्तो कसुर गर्ने व्यक्तिबाट धन सम्पत्तिको नोक्सान भएको रहेछ भने क्षति निजको आफ्नो अंश भागको हुने चल अचल सम्पत्ति लिलाम गरी त्यसबाट भराइनेछ। त्यसरी भराई दिंदा क्षतिपूर्ति दिनु पर्ने रकम निजको त्यस्तो सम्पत्तिबाट उपर हुन नसकेमा बाँकी रकम बापत प्रचलित कानुन बमोजिम जरिवाना नतिरेसरह गरी कैद हुनेछ।

यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दा हेर्ने अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गठन गरेको वा तोकेको अदालतलाई हुनेछ। मुद्दामा कारवाही र किनारा गर्दा विशेष अदालत ऐन, २०३१ बमोजिमको कार्यविधि अपनाउनेछ। अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ र त्यस्तो पुनरावेदनको कारवाही र किनारा सर्वोच्च अदालतको घटीमा तीन जना न्यायाधीशको इजलासबाट हेरिनेछ।[६५] यस ऐन बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दाको पुर्पक्ष गर्दा र पुनरावेदनको कारवाही र निर्णय गर्दा बन्द इजलासमा गरिनेछ।

---

६५. दफा १०, नेपाल विशेष सेवा ऐन, २०४२

प्रहरी ऐन, २०१२

नेपालभर मुलुकको प्रहरी फोर्सको पुनर्गठन गर्न र त्यसलाई अपराध रोक्ने र पत्ता लगाउने सुयोग्य साधन बनाई शान्ति र व्यवस्था कायम राख्न आवश्यक देखिएकोले २०१२/६/३१ मा लालमोहर लागि प्रकाशन भएको हो। नेपाल प्रहरी फोर्सको गठन र व्यवस्था गर्ने बारे र प्रहरी कर्मचारीको काम र कर्तव्य निर्धारित गर्ने बारेको ऐन, केही नेपाल कानुन (संशोधन र पुन: व्यवस्थापन), ऐन, २०२० (२०२०/११/१६), प्रहरी (पहिलो संशोधन) ऐन, २०२९ (२०२९/६/५), प्रहरी (दोश्रो संशोधन) ऐन, २०३१ (२०३१/६/५), प्रहरी (तेश्रो संशोधन) ऐन, २०३५ (२०३५/५/२९), प्रहरी (चौथो संशोधन) ऐन, २०४२ (२०४२/४/२४) र प्रहरी (पाँचौ संशोधन) ऐन, २०४८ (२०४८/८/४) गरी ६ पटक संशोधन गरिएको छ।

अधिकृत, जवान, अञ्चल उपरीक्षक, प्रहरी, प्रहरी कर्मचारी, मातहत दर्जा, राजपत्रांकित अधिकृत जस्ता शब्दहरूको परिभाषा ऐनमा दिइएको छ।[६६]

परिच्छेद-२ मा प्रहरी फोर्सको गठन, रेखदेख र नियन्त्रण बारे उल्लेख गरिएको छ। नेपाल अधिराज्यको लागि एक वा एकभन्दा बढी प्रहरी फोर्सहरू रहनेछन्। प्रहरी फोर्सको गठन र त्यसमा रहने प्रहरी कर्मचारीहरूको संख्या श्री ५ को सरकारले समय-समयमा तोकिदिएबमोजिम हुनेछ।[६७] प्रहरी फोर्सको अधिकृत र जवानहरूको तलब र सेवाका अन्य शर्त श्री ५ को सरकारले समय-समयमा निर्धारण गरेबमोजिम हुनेछ। श्री ५ को सरकारको अधिकारी: प्रहरीको रेखदेख र नियन्त्रण गर्ने र प्रहरीलाई निर्देशन दिने अधिकार श्री ५ को सरकारलाई हुनेछ र श्री ५ को सरकारको आदेश र निर्देशन पालन गर्नु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।[६८] प्रहरी प्रशासनको जिम्मेवारी प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षक र श्री ५ को सरकारले उपयुक्त सम्झेका नायब महानिरीक्षक को हुनेछ।[६९]

श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकतानुसार अञ्चल प्रहरी कार्यालयमा प्रहरी वरिष्ठ उपरीक्षक वा प्रहरी उपरीक्षकको र जिल्ला प्रहरी कार्यालयमा प्रहरी उपरीक्षक, प्रहरी नायब उपरीक्षक वा प्रहरी निरीक्षक नियुक्त गर्न सक्नेछ र आफ्नो अञ्चलको प्रहरी प्रशासनको जिम्मेवारी अञ्चल प्रहरी उपरीक्षकको हुनेछ।[७०] जिल्लास्तरीय प्रहरी कर्मचारीहरू शान्ति सुरक्षा सोसम्बन्धी प्रशासनका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको नियन्त्रण र निर्देशनमा रहनेछन्।[७१]

---

६६. दफा २, प्रहरी ऐन, २०१२
६७. दफा ३, प्रहरी ऐन, २०१२
६८. दफा ४, प्रहरी ऐन, २०१२
६९. दफा ५, प्रहरी ऐन, २०१२
७०. दफा ७, प्रहरी ऐन, २०१२
७१. दफा ८, प्रहरी ऐन, २०१२

परिच्छेद-३ मा प्रहरी फोर्सको नियन्त्रण र अनुशासन बारे उल्लेख गरिएको छ जस अनुसार राजपत्रांकित प्रहरी अधिकृतको नियुक्ति र बढुवा श्री ५ को सरकारबाट र अन्य मातहत दर्जाका प्रहरी कर्मचारीहरूको नियुक्त र बढुवा प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायब महानिरीक्षक वा अञ्चल उपरीक्षकबाट तोकिएबमोजिम हुनेछ र सोही बमोजिम बर्खास्त गर्न, सेवाबाट हटाउन, दर्जा वा तलब घटाउन वा अरू सजाय गर्न सक्नेछ।[७२] प्रहरी कर्मचारी श्री ५ को सरकारको इच्छा अनुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहनेछन्।

मातहत दर्जाका प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालन गर्दा असावधानी वा लापरवाही गरेमा, कर्तव्य पालन गर्न अयोग्य भएमा, अनुशासन भंग गरेमा, अन्यथा अनुचित आचरण गरेमा, तोकिएको अधिकृतले बर्खास्त गर्न, सेवाबाट हटाउन, दर्जा वा तलब घटाउन वा आवश्यक सम्झे तोकिएबमोजिम एक महिनाको तलबसम्म जरिवाना गर्ने, सजायको कवाज, थप गार्ड वा फ्याटिग (शारीरिक थकाई हुने) वा अरू ड्यूटी गराई वा नगराई १५ दिनसम्म क्वार्टरमा नजरबन्द राख्ने,महत्वपूर्ण जिम्मेवारीको पदबाट हटाउने वा विशेष तलब भत्ता पाएको झिक्ने आदि सजाय गर्न सक्दछ।[७३]

परिच्छेद-४ मा प्रहरी कर्मचारीको कर्तव्य र अधिकारका बारेमा उल्लूख गरिएको छ। जसमा प्रहरी कर्मचारीहरू हरहमेशा ड्यूटीमा रहनुपर्ने[७४] र प्रहरी कर्मचारीले यो ऐन वा अरू कुनै प्रचलित ऐनबाट पाएको अख्तियारभन्दा बढी अधिकार वा अख्तियार प्रयोग गर्न पाउँदैन।[७५] प्रहरी कर्मचारीको कर्तव्य निम्नानुसार हुन्छ। [७६]

(क) अधिकार प्राप्त अधिकारीले कानुनबमोजिम दिएको आदेश र जारी गरेको वारेण्ट तदारूकतासाथ पालन तथा तामेल गर्नु।

(ख) शान्ति र व्यवस्थालाई असर पार्ने खालको खबर संकलन गर्नु र माथिल्लो अधिकारीलाई जानकारी दिनु।

(ग) अपराधको रोकथाम गर्नु जनतालाई अनावश्यक झन्झटमा पर्नबाट बचाउ गर्नु।

(घ) अपराधीहरू पत्ता लगाउनु र अपराधीलाई कानुनबमोजिम सजाय गराउनु।

(ङ) कानुनबमोजिम पक्रन पर्ने व्यक्तिलाई र पक्रनुपर्ने पर्याप्त कारण भएका व्यक्तिहरूलाई पक्रनु।

(च) प्रचलित कानुनबमोजिम गर्नुपर्ने कर्तव्य पालन गर्ने।

(छ) असमर्थ र असहाय भई बाटो घाटोमा परिरहेका व्यक्तिहरूलाई आफूबाट हुन सक्ने हर किसिमको मद्दत दिने र जोखिम किसिमका र आफ्नु हेरचाह

---

७२. दफा ९, प्रहरी ऐन, २०१२

७३. दफा ९.४, प्रहरी ऐन, २०१२

७४. दफा १२, प्रहरी ऐन, २०१२

७५. दफा १३, प्रहरी ऐन, २०१२

७६. दफा १५, प्रहरी ऐन, २०१२

गर्न नसक्ने किसिमका अम्मल खाएका व्यक्ति वा बौलाहाहरूको जिम्मा लिने।

(ज) पक्राउ भएका वा थुनामा रहेका व्यक्ति घायल र विरामी भएकामा चाहिने कारवाही तुरून्त गर्न र त्यस्तालाई पहरा दिँदा वा अन्त लाँदा निजको व्यवस्थाको उचित ख्याल राख्ने।

(झ) पक्राउ भएका वा थुनामा रहेका व्यक्तिहरूलाई चाहिने सिधा र बासको इन्तजाम गर्ने।

(ञ) खानतलासी गर्दा असभ्य व्यहवार नगर्ने र नचाहिने हैरानी नदिने।

(ट) सर्वसाधारण जनतासँग शिष्ट व्यवहार गर्ने र स्वास्नी मानिस र केटाकेटीहरूसँग व्यहवार गर्दा पूरा इज्जत र मनासिब नम्रतासाथ व्यवहार गर्ने।

(ठ) आगोबाट हानी नोक्सानीको बचाउ गर्न सकभर कोशिश गर्ने।

(ड) जनतालाई दुर्घटना वा खतराबाट बचाउन सकभर कोशिश गर्ने।

कुनै उद्देश्यको प्राप्तिको लागि लागू औषध वा मदिरा बिक्री गर्ने र सेवन गराउने, भट्टी पसल, होटल, लज, रेष्टुराँ, जुवा खेलिरहेको ठाउँ, साधारणत: चरित्रहीन र बदमासहरू भेला हुने कुनै ठाउँमा बिनावारेण्ट प्रवेश गर्न र निरीक्षण गर्न कम्तिमा सहायक निरीक्षकसम्म दर्जाको प्रहरी अधिकृतलाई अधिकार हुनेछ। दफा १६ अनुसार वारेण्ट इत्यादि जारी गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीको हुनेछ।

प्रहरी कर्मचारीले बिनावारेण्ट जुनसुकै सार्वजनिक ठाउँमा कानुनले ३ वर्ष वा त्यसभन्दा बढी कैदको सजाय हुने अपराध गरेको वा गर्न आँटेको छ भन्ने थाहा भएको व्यक्ति, फरार घोषित गरिएको पक्रनु पर्ने अपराधी, कर्फ्यू लागेको टाइममा शंका पर्ने गरी हिँडडुल गरी रहेका व्यक्ति, मनासिब कारण नभई रातमा हातहतियार खरखजान वा रातमा घर फोर्ने औजार साथमा भएको व्यक्ति, कानुनअनुसार थुनिएका ठाउँबाट भागेको वा भाग्न उद्योग गर्ने व्यक्ति, नेपाल सेना वा प्रहरी फोर्स छाडी भागेको भन्ने मनासिब शंका परेका व्यक्तिलाई गिरफ्तार गर्न हुन्छ र यस्ता व्यक्तिलाई बाटाको मनासिब माफिकको म्याद बाहेक २४ घण्टाभित्र सकभर चाँडै अदालतमा पेश गर्नुपर्छ। आफ्ना सामुन्ने कुनै चल, अचल सार्वजनिक सम्पत्ति नोक्सानी हुन लागेको देखेमा प्रहरी कर्मचारीले आफै अघिसरी सो नोक्सानी रोक्न सक्छ।[६६]

बेवारिसी सम्पत्तिको जिम्मा लिने र त्यसको तायदाती खडा गरी प्रमुख जिल्ला अधिकारी कहाँ पेश गर्नु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुन्छ।[६८] बेवारिसी लाश फेला परेमा प्रहरीले कब्जामा लिई लाशको सनाखत र कालगतिले मरेकोमा मुचुल्का गराई लाश फेला परे सतगत गर्न बुझाई दिनुपर्छ। हकवाला फेला नपरे वा बुझी नलिए त्यस्तो लाश चिकित्साशास्त्र अध्ययन संस्थान स्थापना भएको ठाउँमा अध्ययनको प्रयोजनको निमित्त त्यस्तो संस्थानलाई आवश्यक भएमा प्रहरीले सो संस्थानलाई बुझाई दिनुपर्छ। त्यस्तो संस्थान वा त्यस्तो संस्थानलाई आवश्यक नपर्ने भएमा प्रहरीले स्थानीय

---

६६. दफा १७, प्रहरी ऐन, २०१२

६८. दफा २०, प्रहरी ऐन, २०१२

गाउँ विकास समिति वा नगरपालिका वा सामाजिक संस्था मार्फत् दाहसंस्कार गराउनु पर्छ।[७९]

श्री ५ को सरकारले तोकेबमोजिम ढाँचाको डायरी राखी त्यसमा सबै उजूरी र आरोप गिरफ्तार भएको सबै मानिसको नाउँ, उजूर गर्नेको नाउँ, गिरफ्तार भएको व्यक्तिउपर आरोप लगाइएको अपराध, निजहरूबाट वा अरू किसिमले बरामद भएको हतियार वा धनमाल र बुझाएका साक्षीहरूको नाउँसमेतको व्यहोरा खोली चढाई राख्नु अख्तियारवाला कर्मचारीको कर्तव्य हुनेछ भनी ऐनको दफा २४ मा उल्लेख गरिएको छ। प्रमुख जिल्ला अधिकारीलाई त्यस्तो डायरी झिकाई जाँच्न सक्ने अधिकार हुन्छ।

परिच्छेद-५ मा सार्वजनिक शान्ति र सुरक्षा कायम गर्नलाई विशेष प्रबन्धका बारेमा उल्लेख गरिएको छ। यदि कुनै व्यक्तिको दरखास्तका आधारमा शान्ति वा व्यवस्था कायम राख्न वा कुनै खास किसिमको अपराध बारे यस ऐन वा अरू ऐनका कुराहरू लागू गर्न वा कुनै ठाउँ वा इलाकामा प्रहरीको अरू कर्तव्य पालन गर्नाको निमित्त थप प्रहरी जवान खटाउन सक्नेछ। त्यस्तोमा दरखास्तवालाले नै त्यसको खर्च व्यहोर्न पर्दैन।[८०] कुनै इलाकामा अशान्त वा खतरनाक अवस्था भएमा त्यहाँका बासिन्दा वा बासिन्दाको कुनै खास वर्गको आचरणबाट थप प्रहरी खटाउन आवश्यक छ भन्ने लागेमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोक्न सक्नेछ।[८१]

परिच्छेद-६ मा प्रहरीहरूले गरेका अपराध र सजायका बारेमा उल्लेख गरिएको छ। जसमा प्रहरी कर्मचारीले देहायको कुनै कसूर गरेमा निजलाई आजन्मकैद वा चौध वर्षसम्म वा तीन वर्षको तलब बराबरसम्म जरिवाना वा दुवै सजाय हुनेछ। [८२] त्यसदेखि बाहेक प्रहरी कर्मचारीले कुनै अपराध गरेमा अपराधको प्रकृति र गाम्भिर्यता हेरी दश वर्षसम्म कैद वा दुई वर्षको तलब बराबरसम्म जरिवाना वा दुवै सजाय, पाँच वर्षसम्म कैद वा एक वर्षको तलब बराबरसम्म जरिवाना वा दुवै सजाय हुनेछ।[८३]

दफा ३६ मा प्रहरी विशेष अदालतको स्थापना र गठन बारे उल्लेख गरिएको छ। जस अन्तर्गत सजाय हुने कसूरसम्बन्धी मुद्दाको शुरू कारवाही र किनारा गर्न देहायको[८४] दर्जाको प्रहरी कर्मचारीको सम्बन्धमा प्रहरी विशेष अदालत गठन हुनेछ। जिल्ला प्रहरी विशेष अदालत, क्षेत्रीय प्रहरी विशेष अदालत र केन्द्रीय प्रहरी विशेष अदालतको गठन आवश्यकता अनुसार श्री ५ को सरकार गृह मन्त्रालयले गर्नेछ र प्रत्येक अदालतमा न्याय सेवाको अधिकृतको अध्यक्षतामा एकजना प्रहरी अधिकृतसहित

---

७९. दफा २२, प्रहरी ऐन, २०१२

८०. दफा २७-२८, प्रहरी ऐन, २०१२

८१. दफा २९, प्रहरी ऐन, २०१२

८२. दफा ३३ क, प्रहरी ऐन, २०१२

८३. दफा ३३ ख-३४, प्रहरी ऐन, २०१२

८४.(क) प्रहरी जवानदेखि प्रहरी सहायक निरीक्षकसम्मको लागि जिल्ला प्रहरी विशेष अदालत, (ख) प्रहरी नायब निरीक्षकदेखि प्रहरी नायव उपरीक्षकसम्मको लागि क्षेत्रीय प्रहरी विशेष अदालत, (ग) प्रहरी उपरीक्षक र सो देखि माथिल्लो तहको प्रहरी अधिकृतको लागि केन्द्रीय प्रहरी विशेष अदालत।

तीनजना सदस्यहरू रहनेछन् र कारवाहीमा पर्ने व्यक्ति प्रहरी अधिकृत भएमा निजभन्दा तल्लो श्रेणीको अधिकृत विशेष अदालतमा रहने छैन। प्रहरी नायव निरीक्षक वा सोदेखि माथिल्लो दर्जाका अधिकृत र सोही वा तल्लो तहका प्रहरी कर्मचारीसमेत संगठित भई यस परिच्छेद अन्तर्गतको कसूर गरेमा त्यस्तो मुद्दाको शुरू कारवाही र किनारा गर्न श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी छुट्टै प्रहरी विशेष अदालतको गठन गर्न सक्नेछ। यस परिच्छेद अन्तर्गतको कसूरसम्बन्धी मुद्दामा दफा ३६ बमोजिमको प्रहरी विशेष अदालतले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले एक तहमाथिको प्रहरी विशेष अदालतमा पैंतीस दिनभित्र पुरावेदन गर्न सक्नेछ। [८५]

८५. दफा ३६ क-३६ ख, प्रहरी ऐन, २०१२

यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३

थुनामा रहँदा यातना दिइएको व्यक्तिलाई क्षतिपूर्ति दिने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन मिति २०५३/९/३ मा लालमोहर लागि प्रकाशन भएको हो। ऐनको प्रस्तावनामा अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमको थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिए वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरेबापत क्षतिपूर्ति दिने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले भन्ने उल्लेख गरिएको छ। ऐनमा यातना, पीडित व्यक्ति जस्ता शब्दहरूको परिभाषा गरिएको छ।

दफा ३ अनुसार अनुसन्धानमा तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको[८६] कुनै पनि व्यक्तिलाई यातना दिन नहुनुका साथै कुनै पनि व्यक्तिलाई थुनामा राख्दा र छोड्दा सम्भव भएसम्म सरकारी सेवामा रहेका चिकित्सक र चिकित्सक[८७] उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैले निजको शारीरिक स्थितिको जाँच गरी गराई सोको अभिलेख खडा गरी राखी एकप्रति सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्नेछ।

दफा ४ मा क्षतिपूर्तिको व्यवस्था गरिएकोछ जसअनुसार श्री ५ को सरकारको कुनै कर्मचारीले कुनै व्यक्तिलाई यातना दिएको ठहरेमा पीडित व्यक्तिलाई यस ऐनबमोजिमको क्षतिपूर्ति दिइनेछ। पीडित व्यक्तिले आफूलाई यातना दिएको मितिले वा थुनाबाट मुक्त भएको मितिले ३५ दिनभित्र क्षतिपुर्तिको माग दावी गरी आफू थुनामा रहेको जिल्लाको जिल्ला अदालतमा उजुरी दिन सक्नेछ। पीडित व्यक्तिको मृत्यु भएको अवस्थामा वा अन्य कुनै कारणबाट पीडित व्यक्ति आफैले उजुरी दिन नसक्ने अवस्था भएमा त्यसको कारण खोली निजको परिवारको उमेर पुगेको कुनै व्यक्ति वा निजको कानुन व्यवसायीले उपदफा (१) बमोजिम उजुरी दिन सक्नेछ।[८८] थुनामा रहेको व्यक्तिलाई यातना दिएको छ भन्ने लागेमा निजको परिवारको उमेर पुगेको कुनै व्यक्ति वा निजको कानुन व्यवसायीले सम्बन्धित जिल्ला अदालतमा निवेदन दिन सक्नेछ। यस्तो निवेदन परेकोमा अदालतले तीन दिनभित्र थुनामा रहेको व्यक्तिको शारीरिक वा मानसिक जाँच गराउन आदेश दिन सक्नेछ। यसरी जाँच गर्दा उपचार गर्नुपर्ने भएमा श्री ५ को सरकारको तर्फबाट उपचार गराइनेछ। यसरी दिइने उजूरीमा यथासंभव थुनामा परेको कारण र थुनामा बिताएको अवधि, थुनामा रहँदा दिइएको यातनाको विवरण, यातना दिएको कारणबाट पुग्न गएको क्षतिको विवरण, दाबी गरेको क्षतिपूर्तिको रकम, दाबी प्रमाणित गर्न सहायक हुने अरू कुनै व्यहोरा आदि खुलाउनु पर्नेछ।[८९]

---

८६. "थुनामा रहेको" भन्ने शब्दले प्रचलित कानुनबमोजिम हिरासतमा रहेको अवस्थालाई समेत जनाउँछ।

८७. "चिकित्सक" भन्नाले सरकारी सेवामा रहेको डाक्टर, कविराज, हेल्थ असिष्टेण्ट, अहेव वा वैद्यसमेतलाई सम्झनु पर्छ।

८८. दफा ५, यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३

८९. दफा ५.४, यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३

दफा ६ अनुसार उजूरीमा कारवाही गर्दा जिल्ला अदालतले संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाई कारवाही गर्नेछ र त्यस्तो उजूरीको व्यहोरा ठीक ठहरेमा पीडित व्यक्तिलाई श्री ५ को सरकारबाट एक लाख रूपैयाँसम्म क्षतिपूर्ति भराई दिने निर्णय गर्न सक्नेछ। यदि त्यस्तो कारवाही गर्दा बदनियत चिताई उजूरी दिएको ठहरिएमा जिल्ला अदालतले त्यस्तो उजूरी दिने व्यक्तिलाई पाँचहजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

यातना दिएको ठहरिएमा जिल्ला अदालतले त्यस्तो यातना दिने सरकारी कर्मचारीलाई प्रचलित कानुनबमोजिम विभागीय कारवाही गर्न सम्बन्धित निकायलाई आदेश दिनेछ।[९०]

(क) पीडित व्यक्तिलाई पर्न गएको शारीरिक वा मानसिक कष्ट वा पीडा र त्यसको गम्भिरता।

(ख) शारीरिक वा मानसिक क्षतिको कारण पीडित व्यक्तिको आय आर्जन गर्ने क्षमतामा हुन गएको ह्रास।

(ग) उपचार हुन नसक्ने किसिमको शारीरिक वा मानसिक क्षति पुगेकोमा पीडित व्यक्तिको उमेर र निजको पारिवारिक दायित्व।

(घ) उपचार हुन सक्ने किसिमको क्षति भएकोमा उपचार गराउन लाग्ने अनुमानित खर्च।

(ङ) यातनाको कारणबाट पीडित व्यक्तिको मृत्यु भएकोमा निजको आम्दानीमा आश्रित निजको परिवारका सदस्यहरूको संख्या र तिनीहरूको जीविकोपार्जनको निमित्त आवश्यक पर्ने न्यूनतम खर्च।

(च) पीडित व्यक्तिले दाबी गरेका कुराहरूमध्ये उचित र उपयुक्त देखिएका कुराहरू।

पीडित व्यक्तिलाई क्षतिपूर्ति दिने सम्बन्धमा अन्तिम निर्णय भएपछि त्यस्तो निर्णयको सूचना पाएको मितिले एक वर्षभित्र पीडित व्यक्ति वा निजको मृत्यु भएकोमा निजको नजिकको हकवालाले क्षतिपूर्तिको रकम पाउन पीडित व्यक्ति थुनामा रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारीसमक्ष क्षतिपूर्ति दिने सम्बन्धमा जिल्ला अदालतबाट भएको निर्णयको प्रतिलिपिसहित निवेदन दिनु पर्नेछ।[९१]

उजूरीको सम्बन्धमा सम्बन्धित कार्यालय प्रमुखले अनुरोध गरेमा सरकारी वकिलले त्यस्तो कर्मचारीको तर्फबाट अदालतमा उपस्थित भई प्रतिरक्षा गरिदिनेछ।[९२] यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुनबमोजिम थुनामा रहेको कारणबाट स्वभावत: हुने कष्टलाई यस ऐनको प्रयोगको निमित्त यातना दिएको मानिने छैन।[९३]

---

९०. दफा ७, यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३

९१. दफा ८, यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३

९२. दफा ९, यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३

९३. दफा १०, यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३

राज्यविरुद्धको अपराध र सजाय ऐन, २०४६

नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकता अक्षूण्ण राख्न विभिन्न वर्ग, जाति, धर्म एवं सम्प्रदायका जनताका बीच सुसम्बन्ध कायम राख्न, शान्ति र व्यवस्था कायम राख्न तथा विदेशी राज्यहरूसँग मित्रताको सम्बन्ध कायम राख्न राज्यविरूद्ध गरिने अपराध र सजायको सम्बन्धमा समयानुकूल व्यवस्था गर्न वाञ्छनीय भएकोले, राज्यविरूद्धको अपराध र सजायको व्यवस्था गर्न यो ऐन बनाईएको हो भनी ऐनको प्रस्तावनामा स्पष्ट लेखिएको छ। मिति २०४६/६/११ मा लालमोहर लागि प्रकाशन भएको यो ऐन न्याय प्रशासन ऐन, २०४८ २०४८/२/१६) दण्ड सजायसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५ (२०५६/१/१६) ले गरी हालसम्म दुई पटक संशोधन गरिएकोछ।

ऐनको दफा २ ले राजपरिवारउपर आक्रमण[१४], राष्ट्र विप्लव[१५], राजद्रोह[१६], मित्रराष्ट्रप्रति विद्रोह[१७] आदि जस्ता कार्यहरू राज्यविरूद्धको अपराध हुन भनी परिभाषित गरी तिनमा हुने सजायका बारेमा पनि उल्लेख गरेकोछ। यस्ता अपराध गर्न जम्मा वा प्रयोग गरेको हातहतियार खरखजाना वा मालसामान सबै जफत हुनेछ।[१८] यस्ता मुद्दामा शुरू कारवाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ।[१९]

---

१४. श्री ५ महाराजधिराज वा मौसूफका पटवन्धा महारानी वा राजपरिवारका अन्य सदस्यलाई जोसुकैले जोर जुलुस गरेमा वा थुनछेक गरेमा वा वल प्रयोग गरी त्रास देखाएमा वा सो कुराहरू गर्ने उद्योग गरेमा सर्वस्वसहित जन्मकैद, जन्मकैद वा दश वर्षसम्म कैद हुनेछ।

१५. दफा ३, राज्यविरूद्धको अपराध र सजाय ऐन, २०४६

१६. दफा ४, राज्यविरूद्धको अपराध र सजाय ऐन, २०४६

१७. दफा ५, राज्यविरूद्धको अपराध र सजाय ऐन, २०४६

१८. दफा ६, राज्यविरूद्धको अपराध र सजाय ऐन, २०४६

१९. दफा ७, राज्यविरूद्धको अपराध र सजाय ऐन, २०४६

लिखतहरुको गोप्यतासम्बन्धी ऐन, २०३९

लिखतहरूको गोप्यतासम्बन्धी व्यवस्था गर्न बनेको ऐन मिति २०३९/८/६ मा लालमोहर लागि प्रकाशन भएको हो। ऐनको प्रस्तावनामा नेपालको सुरक्षा, शान्ति तथा व्यवस्था कायम राख्नको लागि सरकारी तथा सार्वजनिक कार्यालयको महत्वपूर्ण कागजातहरू, अभिलेखहरू, सन्धिपत्रहरू जस्ता संरक्षणीय लिखतहरूको वर्गीकरण गर्न र गोप्यताको संरक्षण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, यो ऐन बनाइएको हो भन्ने उल्लेख गरिएको छ। न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ ले २०४३/७/२४ मा यो ऐनलाई संशोधन गरेको छ।

ऐनमा कार्यालय, वर्गीकृत लिखत जस्ता शब्दहरूको परिभाषा दिइएकोछ। दफा ३ मा सख्त निषेधित लिखत[१००], अति गोप्य लिखत[१०१] र गोप्य लिखत[१०२] गरी लिखतहरूको गोप्यताको प्रयोजनको लागि लिखतहरूलाई तीन भागमा वर्गीकरण गरी तोकिए बमोजिम सम्बन्धित वर्ग जनाउने छाप लगाउनु पर्नेछ। लिखतहरूको गोप्यताको लागि कुनै कार्यालयको कुनै लिखतलाई कुनै वर्गमा राख्ने भन्ने कुरा छुट्याउने जिम्मेवारी मुख्य सचिवको अध्यक्षतामा सम्बन्धित मन्त्रालयको सचिव समेत भएको समितिको हुनेछ। तर श्री ५ को सरकारले गरेका सामान्य निर्णय तथा आदेशहरूलाई वर्गीकृत लिखतमा पारिने छैन।

---

१००. सख्त निषेधित लिखत एक पटकमा ३० वर्षमा नबढाई गोप्य रहनेछ र कसैले पनि त्यस्तो लिखत वा त्यसको व्यहोरा पूर्ण वा आंशिक रूपमा प्रकाशमा ल्याउन वा उल्लेख गर्न वा सम्बन्धित व्यक्ति बाहेक श्री ५ को सरकारको अनुमति बेगर अन्य कुनै व्यक्तिले हेर्न पनि पाउने छैन। र यस्तो लिखत अनिवार्य रूपले सिलबन्दी गरी राख्नुपर्ने छ र त्यस्तो लिखतको स्थानान्तरण वा आदान प्रदान सिलबन्दी रूपमा गर्नु पर्नेछ।

१०१. अति गोप्य लिखत एक पटकमा बीस वर्षमा नबढाई आवश्यकता अनुसार पछि श्री ५ को सरकारले चाहेमा प्रत्येक पटकमा दश वर्षमा नबढाई गोप्य रहनेछ र सो अवधिभित्र कसैले पनि त्यस्तो लिखत वा त्यसको व्यहोरा पूर्ण वा आंशिक रूपमा प्रकाशनमा ल्याउन वा उल्लेख गर्न वा सम्बन्धित व्यक्ति बाहेक श्री ५ को सरकारको अनुमति बेगर अन्य कुनै व्यक्तिले हेर्न पनि पाउने छैन। र यस्तो लिखत अनिवार्य रूपले सिलबन्दी वा खामबन्दी गरी राख्नु पर्नेछ र त्यस्तो लिखतको स्थानान्तरण वा आदान प्रदान सिलबन्दी वा खामबन्दी रूपमा गर्नु पर्नेछ।

१०२. गोप्य लिखत पाँच वर्षसम्म गोप्य रहनेछ र सो अवधिभित्र कसैले पनि त्यस्तो लिखत वा त्यसको व्यहोरा पूर्ण वा आंशिक रूपमा प्रकाशमा ल्याउन वा उल्लेख गर्न वा सम्बन्धित व्यक्ति बाहेक श्री ५ को सरकारको अनुमति बेगर अन्य कुनै व्यक्तिले हेर्न पनि पाउने छैन।

श्री ५ को सरकारले वर्गीकृत लिखतलाई आवश्यकता अनुसार एक वर्गबाट अर्को वर्गमा सार्न वा कुनै पनि वर्गमा नपार्न सक्ने कुरा दफा ८ मा व्यवस्था गरिएकोछ। यस्ता लिखत कुनै पनि अदालत वा कानुनी कारवाहीमा प्रमाणको रूपमा पेश गर्न सकिने छैन।[१०३] कसैले कुनै वर्गीकृत लिखतको पूर्ण वा आंशिक व्यहोरा प्रकाशित गरेमा वा उल्लेख गरेमा यो ऐन अन्तर्गतको मुद्दाको कारवाही, अनुसन्धान वा तहकिकात गर्ने अधिकारीलाई त्यस्तो व्यहोराको स्रोत बताउन कर लाग्नेछ।[१०४]

दफा ११ मा कुनै व्यक्तिले यस ऐन अन्तर्गत कसुर गरेको छ वा निजसँग वर्गीकृत लिखत अनधिकृत तवरले रहेको छ भन्ने विश्वास गर्नु पर्ने मनासिव माफिकको कारण भएमा श्री ५ को सरकारले वारेन्ट जारी गरी त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्न वा जुनसुकै समय त्यस्तो व्यक्तिको घर जग्गामा प्रवेश गरी खानतलासी गर्न वा निजको जीउ वा निजको मालसामानको खानतलासी गर्न र सोसँग सम्बन्धित मालसामान कब्जा गर्न सक्नेछ। यस्तो अवस्थामा कसुरदार भागी जाने वा कसुरको सबूद गायव गरिने सम्भावना देखिएमा श्री ५ को सरकारले त्यस्तो व्यक्तिलाई वारेन्ट जारी हुनु अघि पनि गिरफ्तार गर्न र सो कामको लागि कुनै पनि घर जग्गामा कुनै समयमा पनि प्रवेश गर्न सक्नेछ। त्यस्तो कसुरदार कुनै सवारी साधनद्वारा उम्कन लागेमा श्री ५ को सरकारले त्यस्तो सवारीलाई कुनै ठाउँमा रोक्न वा उतार्न लगाउन सक्नेछ।

दफा १२ बमोजिम कसैले यो ऐन उल्लंघन गरेमा त्यस्तो उल्लंघन गर्ने र सो काममा मद्दत गर्ने वा दुरूत्साहन दिने व्यक्तिलाई कसुरको मात्रा अनुसार दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय, ५ वर्षदेखि १० वर्षसम्म कैद वा पच्चीस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय, १ वर्षदेखि ५ वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय, पाँच हजार रूपैयाँसम्म जरिवाना र सजाय हुनेछ। सजाय पाउने ठहरिएको कुनै व्यक्ति सरकारी वा सार्वजनिक संस्थाको कर्मचारी भई आफ्नो जिम्मामा वा कार्यालयमा रहेको लिखतको सम्बन्धमा सजायभागी ठहरिएको रहेछ भने निजले नैतिक पतन देखिने अभियोगमा सजाय पाएको मानिनेछ र निज आफ्नो सेवाको पदबाट भविष्यको लागि अयोग्य ठहरिने गरी स्वत: वर्खास्त हुनेछ।

दफा १३ अनुसार यस ऐन अन्तर्गतको मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ को अनुसूची १ मा समावेश भएको मानिनेछ। कसैले यस ऐन अन्तर्गत कसुर ठहरिने कुनै कार्य गरेकोमा त्यस्तो कार्य अन्य प्रचलित कानुन बमोजिम पनि कसुर ठहरिने रहेछ वा यस ऐन अन्तर्गतको कसुरको सिलसिलामा अन्य प्रचलित कानुन अन्तर्गतको कसुर पनि गरेको रहेछ भने त्यस्तो कसुरसम्बन्धी मुद्दामा पनि दफा १३ अन्तर्गतको अदालतले कारवाही र किनारा गर्नेछ र कसुरदारलाई प्रचलित कानुन बमोजिम हुने सजायमा यस ऐन बमोजिमको समेत थप सजाय हुनेछ।[१०५]

---

१०३. दफा ९, लिखतहरूको गोप्यता सम्बन्धी ऐन, २०३९

१०४. दफा १०, लिखतहरूको गोप्यता सम्बन्धी ऐन, २०३९

१०५. दफा १५, लिखतहरूको गोप्यता सम्बन्धी ऐन, २०३९

यस ऐन अन्तर्गत वर्गीकरण गरिएको लिखत आफ्नो जिम्मामा हुने व्यक्तिले अरू कुनै व्यक्तिलाई अधिकृत व्यक्ति सम्झी त्यस्तो लिखत देखाएको वा अन्य कुनै प्रकारले प्रकाश गरेको रहेछ भने निजलाई यस ऐन बमोजिम कारवाही गरिने छैन। तर निजले जानी जानी अनधिकृत व्यक्तिलाई वर्गीकृत लिखत देखाएको वा प्रकाश गरेको रहेछ भने निजलाई यस ऐन बमोजिम कारवाही गर्न बाधा पर्ने छैन।[१०६] दफा १७ अनुसार श्री ५ को सरकारले दफा ११ बमोजिम आफूलाई प्राप्त अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै कार्यालय वा पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

---

१०६. दफा १६, लिखतहरूको गोप्यता सम्बन्धी ऐन, २०३९

विष्फोटक पदार्थ ऐन, २०१८

शान्ति र व्यवस्था कायम राख्न विष्फोटक पदार्थहरू उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने र पैठारी गर्ने कामलाई व्यवस्थित गर्नु वाञ्छनीय भएकोले, विष्फोटक पदार्थ उत्पादन गर्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने पैठारी गर्ने कामलाई व्यवस्थित गर्न बनेको ऐनको प्रस्तावनामा उल्लेख गरिएको छ। २०१८/२/१५ मा लालमोहर प्रकाशन भएको यस ऐन, नेपाल ऐन संशोधन गर्ने ऐन, २०१८ द्वारा चार पटक, नेपाल ऐनहरू संशोधन गर्ने, खारेज गर्ने र पुन: व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ द्वारा दुई पटक र विष्फोटक पदार्थ पहिलो संशोधन ऐन, २०३१ द्वारा चार पटक गरी दश पटक संशोधन गरिसकिएको छ।

"विष्फोटक पदार्थ, उत्पादन, बोझ बाहक, पैठारी, इजाजतपत्र जस्ता शब्दहरूको परिभाषा दिइएकोछ। श्री ५ को सरकारले समय-समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै पदार्थ त्यसमा विष्फोटक तत्वहरू रहेको कारणले वा त्यसको उत्पादन गर्दाको सिलसिलामा चाहिने विधिहरू अपनाउँदा कुनै किसिमको विष्फोट हुने सम्भावना भएको कारणले व्यक्तिहरूको जीउज्यान र सम्पत्तिमा खतरा हुने देखेमा श्री ५ को सरकारले सो पदार्थलाई विष्फोटक पदार्थ भनी घोषित गर्न सक्नेछ र त्यसरी घोषित गरिएका प्रत्येक पदार्थलाई यो ऐनको तात्पर्यको लागि विष्फोटक पदार्थ भनिनेछ।[१०६]

विष्फोटक पदार्थलाई उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने र पैठारी गर्ने काममा प्रमुख जिल्ला अधिकारीको इजाजतपत्रद्वारा नियन्त्रण गरिन्छ।[१०८] विष्फोटक पदार्थको उत्पादन, प्रयोग, बिक्री, परिवहन र पैठारी गर्ने तथा राख्ने काम निषेध तथा नियन्त्रण गर्न सक्ने श्री ५ को सरकारलाई अधिकार हुनेछ।

ऐनको दफा ६ अनुसार प्रमुख जिल्ला अधिकारीले वा निजले खटाएको कुनै राजपत्राङ्कित वा घटीमा नायब निरीक्षक दर्जाका प्रहरी कर्मचारीले इजाजतपत्रअन्तर्गत कुनै विष्फोटक पदार्थ उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने परिवहन गर्ने वा पैठारी गर्ने काम भइरहेको कुनै ठाउँ वा बोझ बाहकमा गई निरीक्षण र जाँचबुझ गर्न र त्यहाँ रहेको कुनै विष्फोटक पदार्थको नमूना मूल्य तिरी लिन सक्नेछ।

यो ऐन वा यस ऐनअन्तर्गत सजाय हुने कुनै कसूर कुनै व्यक्तिले गर्न लागेको फेला परेमा र निजको सो कामले गर्दा विष्फोटक पदार्थ उत्पादन हुने वा थन्काइने कुनै ठाउँ वा कुनै रेल्वे लाइन वा कुनै हवाई अड्डा वा कुनै बोझ बाहकमा वा त्यसको साथमा विस्फोटक हुने वा आगलागी हुने, सम्भव देखिएमा कुनै प्रहरी कर्मचारीले अवस्था अनुसार सो ठाउँको भोग चलन गर्ने व्यक्ति वा निजको प्रतिनिधि वा नोकर वा निजबाट अधिकार पाएको अरू व्यक्तिले रेल्वे प्रशासन वा हवाई अड्डाका कुनै कर्मचारीले बिना वारेण्ट त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्न सक्नेछ र त्यसरी गिरफ्तार

---

१०६. दफा २, विष्फोटक पदार्थ ऐन, २०१८

१०८. दफा ४, विष्फोटक पदार्थ ऐन, २०१८

गरिएको व्यक्तिलाई बाटाका म्यादबाहेक २४ घण्टाभित्र प्रमुख जिल्ला अधिकारीको जिम्मामा बुझाई दिनु पर्दछ।[१०९]

दफा ८ अनुसार कुनै विष्फोटक पदार्थ उत्पादन भइरहेको, राखिएको वा प्रयोग भइरहेको ठाउँ वा परिवहन भइराखेको वा लाद्ने वा गिराउने भइराखेको कुनै बोझ बाहकमा वा सो ठाउँ वा बोझ बाहकको आसपासमा विष्फोट वा आगलागी भई व्यक्तिहरूको जीउ, ज्यान वा सम्पत्तिको नाश भएमा वा ठूलो क्षति भएमा सो ठाउँको तत्काल भोग चलन गर्ने व्यक्ति वा सो बोझ बाहकको धनी वा तत्कालको चालकले सो कुराको सूचना तोकिएको तरिकाबमोजिम तोकिएको म्यादभित्र सबैभन्दा नजिकको प्रहरी थाना चौकीको अधिकृत इञ्चार्ज कहाँ दिनुपर्छ। र त्यस्तो दुर्घटनाको जाँचबुझ गर्दा सरोकारवाला शाही नेपाली सेनाका अधिकारीले सो दुर्घटनाको कारणको जाँचबुझ गर्नुपर्छ र सो बाहेक अन्यत्र त्यस्तो कुनै दुर्घटना भएमा प्रमुख जिल्ला अधिकारीले सो दुर्घटनाको कारणको जाँचबुझ गर्नु पर्दछ।[११०] दुर्घटना सम्बन्धी जाँचबुझ गर्ने व्यक्तिले सो जाँचबुझ सकिएपछि सो दुर्घटनाको कारण र परिस्थितसमेत खोली श्री ५ को सरकारमा लिखित प्रतिवेदन पेश गर्नुपर्छ। यसरी जाँचबुझ गर्न खटिएका अधिकारीलाई साक्षीहरू झिकाउने लिखत अन्य महत्वपूर्ण माल वस्तुहरू दाखिला गराउने, बयान बकपत्र गराउने सम्बन्धमा प्रचलित नेपाल कानुनअनुसार शुरू अदालतलाई भए सरहको अधिकार हुनेछ।

कुनै व्यक्तिले इजाजतपत्र[१११] नलिई वा दफा ५ को उल्लंघन गरी देहायको विष्फोटक पदार्थ उत्पादन गरेमा, राखेमा, प्रयोग गरेमा, बिक्री गरेमा, परिवहन गरेमा वा पैठारी गरेमा निजलाई प्रत्येक कसूरबापत देहायबमोजिम दण्ड सजाय हुनेछ:[११२]

(क) नाइटोग्लिसरीन, डाइनामाइट, ब्लास्टिप पाउडर वा पारोको वा धातुको फ़लमिनेट भए दुई वर्षसम्म कैद बीसहजार रूपैयाँसम्म जरिवाना वा दुबै,

(ख) खण्ड (क) मा लेखिएका विष्फोटक पदार्थ र आतसवाजी र पटकाबाहेक अन्य विष्फोटक पदार्थ भए १ वर्षसम्म कैद वा दशहजार रूपैयाँसम्म जरिवाना वा दुबै,

(ग) आतबाजी वा पटाका भए एकहजार रूपैयाँसम्म जरिवाना।

दफा १३ अनुसार यो ऐनमा लेखिएका कुनै कुरा श्री ५ को सरकारले बनाएका नियमअनुसार शाही नेपाली सेनाद्वारा, र श्री ५ को सरकारको कुनै मन्त्रालय विभाग वा अड्डाद्वारा उत्पादन हुने, राखिने, प्रयोग गरिने, परिवहन गरिने वा पैठारी गरिनेमा लागू हुने छैन।

---

१०९. दफा ७, विष्फोटक पदार्थ ऐन, २०१८

११०. दफा ९, विष्फोटक पदार्थ ऐन, २०१८

१११. इजाजतपत्रको म्याद नाघेकोमा र इजाजतपत्रले अधिकार नै नदिएको काम कुरा गरेकोमा इजाजतपत्र नलिएको मानी कारवाही र सजाय हुनेछ।

११२. दफा १०, विष्फोटक पदार्थ ऐन, २०१८

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

श्री ५ को सरकार वादी भई चलाइने मुद्दाको सम्बन्धमा र श्री ५ को सरकार विरूद्ध दायर हुने मुद्दाको प्रतिरक्षा गर्ने सम्बन्धमा समयानुकूल कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, सरकारी मुद्दा सम्बन्धमा व्यवस्था गर्न बनाइएको हो भनी ऐनको प्रस्तावनामा स्पष्ट लेखिएको छ। मिति २०४९/९/८ मा लालमोहर लागि प्रकाशन भएको यो ऐन, केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५ ले मिति २०५५/१०/७ मा संशोधन गरिएकोछ।

दफा २ ले सरकारी वकिल, अदालत, सरकारी वकिल कार्यालय जस्ता शब्दहरूको परिभाषा गरेको छ।

ऐनको अनुसूची-१[११३] मा लेखिएको कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले सो अपराधबारे आफूसँग भएको वा आफूले

---

११३. राजगद्दी वा राजपरिवारको गाथसम्बन्धी मुद्दा, राज्यविरूद्धको अपराध र सजाय ऐन, २०४६ अन्तर्गत सजाय हुने मुद्दा, मुलुकी ऐन ज्यानसम्बन्धीको महलले सजाय हुने मुद्दा, मुलकी ऐन जबरजस्ती करणीको महलले सजाय हुने मुद्दा, मुलुकी ऐन चोरीको महलले सजाय हुने मुद्दा (जारी चोरीबाहेक), घरमा वा सरकारी कागजपत्रमा आगो लगाएको वा लगाउन उद्योग गरेको मुद्दा, गोवधसम्बन्धी वा मुलुकी ऐन चौपायाको महलको ८ नं. अन्तरगत सजाय हुने मुद्दा, सरकारी वा अरू सार्वजनिक धनमाल नोक्सान वा हिनामिना गरेको मुद्दा, हातहतियार खरखजानासम्बन्धी मुद्दा, मुलुकी ऐन खोटा चलनको महलले सजाय हुने मुद्दा, जोसुकैसँग रहने भए पनि सरकारी छाप दस्तखत वा सो छाप दस्तखत भएको वा सरकारी काममा कुनै कर्मचारीको छाप दस्तखत भएको कागज किर्ते गरेको मुद्दा, अरूका धर्ममा खलल पर्ने गरी कुनै धर्म प्रचार गर्ने, कसैको धर्म परिवर्तन गर्ने गराउने वा सो कुराको उद्योग गरेको मुद्दा, जुवासम्बन्धी मुद्दा, मुलुकी ऐन जीउ मास्ने बेच्नेको महलले सजाय हुने मुद्दा, हुलाक ऐन जीउ मास्ने बेच्नेको महलले सजाय हुने मुद्दा, जासूसी ऐन, २०१८ अन्तर्गत सजाय हुने मुद्दा, नेपाल नागरिकता ऐन, २०२० अन्तर्गत सजाय हुने मुद्दा, प्राचीन स्मारक संरक्षणको ऐन २०१३ अन्तर्गत सजाय हुने मुद्दा, यस ऐनको अनुसूची-१ वा २ अन्तर्गतका मुद्दाको जरियानाबाट उठेको किर्ते वा जालसाजी मुद्दा, केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ अन्तर्गत सजाय हुने मुद्दा, लागू औषध (नियन्त्रण) ऐन, २०३३ अन्तर्गत सजाय हुने मुद्दा, आवश्यक सेवा संचालन ऐन, २०१४ अन्तर्गत सजाय हुने मुद्दा, कालो बजार तथा केही अन्य सामाजिक अपराध र सजाय ऐन, २०३२ अन्तर्गत सजाय हुने मुद्दा, अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ अन्तर्गत सजाय हुने मुद्दा, लिखतहरूको गोप्यतासम्बन्धी ऐन, २०३९ अन्तर्गत सजाय हुने मुद्दा, राहदानी ऐन, २०२४ अन्तर्गत सजाय हुने मुद्दा, मुलुकी ऐन ठगीको महलले सजाय हुने मुद्दा, मुलुकी ऐन विहावारीको महलको २ नं. अन्तर्गत सजाय हुने मुद्दा र जुनसुकै तरिकाबाट लोग्ने स्वास्नी कायम हुने गरी अर्को स्वास्नी ल्याएमा वा विवाह गरेमा वा राखेमा सोही महलको १० नं. अन्तर्गत सजाय हुने मुद्दा, वैदेशिक रोजगार ऐन, २०४२ अन्तर्गत सजाय हुने मुद्दा, ज्यानसम्बन्धीको महल र चौपायाको महलले

देखे जानेसम्मको सबूद प्रमाण खुलाई यथाशीघ्र सो कुराको लिखित दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनु पर्नेछ। त्यस्तो लिखित दरखास्त दिने व्यक्तिले दरखास्तमा सकेसम्म अपराध भएको वा भइरहेको वा हुने सम्भावना भएको मिति, समय र ठाउँ, अपराध गर्ने व्यक्तिको नाम, ठेगाना र हुलिया, अपराधसँग सम्बन्धित सबूद प्रमाण, अपराधको प्रकृति र अपराधसँग सम्बन्धित अन्य विवरण खुलाउनु पर्नेछ। अपराधको सूचना गर्न आएको व्यक्तिले त्यस्तो सूचना मौखिक रूपमा दिएकोमा सम्बन्धित प्रहरी कर्मचारीले उसले भनेका सबै कुराहरू र उपदफा (२) बमोजिमका कुरासमेत खुलाई लेखी निजलाई पढी बाँची सुनाई निजको सहीछापसमेत गराई सोही बमोजिम दर्ता गर्नु पर्नेछ। प्रहरी कर्मचारीले अपराधको सुचना दर्ता गर्न इन्कार गरेमा अपराधको सूचना गर्ने व्यक्तिले सो कुरा खुलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा त्यसरी अपराधको सूचना दर्ता गर्नुपर्ने प्रहरी कार्यालयभन्दा माथिल्लो प्रहरी कार्यालयमा अपराधको सूचना दिन सक्नेछ। त्यसरी सूचना प्राप्त गर्ने प्रमुख जिल्ला अधिकारी वा प्रहरी कार्यालयका प्रहरी कर्मचारीले सो कुराको अभिलेख राखी आवश्यक निर्देशनसहित लिखितरूपमा त्यस्तो अपराधको सूचना आवश्यक कारवाहीको लागि सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्नेछ।[११४]

कुनै प्रहरी कर्मचारीले अनुसूची-१ मा उल्लेखित कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको जानकारी पाएमा निजले यथाशीघ्र अपराधलाई रोक्ने, अपराधसँग सम्बन्धित कुनै प्रमाण लोप वा नाश हुने नदिने र अपराधी भाग्न, उम्कन नपाउने व्यवस्था गर्नु पर्नेछ। तत्सम्बन्धमा तत्कालै कारवाही नगरेमा अपराध हुने वा अपराधसँग सम्बन्धित कुनै प्रमाण लोप वा नाश हुने वा अपराधी भाग्ने, उम्कने सम्भावना भएमा सो प्रहरी कर्मचारीले आवश्यकतानुसार अर्को प्रहरी कार्यालयको क्षेत्रमा समेत गई त्यस सम्बन्धमा आवश्यक कारवाही गर्न सक्नेछ र कुनै प्रहरी कर्मचारीले कुनै अपराधलाई रोक्न, अपराधसँग सम्बन्धित कुनै प्रमाण लोप वा नाश हुन नदिन वा अपराधीलाई पक्राउ गर्न कुनै व्यक्ति वा निकायसँग मद्दत माग्न सक्नेछ। कुनै अपराधको सम्बन्धमा प्राप्त भएको सूचनाको व्यहोराबाट सो अपराध अन्य प्रहरी कार्यालयको

सजाय हुने बाहेक मानिस, गाई, साँढे र गोरू मरेकोमा सवारीसम्बन्धी प्रचलित कानुनबमोजिम सजाय हुने मुद्दा, जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ अन्तर्गत सजाय हुने मुद्दा, बैंक वा श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थाको नगदी वा जिन्सी सम्बन्धित बैंक वा संस्थाको कर्मचारीसँग मिलोमतो गरी वा नगरी अन्य कुनै व्यक्तिले मसोट वा हिनामिना गरेको मुद्दा, बैंक वा श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थामा किर्ते कागजात पेश गरी ठगी गरेको किर्ते तथा ठगी मुद्दा, बगलीमारा चोरी मुद्दा, कुनै ऐनमा नै यो अनुसूचीमा समावेश भएको मानिनेछ भनी लेखिएको मुद्दा, यो ऐन बमोजिम श्री ५ को सरकार वादी हुने भनी श्री ५ को सरकारले समय-समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अरू कुनै फौज्दारी अपराधसम्बन्धी मुद्दा, सवारी साधनबाट कुनै मानिसको अंगभंग भएको तथा कुनै मानिस घाइते भएको मुद्दा।

११४. दफा ३, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

क्षेत्रभित्र भएको वा भइरहेको वा हुन लागेको देखिएमा सूचना प्राप्त गर्ने प्रहरी कार्यालयले त्यस्तो सूचना यथाशीघ्र सम्बन्धित प्रहरी कार्यालयमा पठाई दिनु पर्नेछ र आवश्यकतानुसार सूचना दिने व्यक्तिलाई पनि सो प्रहरी कार्यालयमा उपस्थित हुन जानकारी दिनु पर्नेछ।[११५]

दफा ५ मा गरिएको व्यवस्था अनुसार कुनै अपराधको तहकिकात शुरू गर्नुभन्दा पहिले तहकिकात गर्ने प्रहरी कर्मचारीले तहकिकात गर्ने कुराहरू खुलाई सम्बन्धित सरकारी वकिल कार्यालयमा अपराधसम्बन्धी प्रारम्भिक प्रतिवेदन पठाउनु पर्नेछ। ऐनमा उल्लेखित कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको जानकारी प्राप्त भएमा सो प्रहरी कार्यालयको कम्तिमा प्रहरी सहायक निरीक्षक दर्जाको प्रहरी कर्मचारीले यथाशीघ्र त्यसको तहकिकात गरी सबूद प्रमाण संकलन गर्नु पर्नेछ। तहकिकात गर्ने प्रहरी कर्मचारीले यथासम्भव अपराध भएको ठाउँको विवरण, सो ठाउँको वस्तुस्थिति तथा अपराध वा अपराधीसँग त्यसको सम्बन्ध, र अपराध भएको ठाउँ वा त्यसको वरपर देखिएको वा पाइएको अन्य कुनै उल्लेखनीय कुराहरू खुलाई मुचुल्का तयार गर्नु पर्नेछ। र त्यसरी तहकिकात गर्दा सम्बन्धित प्रहरी कर्मचारीले कुनै विषयमा सरकारी वकिलको राय सल्लाह मागेमा त्यस्तो राय सल्लाह दिनु सरकारी वकिलको कर्तव्य हुनेछ।[११६]

अपराधको तहकिकातको सिलसिलामा कुनै घर वा ठाउँको वस्तुस्थिति सम्बन्धी मुचुल्का तयार गर्दा वा कुनै व्यक्ति वा वस्तु वा ठाउँको खानतलासी लिँदा वा लाश जाँच गर्दा त्यस्तो ठाउँमा भएका कम्तिमा दुईजना स्थानीय व्यक्तिहरू र सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाका एक जना सदस्य वा त्यस्तो सदस्य नभए कुनै सरकारी कार्यालयको एक जना कर्मचारीलाई र फेला परेसम्मका अभियुक्त र अपराधको सूचना दिने व्यक्तिलाई समेत रोहबरमा राख्नु पर्नेछ।[११७] कुनै अपराधको सम्बन्धमा शंकास्पद देखिएको तथा तत्सम्बन्धमा कुनै महत्वपूर्ण कुरा थाहा छ भन्ने विश्वास गर्नुपर्ने कुनै मनासिब कारण भएको व्यक्तिलाई तहकिकात गर्ने प्रहरी कर्मचारीले सोधपुछ गरी आवश्यक देखेमा निजको कुरा बयानको रूपमा लेखबद्ध गरी राख्नेछ।[११८]

दफा ९ अनुसार कुनै अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो अपराधसँग सम्बन्धित कुनै व्यक्ति वा दशी प्रमाण कुनै व्यक्तिसँग वा कुनै ठाउँमा छ भन्ने शंका गर्नुपर्ने मनासिब कारण भएमा निजले त्यस्तो व्यक्ति वा ठाउँको तोकिएबमोजिम खानतलासी लिन सक्नेछ। तर कुनै महिलाको जीउको तलासी लिनु पर्दा महिला प्रहरी वा अन्य कुनै महिलाद्वारा नै लिन लगाउनु पर्नेछ। खानतलासी लिँदा पाइएको अपराधसँग सम्बन्धित वस्तुको विवरण र त्यस्तो वस्तु पाइएको ठाउँ र अवस्था

---

११५. दफा ४, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

११६. दफा ६, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

११७. दफा ७, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

११८. दफा ८, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

खुलाई खानतलासी लिने कर्मचारीले दुईप्रति मुचुल्का तयार गरी एकप्रति अनुरोध गर्ने प्रहरी कर्मचारी कहाँ पठाउनु पर्नेछ।[११९]

कुनै प्रहरी कार्यालयको क्षेत्रभित्र कुनै व्यक्ति कर्तव्य वा दुर्घटना भई वा आत्महत्या गरी वा कुनै अपराधको परिणाम स्वरूप शंकास्पद स्थितिमा मरेको जानकारी प्राप्त भएमा सो क्षेत्रको प्रहरी कार्यालयको कम्तिमा प्रहरी नायब निरीक्षक दर्जाको प्रहरी कर्मचारीले यथाशीघ्र लाश रहेको ठाउँमा गई लाश जाँच गरी यथासम्भव निम्न लिखित कुराहरूसमेत खुलाई मुचुल्का तयार गर्नु पर्नेछ र सम्भव भएसम्म लाशको र सम्बन्धित ठाउँको फोटो समेत खिच्नु पर्नेछ। अपराधको परिणामस्वरूप वा शंकास्पद स्थितिमा मृत्यु भएको देखिन आएमा सम्बन्धित प्रहरी कर्मचारीले सो लाशलाई शव परीक्षणको निमित्त सरकारी खर्चमा सरकारी चिकित्सक समक्ष पठाउनु पर्नेछ।[१२०]

(क) लाशको सनाखत हुने विवरण,

(ख) लाश रहेको ठाउँ र लाशको अवस्था,

(ग) लाशको कुनै घाउ, चोट, नील वा डाम देखिएमा त्यस्तो घाउ, चोट, नील वा डाम देखिएको ठाउँ, संख्या, लम्बाई, चौडाई, गहिराईसमेतको प्रत्येक घाउ, चोट, नील डामको विवरण,

(घ) मृत्यु गराउने सम्भावित साधन र लाशमा देखा परेका तत्सम्बन्धी लक्षण,

(ङ) मृत्युका कारण थाहा पाउन सहायता हुने लाशमा देखिएको अन्य कुनै लक्षण र

(च) अन्य उल्लेखनीय कुरा

अपराधको तहकिकात गर्ने प्रहरी कर्मचारीले आवश्यक सम्झेमा अपराधसँग सम्बन्धित कुनै कुराको सम्बन्धमा विशेषज्ञको राय लिन सक्नेछ।[१२१]

दफा १३ अनुसार यस ऐनबमोजिम कुनै अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो अपराधमा संलग्न रहेको छ भन्ने शंका गर्नु पर्ने मनासिब कारण भएको व्यक्तिलाई पक्राउ गर्न सक्नेछ र त्यसरी पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गरिएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन। कुनै व्यक्तिलाई पक्राउ गर्नु पर्दा निजलाई पक्राउ गर्नुपर्ने कारण खोली सम्झाई आत्मसमर्पण गर्ने आदेश दिनु पर्नेछ। कुनै व्यक्तिले आत्मसमर्पण नगरी पक्राउबाट बच्ने वा भाग्ने, उम्कने प्रयत्न गरेमा निजलाई पक्रन प्रहरी कर्मचारीले आवश्यक बल प्रयोग गर्न सक्नेछ। कुनै महिलालाई पक्राउ गर्नु परेमा यथासम्भव महिला प्रहरीद्वारा पक्रन लगाउनु पर्नेछ। यसरी पक्रिएको व्यक्तिको तलासी लिँदा फेला परेको कुनै प्रमाण लिखत वा अन्य कुनै चीज वा खरखजाना, हात हतियार पक्राउ गर्ने प्रहरी कर्मचारीले आफ्नो कब्जामा लिई त्यसको मुचुल्का खडा गरी राख्नु पर्नेछ।

कुनै पनि व्यक्तिलाई अपराधको तहकिकातको लागि चौबीस घण्टाभन्दा बढी थुनामा राख्नु हुँदैन। कुनै अपराधको तहकिकातको सिलसिलामा पक्राउ गरिएको र

---

११९. दफा ९, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

१२०. दफा १०, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

१२१. दफा १२, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

थुनामा राखिएको व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नुपर्ने देखिएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले निजलाई अदालतसमक्ष उपस्थित गराई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्नु पर्नेछ। सो बमोजिम अदालतसँग अनुमति माग्दा थुनामा परेको व्यक्तिउपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नुपर्ने कारण र निजको बयान कागज भइसकेको भए बयान कागजको व्यहोरा स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ र थुनामा राख्ने अनुमतिको लागि अदालतमा उपस्थित गराइएको व्यक्तिले त्यसरी अदालतमा उपस्थित हुँदा आफ्नो शारीरिक जाँचको लागि अदालतसमक्ष निवेदन दिन सक्नेछ। थुनामा राख्ने अनुमति माग्दा अदालतले सम्बन्धित कागजातहरू हेरी तहकिकात सन्तोषजनकरूपमा भए वा नभएको विचार गरी सन्तोषजनकरूपमा तहकिकात भइरहेको एकै पटक वा पटक-पटक गरी बढीमा पच्चीस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ।[१२२]

कुनै मुद्दामा कुनै अभियुक्तको सनाखत गराउनुपर्ने भएमा प्रहरी सहायक निरीक्षकसम्मको प्रहरी कर्मचारीले प्रचलित कानुनको रीत पुऱ्याई सनाखत गराउन सक्नेछ। कुनै मुद्दासँग सम्बन्धित दशी वा चिज वस्तुलाई प्रहरी सहायक निरीक्षकसम्मको प्रहरी कर्मचारीले तोकिएबमोजिमको रीत पुऱ्याई सनाखत गराउन सक्नेछ।[१२३]

दफा १६ अनुसार कुनै अपराधको तहकिकात पूरा भएपछि तहकिकात गर्ने प्रहरी कर्मचारीले अपराध भएको र सबै वा केही अभियुक्तउपर मुद्दा चलाउन प्रमाण पुग्ने देखिएकोमा सोही कुरा खोली तथा अपराध नभएको देखिएको वा अपराध भएको भए पनि अभियुक्त यही हो भन्ने खुल्न नसकेको वा कुनै पनि अभियुक्तउपर मुद्दा चलाउन प्रमाण नपुग्ने देखिएमा सोही व्यहोरा खुलाई आफ्नो रायसहित थुनुवा नभएको मुद्दा भए सम्बन्धित कानुनको हदम्याद पुग्ने कम्तिमा पन्ध्र दिन अगावै र थुनामा भएको मुद्दा भए मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने र अभियोगपत्र तयार गरी अदालतमा दायर गर्न लाग्ने समयलाई समेत ध्यानमा राखी मिसिल कागजको सक्कल र नक्कलप्रति, दसी प्रमाणसहित सरकारी वकिल कार्यालयमा पठाउनु पर्नेछ।

दफा १७ अनुसार अभियोगपत्र दायर गर्न सकिन्छ जसमा अभियुक्तको पूरा नाम, थर, वतन, अपराधसम्बन्धी सूचनाको व्यहोरा, अपराधसम्बन्धी विवरण, अभियुक्तउपर लगाइएको अभियोग र तत्सम्बन्धी प्रमाण, सम्बन्धित कानुन, अभियुक्तलई हुनुपर्ने सजाय र अपराधबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति भराई दिनुपर्ने भए सो क्षतिपूर्तिको रकम आदि उल्लेख गरिनु पर्दछ। अभियुक्तले पहिले पनि कुनै अपराधमा सजाय पाइसकेको कारणले बढी सजाय हुनुपर्ने अवस्था रहेछ भने निजले पहिले सजाय पाएको मिति र सजाय गर्ने अदालतको नाम पनि उल्लेख गर्नु पर्नेछ। अदालतमा अभियोगपत्र दायर गर्दा कुनै अपराधको सम्बन्धमा श्री ५ को सरकारको वा श्री ५ को सरकारबाट अधिकार प्राप्त अधिकृतको वा कुनै कानुनद्वारा तोकिएको कुनै अधिकृतको स्वीकृति चाहिने भएमा

---

१२२. दफा १४, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

१२३. दफा १५, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

त्यस्तो स्वीकृतिको लिखत तहकिकातको मिसिल तथा तहकिकातको सिलसिलामा जेल परेका प्रमाणहरू पनि साथै पेश गर्नु पर्नेछ र अभियुक्त पक्राउ परेको भए निजलाई पनि अदालतमा उपस्थित गराउनु पर्नेछ।

सरकारी वकिलले मुद्दा नचल्ने निर्णय गरेकोमा मिसललगायतका दसी प्रमाणका चीज वा वस्तु सम्बन्धित प्रहरी कार्यालयमा फिर्ता पठाउनु पर्नेछ र त्यस्तो मिसिल लगायतको दसी प्रमाणका चीज वा वस्तु प्रहरीले तोकिएको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ।[१२४] कुनै अपराधको सम्बन्धमा मुद्दा नचलाउने निर्णय भएपछि सम्बन्धित प्रहरी कर्मचारीले त्यसको सूचना जाहेरवालालाई दिनु पर्नेछ।[१२५] कुनै व्यक्तिलाई हिरासतमा राखिरहन आवश्यक नदेखिएमा तोकिएबमोजिम सरकारी वकिलको सहमती लिई वा अवस्थानुसार नलिई मनासिव कारणसहितको पर्चा खडा गरी प्रहरी कर्मचारीले त्यस्तो व्यक्तिलाई हाजिर जमानीमा छाड्न सक्नेछ।[१२६]

अनुसूची-२[१२७] मा लेखिएको मुद्दा र प्रचलित कानुनमा सरकारवादी भनिएको देवानी मुद्दा चलाउन चाहने व्यक्तिले त्यस्तो मुद्दाको विषयमा आफूसँग भएको वा आफूले देखे जानेसम्मको सबूद प्रमाण खुलाई श्री ५ को सरकारबाट यस सम्बन्धमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको वा प्रचलित कानुनमा तोकिएको अधिकृतलाई लिखित दरखास्त वा मौखिक खबर दिनुपर्छ। मौखिक खबर दिएकोमा सम्बन्धित अधिकृतले त्यस्तो व्यक्तिको कुरा दरखास्तको रूपमा लेखी निजको सहिछाप गराई लिनु पर्नेछ।[१२८] सरकारी वकिलसमक्ष मिसिल पठाउँदा सरकारी वकिलले मुद्दा चल्ने नचल्ने निर्णय गर्न लाग्ने समय र सरकारी वकिलबाट मुद्दा चल्ने निर्णय भएमा फिरादपत्र तयार गरी मुद्दा दायर गर्न लाग्ने समयलाई समेत ध्यानमा राखी समयभित्र पठाउनु पर्नेछ।[१२९] सरकारी वकिलले मुद्दा नचल्ने निर्णय गरेकोमा मिसिल र सबूद प्रमाण सम्बन्धित अधिकृत कहाँ फिर्ता पठाउनु पर्नेछ र त्यस्तो मिसिल र सबूद प्रमाण सम्बन्धित अधिकृतले तोकिएको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ।[१३०] अनुसूची-१ वा २ मा

---

१२४. दफा १८, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

१२५. दफा १९, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

१२६. दफा २०, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

१२७. सरकारी जग्गा दपोटसम्बन्धी मुद्दा, तिरो दपोटसम्बन्धी मुद्दा, मुलुकी ऐन अदलको महलको २ नं. र ३ नं. अन्तर्गतको मुद्दा, मुलुकी ऐन लेनदेन व्यवहारको महलको ३५ नं. अन्तर्गतको मुद्दा, मुलुकी ऐन जग्गा आवाद गर्नेको महलको १२ नं. अन्तर्गतको मुद्दा, मुलुकी ऐन जग्गा पजनीको महलको १६ नं. अन्तर्गतको मुद्दा, मुलुकी ऐन अपुतालीको महलको १७ नं. अन्तर्गतको मुद्दा, मुलुकी ऐन कल्याण धनको महलको १ नं. अन्तर्गतको मुद्दा, सरकारी रकम कलम दबाएको वा सरकारी हक दैया लाग्ने कुरा कायम गर्ने विषयको मुद्दा, यो ऐनबमोजिम श्री ५ को सरकार वादी हुने भनी श्री ५ को सरकारले समय-समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको देवानी मुद्दा

१२८. दफा २१, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

१२९. दफा २१.४, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

१३०. दफा २१.७, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

लेखिएको मुद्दा श्री ५ को सरकारवादी भई चल्नेछन् र त्यस्तो मुद्दासम्बन्धी सूचना दिने व्यक्तिवादी पक्षको गवाह मानिनेछ।[१३१]

दफा २३ अनुसार पुनरावेदन वा पुनरावलोकन गर्दा अनुसूची-१ वा २ मा लेखिएका मुद्दा र कुनै ऐनमा श्री ५ को सरकारवादी हुने भनी लेखिएको मुद्दामा पुनरावेदन वा पुनरावलोकन वा तत्सम्बन्धी कुनै निवेदन दिनु पर्दा सम्बन्धित सरकारी वकिलले दिनेछ। श्री ५ को सरकार पक्ष वा विपक्ष भएको मुद्दामा पुनरावेदन वा पुनरावलोकन वा तत्सम्बन्धी कुनै निवेदन दिनु पर्दा सम्बन्धित अधिकृत वा कार्यालय प्रमुख आफैंले दिन सक्नेछ। सरकारी काम कारवाहीको सम्बन्धमा कुनै सरकारी कर्मचारी वादी वा प्रतिवादी भई चलेको मुद्दामा पुनरावेदन वा पुनरावलोकन वा निवेदन गर्न पर्ने अवस्थामा वादी वा प्रतिवादी भएको कर्मचारी त्यस पदमा रहेनछ भने त्यस पदमा बहाल रहेका कर्मचारीको नामबाट पुनरावेदन वा पुनरावलोकन वा निवेदन दिन सकिनेछ।

दफा २४ अनुसार श्री ५ को सरकार वा सरकारी कर्मचारीउपर नालिस उजूर दिने र समाव्हान इतलायनामा इत्यादि तामेल गर्ने सक्ने जसअनुसार श्री ५ को सरकारले गरेको काम कारवाहीको सम्बन्धमा नालिस वा उजूर गर्दा श्री ५ को सरकारलाई पक्ष बनाउनु पर्नेछ। सरकारी काम कारवाहीका सम्बन्धमा कुनै सरकारी कर्मचारीउपर नालिस वा उजूर परेकोमा सम्बन्धित कर्मचारी वा निजको सट्टामा काम गर्ने कर्मचारी कहाँ समाव्हान, इतलायनामा वा सूचना पठाउनु पर्छ। त्यस्तो समाव्हान, इतलायनामा वा सूचनामा पद र कार्यालयको ठेगानासम्म लेखे पुग्छ। मुद्दामा पुनरावेदनको म्याद दिँदा अदालतले सत्तरी दिनको म्याद दिनु पर्नेछ।[१३२]

प्रचलित कानुनबमोजिम श्री ५ को सरकार वादी भई हेरिने वा श्री ५ को सरकारको तर्फबाट चलाइएको वा श्री ५ को सरकारउपर परेको मुद्दा मामिला श्री ५ को सरकारको आदेश भएमा सरकारी वकिलले अरू पक्षको सहमतिले त्यस्तो मुद्दा मिलापत्र गर्ने वा अदालतको मञ्जुरीले त्यस्तो मुद्दामध्ये श्री ५ को सरकार वादी भएको फौज्दारी मुद्दा फिर्ता लिन हुन्छ र सो भएमा देहायका कुरामा देहायबमोजिम हुनेछ। मुद्दामा मिलापत्र गरेकोमा कसैलाई बक्सौनी लाग्ने छैन।[१३३]

अनुसूची-१ वा २ मा लेखिएका मुद्दाबाहेक श्री ५ को सरकारको तर्फबाट चलाइने अन्य मुद्दाका सम्बन्धमा सम्बन्धित कानुनमा वा श्री ५ को सरकारले मुद्दा चलाउने वा सबूद प्रमाण संकलन गर्ने कुनै अधिकारी तोकिदिएको भए त्यस्तो अधिकारीबाट र त्यस्तो अधिकारी नतोकिएकोमा सम्बन्धित कार्यालय प्रमुखले सबूद प्रमाण संकलन गरी अभियोगपत्र वा फिरादपत्र दायर गर्न म्याद ननाघ्ने गरी आफ्नो रायसहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकिलसमक्ष मिसिल एवम् सबूद प्रमाण पेश गर्नु पर्नेछ।[१३४] अनुसूची-१ वा २ मा लेखिएको मुद्दा र श्री ५

---

१३१. दफा २२, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

१३२. दफा २५, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

१३३. दफा २७, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

१३४. दफा ३०, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

को सरकार वादी हुने भनी कुनै कानुनमा लेखिएको मुद्दामा सरकारी वकिलले बहस पैरवी र प्रतिरक्षा गर्नेछ। सो बाहेक श्री ५ को सरकारलाई विपक्षी बनाएको वा श्री ५ को सरकारले वादी भई चलाएको मुद्दामा सम्बन्धित निकायबाट अनुरोध भई आएमा सरकारी वकिलले बहस पैरवी वा प्रतिरक्षा गरी दिन सक्नेछ।[१३५] श्री ५ को सरकारलाई सरोकार पर्ने जुनसुकै मुद्दामा प्रतिरक्षाको लागि सम्बन्धित अधिकारीले महान्याधिवक्तालाई सोझै अनुरोध गरी पठाएमा त्यस्तो मुद्दामा महान्यायाधिवक्ताले सरकारी वकिललाई बहस पैरवी वा प्रतिरक्षाको लागि खटाउन सक्नेछ। सरकारी वकिल वा प्रहरी कर्मचारीले गर्न सक्ने वा गर्नुपर्ने कुनै काम देहायको सरकारी वकिल वा प्रहरी कर्मचारीले गर्नु हुन्छः

श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूची-१ वा २ मा लेखिएका मुद्दाहरूमा थपघट गर्न सक्नेछ। यो ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ। माथि लेखिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी देहायका विषयहरूमा नियम बन्न सक्नेछः सरकारी वकिलको काम, कर्तव्य र अधिकार तोक्ने, श्री ५ को सरकारलाई सरोकार पर्ने मुद्दा चलाउने र प्रतिरक्षा गर्ने, तहकिकातसम्बन्धी आवश्यक कुराहरू।[१३६]

---

१३५. दफा ३१, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

१३६. दफा ३३, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

सशस्त्र प्रहरी ऐन, २०५८

नेपाल अधिराज्यमा शान्ति र सुव्यवस्था काम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नको लागि सशस्त्र प्रहरी बलको गठन र संचालनसम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले मिति २०५८/५/६ मा लालमोहर लागि प्रकाशन गरिएको सशस्त्र प्रहरी ऐन सशस्त्र प्रहरी बलको गठन र संचालनसम्बन्धी व्यवस्था गर्न बनाइएको हो।

दफा २ मा राष्ट्रिय सुरक्षा परिषद, "केन्द्रीय सुरक्षा समिति, सशस्त्र प्रहरी सेवा, सशस्त्र प्रहरी, सशस्त्र प्रहरी अधिकृत, राजपत्राङ्कित अधिकृत, आयोग, अख्तियारवाला, अन्य प्रहरी, सशस्त्र प्रहरी विशेष अदालत, सशस्त्र विद्रोह जस्ता शब्दहरूको परिभाषा ऐनमा गरिएको छ।

परिच्छेद-२ मा सशस्त्र प्रहरी बलको गठन र संचालन सन्वन्धी व्यवस्था गरिएकोछ। नेपाल अधिराज्यमा एक सशस्त्र प्रहरी बलको गठन गरिएको छ, जस्मा रहने सशस्त्र प्रहरीको दरबन्दी संख्या श्री ५ को सरकारले तोकिएबमोजिम हुनेछ।[१३६] सशस्त्र प्रहरीको रेखदेख गर्ने, नियन्त्रण गर्ने र निर्देशन दिने अधिकार श्री ५ को सरकारलाई हुनेछ र श्री ५ को सरकारलाई प्राप्त अधिकार श्री ५ को सरकारले मातहतका कुनै अधिकारीलाई आवश्यकता अनुसार प्रत्यायोजन गर्न सक्नेछ।[१३८] श्री ५ को सरकारको देहायबमोजिमका कार्य गर्ने प्रयोजनको लागि सशस्त्र प्रहरी संचालन गर्नेछ[१३९]

(क) नेपाल अधिराज्यको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र संघर्ष नियन्त्रण गर्न,

(ख) नेपाल अधिराज्यको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि नियन्त्रण गर्न,

(ग) नेपाल अधिराज्यको कुनै भागमा भएको वा हुन सक्ने आतंककारी गतिविधि नियन्त्रण गर्न,

(घ) नेपाल अधिराज्यको कुनै भागमा भएको वा हुन सक्ने दङ्गा नियन्त्रण गर्न,

(ङ) नेपाल अधिराज्यको कुनै भागमा भएको वा हुन सक्ने दैवी प्रकोप र महामारीबाट पीडितको उद्धारमा सहयोग पुऱ्याएर,

(च) नेपाल अधिराज्यको कुनै नागरिक वा अरू कसैलाई अपहरण गरिएमा अपहरित व्यक्तिको उद्धार गर्न वा अन्य कुनै किसिमको जघन्य तथा गम्भीर अपराध घटेमा वा गम्भीर प्रकृतिको अशान्ति भएमा वा हुने आशंका भएमा त्यसलाई नियन्त्रण गर्न,

---

१३६. दफा ३, सशस्त्र प्रहरी ऐन, २०५८

१३८. दफा ४, सशस्त्र प्रहरी ऐन, २०५८

१३९. दफा ६, सशस्त्र प्रहरी ऐन, २०५८

(छ) नेपाल अधिराज्यको सीमा सुरक्षा गर्न,

(ज) बाह्य आक्रमणको अवस्थामा शाही नेपाली सेनाको मातहतमा रही सहयोग गर्न,

(झ) श्री ५ को सरकारले तोकेको सार्वजनिक महत्वका भवन, संरचना र अन्य स्थल आदिको सुरक्षा गर्न,

(ञ) श्री ५ को सरकारले सुरक्षा दिनुपर्ने ठहऱ्याएका व्यक्ति र तोकेको संस्था आदिको सुरक्षा गर्न,

(ट) यो ऐन र यस ऐनअन्तर्गत बनेको नियममा उल्लेख भएका वा अन्य प्रचलित कानुनबमोजिम तोकिएका कार्यहरू गर्न,

(ठ) श्री ५ को सरकारले समय-समयमा तोकेबमोजिमका अन्य कार्यहरू गर्न।

श्री ५ को सरकारले नेपाल अधिराज्यको कुनै भागमा सशस्त्र प्रहरी संचालन गरेकोमा हप्तामा कम्तिमा एकपटक त्यस क्षेत्रमा संचालन भएका सशस्त्र प्रहरीको संख्या र सशस्त्र प्रहरीले गरिरहेको काम कारवाहीको सम्बन्धमा राष्ट्रिय सुरक्षा परिषद् र केन्द्रीय सुरक्षा समितिलाई जानकार गराउन पर्नेछ। श्री ५ को सरकारले मातहतका कुनै विशिष्ट श्रेणीको अधिकारीलाई आवश्यकताअनुसार प्रत्यायोजन गर्न सक्नेछ। यस्तो कुराको जानकारी श्री ५ को सरकारले राष्ट्रिय सुरक्षा परिषद् र केन्द्रीय सुरक्षा समितिलाई दिनु पर्नेछ।[१८०]

केन्द्रीय सुरक्षा समितिमा गृह मन्त्री वा राज्य मन्त्री, अध्यक्ष, सदस्यहरू वलाधिकृत, शाही नेपाली सेना, सचिव, रक्षा मन्त्रालय, सचिव, गृह मन्त्रालय, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक, प्रमुख, राष्ट्रिय अनुसन्धान विभाग, र सदस्य सचिव सहसचिव, गृह मन्त्रालय रहेका हुन्छन्। केन्द्रीय सुरक्षा समितिको बैठकमा आवश्यकता अनुसार अन्य सम्बन्धित अधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।[१८१] नेपाल अधिराज्यको कुनै भागमा शान्ति र सुव्यवस्था कायम गर्ने प्रयोजनको लागि शाही नेपाली सेना संचालन भएको अवस्थामा शाही नेपाली सेना संचालन भएको अवधिभर सम्बन्धित ठाउँका सशस्त्र प्रहरी शाही नेपाली सेनाको नियन्त्रणमा रहनेछन्।[१८२]

परिच्छेद-३ मा सेवाका शर्तहरूका वारेमा व्यवस्था गरिएकोछ। सशस्त्र प्रहरी सेवामा सशस्त्र प्रहरी महानिरीक्षक र तोकिएबमोजिमका अन्य पदहरू रहनेछन्।, जसको पदावधि चार वर्षको हुनेछ र अन्य राजपत्राङ्कित अधिकृतहरूको पदावधि आवश्यकताअनुसार तोकिएबमोजिम हुनेछ।[१८३] सशस्त्र प्रहरी सेवाको खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफरिश गर्न लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको लोक सेवा आयोगको सदस्य, अध्यक्ष तथा सदस्यहरूमा श्री ५ को सरकारको सेवामा बहाल रहेका विशिष्ट श्रेणीका अधिकृतहरूमध्येबाट श्री ५ को सरकारले तोकेका व्यक्ति, सचिव, गृह मन्त्रालय,

---

१८०. दफा ६, सशस्त्र प्रहरी ऐन, २०५८

१८१. दफा ७, सशस्त्र प्रहरी ऐन, २०५८

१८२. दफा ८, सशस्त्र प्रहरी ऐन, २०५८

१८३. दफा ९, सशस्त्र प्रहरी ऐन, २०५८

प्रतिनिधि (विशिष्ट श्रेणी), शाही नेपाली सेना, सशस्त्र प्रहरी महानिरीक्षक रहेको सशस्त्र प्रहरी सेवाको अयोगको गठन हुनेछ। आयोगको पदावधि चार वर्षको हुनेछ। यस परिच्छेदमा स्थानान्तरण, शपथ ग्रहण, पदाधिकार कायम रहने अवधि, विभागीय कारवाही, सजाय र पुनरावेदन, मनमानी बर्खास्ती, निलम्बन तथा बचाउ र तलब, भत्ता तथा अन्य सुविधा र सेवाका अन्य शर्तहरूका बारेमा उल्लेख गरिएकोछ।

परिच्छेद-४ मा सशस्त्र प्रहरीको कर्तव्य र अधिकारको उल्लेख गरिएकोछ, जसअनुसार सशस्त्र प्रहरीको कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:[१४४]

- प्रत्येक सशस्त्र प्रहरी हरहमेशा ड्यूटीमा रहेको मानिनेछ र निजले जुनसुकै बखत खटाइएको स्थानमा गई आफ्नो जिम्मेवारी पूरा गर्नु पर्नेछ।
- आफूभन्दा माथिको दर्जाका सशस्त्र प्रहरीको आज्ञा तदारूकताका साथ पालन गर्नु पर्नेछ।
- प्रत्येक सशस्त्र प्रहरी आफूलाई वा आफ्नो टोलीलाई सुम्पिएको कामप्रति सचेत र सतर्क रहनु पर्नेछ।
- यो ऐन र यस ऐनअन्तर्गत बनेको नियममा उल्लेख भएका तथा अन्य प्रचलित कानुनबमोजिम निजले गर्नुपर्ने भनी उल्लेख भएका अन्य काम गर्नु निजको कर्तव्य हुनेछ।

परिच्छेद-५ मा सशस्त्र प्रहरीले गरेको अपराध र सजायका बारेमा व्यवस्था गरिएकोछ। दफा २७ अनुसार सशस्त्र विद्रोहमा सरीक भएमा, नेपाल अधिराज्यको सार्वभौमसत्ता वा प्रादेशिक अखण्डता वा अक्षुण्णतामा खलल पर्न सक्ने गरी घृणा, द्वेष वा अवहेलना हुने गरी लेखेर, बोलेर वा संकेतद्वारा वा अरू कुनै किसिमबाट कुनै काम कुरा गरे गराएमा, आफ्नो जिम्मा रहेको सरकार वा कसैको हातहतियार वा खरखजाना बेचबिखन गरेमा वा कुनै प्रकारबाट अरू कसैलाई सुम्पिएमा, आफ्नो प्रयोगको निमित्त लिई राखेको वा आफूले जिम्मा लिई राखेको हातहतियार खरखजाना लिई भागेमा, आतङ्ककारी गतिविधिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सघाएमा, सुरक्षासँग सम्बन्धित सूचना तथा खबरहरू राष्ट्रिय वा अन्तर्राष्ट्रिय अनाधिकारिक व्यक्ति, संस्था वा समूहलाई उपलब्ध गराएमा वा उपलब्ध गराउन प्रयास गरेमा वा अन्य कसैलाई त्यस्तो गर्न दुरूत्साहन गरेमा सशस्त्र प्रहरीलाई सर्वस्वसहित जन्मकैदको सजाय हुनेछ।

त्यस्तो सशस्त्र विद्रोह गर्ने उद्योग गरेमा, आफू खटिएको वा आफूले रक्षा गर्नुपर्ने सार्वजनिक महत्वको भवन, संरचना वा स्थल, कार्यालय वा अन्य कुनै स्थानमा हुलदङ्गा गरेमा वा आक्रमणकारीले आक्रमण गरेका बखत नामर्दिपन देखाई भागेमा, लुट्ने अभिप्रायले कुनै घर वा कुनै ठाउँ भत्काए, फोरे वा कुनै किसिमले धनमाल लुटेमा वा हानी, नोक्सानी वा क्षति गरेमा सशस्त्र प्रहरीलाई सात वर्षदेखि बाह्र वर्षसम्म कैदको सजाय हुनेछ।

ड्यूटीमा रहेको वा नरहेको भए पनि माथिको दर्जाको सशस्त्र प्रहरी वा सुरक्षासँग सम्बन्धित अधिकार प्राप्त अन्य अधिकारी भन्ने थाहा पाएपछि वा थाहा हुने मनासिब आधार हुँदाहुँदै आपराधिक बल प्रयोग गरेमा वा गर्ने उद्योग गरेमा, सशस्त्र

---

१४४. दफा २४, सशस्त्र प्रहरी ऐन, २०५८

विद्रोहका षडयन्त्र वा उद्योग गरेको थाहा पाएर पनि आफूभन्दा माथिको दर्जाका वा उच्च पदाधिकारीलाई यथाशक्य चाँजो खबर वा सूचना नदिएमा, श्री ५ को सरकार वा श्री ५ को सरकारको काम कारवाहीप्रति खलल पर्न सक्ने गरी घृणा, द्वेष वा अवहेलना हुने गरी लेखेर वा वचन वा आकार र चिन्हद्वारा कुनै काम कुरा गरे गराएमा, आफ्नो जिम्मामा रहेको थुनुवा कैदीलाई जानी-जानी भाग्न दिएमा वा भगाएमा सशस्त्र प्रहरीलाई पाँच वर्षदेखि सात वर्षसम्म कैदको सजाय हुनेछ।

आफूभन्दा माथिको दर्जाको सशस्त्र प्रहरीले दिएको आदेश पालन नगरेमा, आफ्नो जिम्मामा वा कमाण्डमा रहेका व्यक्तिहरूको संख्या वा अवस्था वा नगदी वा जिन्सीको जानी-जानी झूठो विवरण पेश गरेमा, कुनै राजनीतिक संगठन वा दलको सदस्यता ग्रहण गरेमा वा राजनीतिक उद्देश्यले आयोजित जुलुस वा प्रदर्शनमा भाग लिएमा, आफ्नो जिम्मामा रहेका हातहतियार, खरखजाना वा सवारी साधन वा नगदी वा जिन्सी सामानको दुरूपयोग गरेमा, लापरवाहीपूर्वक हराएमा, बिगारेमा वा भत्काएमा, आफ्नो जिम्माको सरकारी सम्पत्ति वा सरसामान लिई भागेमा, अर्काको सम्पत्ति वा सामान जबर्जस्ती गरी लिएमा, मुलुकको धार्मिक र सामाजिक सद्भाव खलबल्याउन सहयोग पुऱ्याएमा, सशस्त्र प्रहरी बलको सेवाबाट भागेमा, आफूलाई नियुक्त गर्न अख्तियार पाएका अधिकारीको इजाजतबिना राजीनामा गरेमा वा आफ्नो पदको कर्तव्य पालन गर्न छाडेमा सशस्त्र प्रहरीलाई तीन वर्षदेखि पाँच वर्षसम्म कैदको सजाय हुनेछ।

परिच्छेद-६ मा सशस्त्र प्रहरी विशेष अदालतको गठन र पुनरावेदन सन्बन्धी व्यवस्था गरिएकोछ। परिच्छेद-५ अन्तर्गत सजाय हुने कसूरसम्बन्धी मुद्दाको शुरू कारवाही र किनारा गर्न श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एउटा सशस्त्र प्रहरी विशेष अदालत गठन गर्नेछ।[१४५] सशस्त्र प्रहरी विशेष अदालतमा न्याय सेवाको विशिष्ट श्रेणीको अधिकृतको अध्यक्षतामा सशस्त्र प्रहरी सेवाको कम्तिमा प्रहरी नायव महानिरीक्षकसम्मको प्रहरी अधिकृत एकजना र गृह मन्त्रालय वा सोअन्तर्गतको एकजना कम्तिमा सहसचिव स्तरसम्मको अधिकृतसहित तीनजना सदस्यहरू रहनेछन्। अदालतको कार्यवाही सम्बन्धमा ऐनमा उल्लेख गरिएकोछ।
सशस्त्र प्रहरी विशेष अदालतले मुद्दामा साक्षी बुझेको मितिले सामान्यतया नब्बे दिनभित्र मुद्दाको किनारा गरिसक्नु पर्नेछ।[१४६] सशस्त्र प्रहरी विशेष अदालतले गरेको निर्णयमा चित्त नबुझ्नेले पैंतीस दिनभित्र सम्बन्धित क्षेत्रको पुनरावेदन अदालतसमक्ष पुनरावेदन गर्न सक्नेछ।[१४७]

दफा ३४ ले समन्वय समितिको व्यवस्था गरेकोछ, जसअनुसार नेपाल अधिराज्यभित्र शान्ति र सुव्यवस्था कायम गर्ने कार्यमा सशस्त्र प्रहरी र अन्य प्रहरी संगठन बीच सामञ्जस्यता ल्याउन र समन्वय गर्न केन्द्रमा गृह मन्त्रालयको सचिवको संयोजकत्वमा प्रहरी महानिरीक्षक र सशस्त्र प्रहरी महानिरीक्षक सदस्य रहेको एक

---

१४५. दफा २८, सशस्त्र प्रहरी ऐन, २०५८
१४६. दफा ३१, सशस्त्र प्रहरी ऐन, २०५८
१४७. दफा ३३, सशस्त्र प्रहरी ऐन, २०५८

समन्वय समिति रहनेछ। यस्तो समन्वय समिति क्षेत्रीय तथा जिल्लास्तरमा पनि तोकिएबमोजिमका पदाधिकारीहरू रहेको समन्वय समिति रहने सक्नेछ र यसले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्नेछ।

सशस्त्र प्रहरी अध्यायदेश, २०५७ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले: सो अध्यादेश निष्क्रिय हुँदाको बखत चल्ती नभएको वा कायम नरेहेको कुनै कुरा पनि जगाउने छैन, सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सो बमोजिम रित पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन, सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन, सो अध्यादेशबमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्ने छैन, माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानुनी कारवाही वा उपायलाई पनि शुरू गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ।

सार्वजनिक सुरक्षा ऐन, २०४६

मिति २०४६/६/११ मा लालमोहर लागि प्रकाशन भएको यो ऐन नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्था तथा सर्वसाधारण जनताको हित वा विभिन्न जात, जाति वा सम्प्रदायहरू बीच सुसम्बन्ध कायम राख्न कुनै व्यक्तिलाई निवारक नजरबन्दमा राख्ने वा स्थान हद गर्ने सम्बन्धमा समयोचित व्यवस्था गर्न बाञ्छनीय भएकोले, सार्वजनिक सुरक्षा कायम राख्ने सम्बन्धमा व्यवस्था गर्न बनाइएको भनी प्रस्तावनामा उल्लेख गरिएकोछ। सार्वजनिक सुरक्षा (पहिलो संशोधन) ऐन, २०४७ ले २०४७/१२/२९, सार्वजनिक सुरक्षा (दोश्रो संशोधन) ऐन, २०४८ ले २०४८/७/२८ र केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८ ले २०४९/१/८ मा गरी तीन पटक संशोधन गरिएकोछ।

नजरबन्दको आदेश, स्थान हदको आदेश र स्थानीय अधिकारी शब्दहरूको परिभाषा गरिएकोछ। जसअनुसार नजरबन्दको आदेश भन्नाले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति व्यवस्थामा तत्काल खलल पर्न सक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने उचित र पर्याप्त आधार भएमा स्थानीय अधिकारीले निजलाई कुनै खास अवधिसम्म कुनै खास ठाउँमा नजरबन्द राख्ने आदेश जारी गर्न सक्नेछ।[१४८] स्थान हदको आदेश भन्नाले सर्वसाधारण जनताको हित वा विभिन्न जात, जाति वा सम्प्रदायहरू बीचको सुसम्बन्धमा खलल पर्न सक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नुपर्ने उचित र पर्याप्त आधार भएमा स्थानीय अधिकारीले त्यस्तो व्यक्तिलाई स्थानहद गर्नको लागि निजको नाममा देहायबमोजिम कुनै आदेश जारी गर्न सक्नेछ।[१४९]

- नेपाल अधिराज्यको कुनै ठाउँमा नबस्नु भनी,
- नेपाल अधिराज्यको कुनै ठाउँमा प्रवेश नगर्नु भनी,
- नेपाल अधिराज्यको कुनै ठाउँमा मात्र बस्नु भनी।

कुनै व्यक्तिलाई नेपाल अधिराज्यको सुरक्षा, शान्ति र व्यवस्था, मित्रराष्ट्रसँगको सुसम्बन्ध वा विभिन्न वर्ग वा क्षेत्रका जनताको बीचको सुसम्बन्धमा प्रतिकूल असर पर्न सक्ने कुनै काम कुरा गर्नबाट रोक्नको लागि श्री ५ को सरकार, गृह मन्त्रालयले त्यस्ता व्यक्तिलाई श्री ५ को सरकारको स्वीकृतिबिना नेपाल अधिराज्य बाहिर जान नपाउने गरी आदेश जारी गर्न सक्नेछ।[१५०]

कुनै आदेश जारी गर्दा स्थानीय अधिकारीले त्यस्तो आदेश जारी गर्नुपर्ने कारण र आधार खुलाई सो आदेश सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ। स्थानीय अधिकारीले सो आदेशको प्रतिलिपि सहित त्यसको जानकारी गृह मन्त्रालयलाई पनि दिनुपर्नेछ।[१५१] कुनै

---

१४८. दफा ३.१, सार्वजनिक सुरक्षा ऐन, २०४६

१४९. दफा ३.२, सार्वजनिक सुरक्षा ऐन, २०४६

१५०. दफा ३.३, सार्वजनिक सुरक्षा ऐन, २०४६

१५१. दफा ४.१, सार्वजनिक सुरक्षा ऐन, २०४६

व्यक्तिलाई नजरबन्द राख्ने गरी आदेश जारी भएकोमा जुन जिल्लामा नजरबन्द राख्ने आदेश भएको हो सो जिल्लाको जिल्ला अदालतलाई चौबीस घण्टाभित्र आदेशको प्रतिलिपिसहित स्थानीय अधिकारीले सूचना पठाउनु पर्नेछ। उल्लेखित आदेश जारी गर्नु परेका कारण विद्यमान नरहेको चौबीस घण्टाभित्र स्थानीय अधिकारीले त्यस्तो आदेश खारेज गर्नु पर्नेछ।[१५२]

कसैलाई नजरबन्दमा राख्ने गरी जारी गरिएको आदेश अगावै खारेज भएमा बाहेक जारी भएको मितिले नब्बे दिनसम्म कायम रहनेछ। माथि जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा नजरबन्दको आदेशको अवधि देहायबमोजिम हुनेछ।[१५३]

- कुनै व्यक्तिलाई नब्बे दिनभन्दा बढी अवधिको लागि नजरबन्द राख्न आवश्यक देखिएमा त्यसको कारण र आधारसहित स्थानीय अधिकारीले श्री ५ को सरकार, गृह मन्त्रालयमा लेखी पठाउनु पर्नेछ। श्री ५ को सरकार, गृह मन्त्रालयले स्थानीय अधिकारीको सुझाव उचित ठहऱ्याई अनुमोदन गरेमा त्यस्तो आदेश जारी भएको मितिले छ महिनासम्म कायम रहनेछ
- कुनै व्यक्तिलाई छ महिनाभन्दा बढी अवधिको लागि नजरबन्द राख्नुपर्ने देखिएमा श्री ५ को सरकार, गृह मन्त्रालयको दफा ७ बमोजिमको सल्लाहकार समितिसँग राय लिनेछ। सल्लाहकार समितिले नजरबन्दको अवधि बढाउन उचित छ भनी राय दिएमा नजरबन्दको आदेशको अवधि त्यस्तो आदेश जारी भएको मितिले बाह्र महिनासम्म कायम रहनेछ।

दफा ६ मा स्थानहदको आदेश लागू रहने अवधि निर्धारण गरिएकोछ। जसअनुसार कुनै व्यक्तिको सम्बन्धमा जारी गरिएको स्थानहदको आदेश अगावै खारेज गरिएमा बाहेक सो आदेश जारी गरिएको मितिले तीस दिनसम्म कायम रहनेछ र यस ऐनबमोजिम जारी गरिएको स्थानहदको आदेश तीस दिनभन्दा बढी अवधिको लागि कायम राख्न आवश्यक देखिएमा त्यसको कारण र आधारसहित स्थानीय अधिकारीले श्री ५ को सरकार, गृह मन्त्रालयमा लेखी पठाउनु पर्नेछ। श्री ५ को सरकार, गृह मन्त्रालयको स्थानीय अधिकारीको सुझाव उचित ठहऱ्याई अनुमोदन गरेमा त्यस्तो आदेश जारी भएको मितिले नब्बे दिनसम्म कायम रहनेछ।

यस ऐनको प्रयोजनको निमित्त श्री ५ को सरकारले प्रधान न्यायाधीशसँग परामर्श गरी सर्वोच्च अदालतका बहालवाला न्यायाधीशको अध्यक्षतामा सोही अदालतका बहालवाला वा अवकाश प्राप्त अन्य दुई जना न्यायाधीश सदस्य रहेको सल्लाहकार समिति गठन गर्न सक्नेछ।[१५४] नजरबन्दमा रहेको कुनै व्यक्तिको नजरबन्दको आदेशको अवधि छ महिनाभन्दा बढी समयसम्म कायम राख्न आवश्यक छ भन्ने लागेमा श्री ५ को सरकार, गृह मन्त्रालयले त्यसको कारण र आधार तथा स्थानीय अधिकारीले त्यस सम्बन्धमा कुनै सुझाव दिएको भए सो सुझाव र नजरबन्दमा रहेको व्यक्तिको तर्फबाट

---

१५२. दफा ४.२, सार्वजनिक सुरक्षा ऐन, २०४६

१५३. दफा ५, सार्वजनिक सुरक्षा ऐन, २०४६

१५४. दफा ७, सार्वजनिक सुरक्षा ऐन, २०४६

श्री ५ को सरकारसमक्ष कुनै उजूर परेको भए सो उजूर सहितको प्रतिवेदन सल्लाहकार समितिसमक्ष पेश गर्नुपर्छ। प्राप्त प्रतिवेदन तथा अन्य कागजात र नजरबन्द राखिएको व्यक्तिसँग उपदफा ८.३ बमोजिम सोधपुछ गरिएको वा स्पष्टीकरण मागिएको भए निजको जवाफ वा स्पष्टीकरणसमेत उपर विचार गरी सल्लाहकार समितिले नजरबन्दको अवधि बढाउनु आवश्यक छ वा छैन भन्ने राय श्री ५ को सरकारसमक्ष पठाउनेछ। सल्लाहकार समितिले आवश्यक देखेमा नजरबन्दमा रहेको व्यक्तिसित कुनै कुरा सोधपुछ गर्न वा स्पष्टीकरण माग गर्न सक्नेछ।[१५५] स्थानीय अधिकारीले आफूले जारी गरेको कुनै पनि आदेशलाई सो आदेशमा तोकिएको अवधि अगावै जहिलेसुकै पनि खारेज गर्न सक्नेछ अधिकार ऐनको दफा ९ ले दिएकोछ।

माथि उल्लेखित आदेशको बर्खिलाप गर्ने व्यक्तिलाई स्थानीय अधिकारीले छ महिनासम्म कैद वा एकहजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो सजायको आदेशउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ। पुनरावेदन अदालतले आदेशको बर्खिलाप भएको छ छैन भन्ने विषयमा सीमित रही पुनरावेदनको किनारा गर्नेछ।[१५६] दफा ११ अनुसार यस ऐनअन्तर्गत जारी भएको आदेशउपर कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन। नजरबन्दमा राखिएको कुनै व्यक्तिलाई छोड्नु पर्दा सम्बन्धित जिल्ला अदालतको न्यायाधीश वा निजको अनुपस्थितिमा श्रेस्तेदारको रोहबरमा छोड्नुपर्छ।[१५७] बदनियतपूर्वक नजरबन्दमा राखेकोमा क्षतिपूर्ति पाउन सक्ने:

- यस ऐनबमोजिम नजरबन्दमा राखिएको व्यक्तिले आफूलाई यस ऐनको विपरीत वा बदनियतपूर्वक नजरबन्दमा राखेको लागेमा दफा ११ मा जुनसुकै कुरा लेखिएको भए तापनि नजरबन्दमा छँदै वा नजरबन्दबाट मुक्त भएको पैंतीस दिनभित्र त्यस्तो नजरबन्दको आदेश जारी गर्ने स्थानीय अधिकारीबाट क्षतिपूर्ति भराई दिनको लागि जिल्ला अदालतमा उजुरी दिन सक्नेछ।
- उजूरीको व्यहोरा प्रमाणित भएमा जिल्ला अदालतले नजरबन्द राखिएको अवधि, नजरबन्दमा राखिएको व्यक्तिको उमेर, निजको सामाजिक प्रतिष्ठा, नजरबन्द रहेबाट निजलाई परेको आर्थिक हानी इत्यादि कुराहरूको विचार गरी श्री ५ को सरकारबाट उजूरवालालाई मनासिव क्षतिपूर्ति भराई दिने निर्णय गर्नेछ।
- उजूरीको सम्बन्धमा प्रतिरक्षा गर्न स्थानीय अधिकारीले सरकारी वकिलको कार्यालयलाई अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध गरेमा अदालतमा सरकारी वकिलले निजको प्रतिरक्षा गरी दिनु पर्नेछ।

यो ऐनअन्तर्गत स्थानीय अधिकारीले जारी गरेको आदेश बदनियतसाथ जारी गरेको ठहरिएमा त्यस्तो अधिकारीलाई विभागीय कारवाही भई सजाय हुनेछ।[१५८] यो ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ।

---

१५५. दफा ८, सार्वजनिक सुरक्षा ऐन, २०४६

१५६. दफा १०, सार्वजनिक सुरक्षा ऐन, २०४६

१५७. दफा १२, सार्वजनिक सुरक्षा ऐन, २०४६

१५८. दफा १३, सार्वजनिक सुरक्षा ऐन, २०४६

सैनिक ऐन, २०१६

मिति २०१६/३/१४ मा लालमोहर लागि प्रकाशन भएको शाही नेपाली सेनासम्बन्धी ऐन संशोधन तथा एकीकरण गर्न बनेको ऐनको प्रस्तावनामा श्री ५ को सशस्त्र सेनाको पुनर्निर्माण भएकोले शाही नेपाली सेनाबारे भइरहेको ऐनहरूलाई संशोधन तथा एकीकरण गर्नुपर्ने आवश्यक देखिएकोले यो ऐन बनाई जारी गरिएको हो भनिएकोछ। सैनिक (संशोधन) ऐन, २०२० द्वारा चार पटक र दण्ड सजायसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५६ द्वारा एक पटक गरी जम्मा पाँच पटक संशोधन गरिएकोछ।

नेपाल अधिराज्यभित्र वा बाहिर जहाँसुकै रहे बसेको भए तापनि यो ऐनअन्तर्गत शाही नेपाली सेनामा भर्ना गरिएको गैरव्यक्तिहरू, र जङ्गी कारवाहीको निमित्त क्याम्पमा, वा मार्चमा वा श्री ५ को सरकारबाट जङ्गी कारवाहीको इलाका भनी घोषित गरिएको इलाकामा शाही नेपाली सेनाले काममा लगाएका वा शाही नेपाली सेनाको सेवामा रहेका, वा शाही नेपाली सेनाको पछि-पछि वा साथ लागी जाने, लेखिएबाहेक अरू अवस्थामा सैनिक कानुनका अधीनमा नपर्ने गैरव्यक्तिहरू लाई लागू हुनेछ।[१५९]

यस ऐनमा शाही नेपाली सेना, फोर्स, जंगी कारवाहीमा लागेको, कारागार, अधिकृत, प्रधान सेनापति, कमाण्डिङ्ग अधिकृत, जुनियर कमिशण्ड अधिकृत वा पदिक वर्ग, बिलादार, चम, शत्रु, प्रभोष्ट मार्शल, सिने प्राड विवाक, पति, आफूभन्दा माथिका अधिकृत, सूचना जस्ता शब्दहरूको परिभाषा गरिएकोछ।

परिच्छेद-२ मा विशेष अवस्थामा यो ऐन लागू गराउने खास व्यवस्थाका बारेमा उल्लेख गरिएकोछ। जसमा श्री ५ बाट कुनै फोर्सलाई यो ऐनका सबै वा केही दफाहरू रूपान्तर गरी वा नगरी लागू गर्न र त्यसरी लागू गर्दा सो फोर्ससम्बन्धी कुनै कानुनलाई केही कालसम्मको निमित्त स्थगित राख्न सकिबक्सनेछ।[१६०] यो ऐन लागू हुने व्यक्तिहरूले बटालियनभन्दा बढी भएको कुनै सैनिक संगठनका कमाण्डिङ्ग अधिकृतको अधीन काम गरी राखेको बखत श्री ५ बाट यो ऐनअन्तर्गत सेना, सेना चमु, पृतना तथा बाहिनीको अधिकृत कमाण्डिङ्गको अधिकार सम्पन्न एक अधिकृतलाई त्यस्ता व्यक्तिहरूउपर अधिकार प्रयोग गर्ना निमित्त मुकरर गर्न सकिबक्सनेछ।[१६१] श्री ५ बाट यो ऐनअन्तर्गत जुनसुकै व्यक्ति वा व्यक्तिहरूको दललाई जहाँसुकै काम गरिहरहको भए पनि यो ऐनका जुनसुकै दफा वा अरू कुनै ऐन लागू भई रहेको भए तापनि यो ऐनबमोजिम जंगी कारवाहीमा लागेको भनी घोषित गर्न सकिबक्सिनेछ।[१६२]

---

१५९. दफा १, सैनिक ऐन, २०१६
१६०. दफा ३, सैनिक ऐन, २०१६
१६१. दफा ६, सैनिक ऐन, २०१६
१६२. दफा ७, सैनिक ऐन, २०१६

परिच्छेद-३ मा आयुक्त पद-कमिशन तथा भर्ना सम्बन्धी व्यवस्थाका बारेमा उल्लेख गरिएकोछ। श्री ५ बाट योग्य ठहराईबक्सेको व्यक्तिलाई शाही नेपाली सेनामा अधिकृतको आयुक्त पद प्रदान गर्न सकिबक्सनेछ।[१६३] नेपाली नागरिक नभई कुनै व्यक्ति शाही नेपाली सेनामा भर्ना गरिने छैन। तर श्री ५ बाट आवश्यक सम्झिबक्सेमा अल्पकालको लागि अनागरिक व्यक्ति पनि भर्ना गरिबक्सनेछ।[१६४] श्री ५ बाट निर्दिष्ट गरिबक्सेको कुनै चमु, डिपार्टमेण्ट, हिस्सा वा शाही नेपाली सेनाका कुनै अंग वा सो शाही नेपाली सेनाको कुनै भागसित जोडिएको संघमा बाहेक कुनै पनि महिला शाही नेपाली सेनामा भर्ना हुने वा काममा लगाइने छैन। तर यस दफाले महिलाहरू भर्ना हुन सक्ने वा काममा लगाउन सकिने शाही नेपाली सेनाको कुनै सहायक सेना वा त्यसको कुनै शाखा खडा गर्नको लागि बनेको कुनै कानुनहरूमा केही बाधा गर्ने छैन।[१६५]

परिच्छेद-४ मा सेवाको शर्तहरू का बारेमा उल्लेख गरिएकोछ, जस्तो भर्ना, प्रमोशन, विदा, शपथ ग्रहण सेवाको अवधि, सेवाबाट हटाउने र दर्जा घटाउन, यो ऐन लागू हुने व्यक्तिहरूको केही मौलिक हकहरू हेरफेर गर्ने (व्यापारी संघ, मजदुर संघ वा कुनै सामाजिक संघ वा संस्थामा सम्मिलित हुने वा सदस्य बन्न, कुनै सभामा हाजिर हुने औ भाषण दिने वा राजनीतिक वा अन्य उद्देश्यबाट कुनै व्यक्ति समूहले आयोजित प्रदर्शनमा भाग लिन, कुनै किताब, चिठ्ठी या अन्य कागजातहरू छाप्ने छपाउन र अन्य सेवासम्बन्धी कुराहरू आदि।

परिच्छेद-५ मा सेवामा पाइने विशेष सुविधाको व्यवस्था गरिएकोछ, जस्तै अधिकृतबाहेक अरू व्यक्तिको मर्का हटाउने उपाय, मर्का पारेमा वा अन्याय गरेमा त्यस्ता व्यक्तिले तहबाट पतिलाई उजूर गर्ने, कुनै व्यक्तिको हातहतियार, लुगा सैनिक सरसामान वा अरू आवश्यक चीजहरू र आफ्ना कर्तव्य पालनामा प्रयोग गरिएको कुनै जनावर वा पूरा वा आंशिक तलब, भत्ता कुनै देवानी अदालत वा राजस्वसम्बन्धी मुद्दा हेर्ने अदालत वा त्यस्तो अधिकार पाएको अधिकारीको निर्णय फैसला वा आदेशले रोक्का वा जफत गरिने, कुनै अधिकृतले मर्का पारेमा र मर्का हटाउने, रोक्काबाट बचाउ, ऋणमा पक्राउ गर्न नपाउने, सैनिक अदालतमा सामेल हुने कुनै मानिसलाई पक्राउबाट बचाउ, रिजर्भ फोर्सका व्यक्तिहरूको सुविधा, कर्तव्य पालन[१६६]को सिलसिलामा गरेको कामको बचाउ, सैनिकहरूको मुद्दा मामिलालाई प्राथमिकता, कानुनअन्तर्गत सुविधाहरूको बचाउ आदि।

परिच्छेद-६ मा सैनिकहरूले गरेको कसूर बारे उल्लेख गरिएकोछ। यो ऐन लागू हुने व्यक्तिलाई सैनिक अदालतबाट कसूरको प्रकृति हेरी लामो र छोटो अवधि गरी सर्वश्वसहित जन्मकैदको सजाय, चौध वर्षसम्म कैद, ७ वर्षसम्म कैदको सजाय हुनेछ।

---

१६३. दफा ८, सैनिक ऐन, २०१६

१६४. दफा ९, सैनिक ऐन, २०१६

१६५. दफा ९, सैनिक ऐन, २०१६

१६६. "कर्तव्य पालनको सिलसिलामा गरेको कुनै कार्य" भन्नाले "आन्तरिक सुरक्षा वा आत्मरक्षाको लागि गरिने कार्य फल्याग मार्च, पेट्रोलिङ्ग, चपटे ड्यूटी आदि समेतलाई जनाउँछ।"

सैनिक विद्रोहको कसूरको दोषी ठहरिएमा निज ज्यान सजाय वा यो ऐनमा लेखिएका घटी सजायको भागी हुनेछ। यो ऐन लागू हुने कुनै व्यक्ति सेवा छाडी भाग्ने वा भाग्ने उद्योग गरेको दोषी सैनिक अदालतबाट ठहरिएमा निजलाई जंगी कारवाहीमा लागेको बखत वा यस्तो कारवाहीका अर्डर पाएपछि कसूर गरेको रहेछ भने सर्वश्वसहित जन्मकैदको सजाय वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ। तर यस खण्डबमोजिम सजाय हुने व्यक्ति भागेको ३५ दिनभित्र पनि फेला परेन वा हाजिर हुन आएन भने निजको अंश रोक्का गरिनेछ र तीन वर्षसम्म पनि त्यस्तो व्यक्ति हाजिर भएन वा खोज तलास गर्दा फेला परेन भने अंश जफत गरी लिलाम गरिनेछ।[१६७] अरू कुनै अवस्थमा कसूर गरेको रहेछ भने निजको अंश सर्वस्व वा सात वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ। आफ्ना अख्तियारबमोजिम कुनै कारवाही नगरेको सैनिक अदालतबाट दोषी ठहरिएमा निज दुई वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ।

ढाँटी दली भर्ना हुनेलाई सैनिक अदालतबाट दोषी ठहराइएमा निज पाँच वर्षसम्म कैद वा यसै ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ।[१६८] आफ्नो ओहदालाई नसुहाउँदो आचरण गरी हिड्ने कुराको कुनै अधिकृत सैनिक अदालतबाट दोषी ठहरिएमा निज जागिरबाट बर्खास्त हुने सजाय वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ।[१६९] दफा ३८ अनुसार यो ऐन लागू हुने कुनै व्यक्तिले निर्दयी, अशिष्ट वा अस्वाभाविक किसिमको कुनै निन्दनीय आचरण गरेमा, आफूमा कमजोरी वा रोग पैदा गरेमा, ज्यूसाँचा भई रोग वा कमजोरीको बहाना गरेमा वा जानी-जानी त्यस्तो कमजोरिपना र रोगलाई लम्व्याउने, बढाउने, निको हुने नदिने गरेमा वा आफैलाई वा अरू कुनै व्यक्तिलाई सेवाको लागि अयोग्य गराउने मनसायले आफूलाई वा अरू कुनै व्यक्तिलाई घाउ चोट परेमा सैनिक अदालतबाट दोषी ठहरिएमा निज सात वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ।

दफा ३९ अनुसार दर्जा वा पोजिशनले तल्लो तहको भनी कुनै अधिकृत, जुनियर कमिशण्ड अधिकृत वा नन्कमिशण्ड अधिकृतले यो ऐन लागू हुने व्यक्तिलाई अपराधिक वल प्रयोग गरेको वा दुर्व्यवहार गरेको सैनिक अदालतबाट दोषी ठहरिएमा निज सात वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ। दफा ४१ अनुसार यो ऐन लागू हुने कुनै व्यक्तिले, गार्ड पिकेट, पेट्रोल, पोष्टको कमान गरेको बेलामा वा पालोलिएको बेलामा उचित अख्तियार नभई जानी-जानी वा मनासिब माफिकको कारण नभई आफ्नो जिम्मामा रहेको व्यक्तिलाई छोडी दिएको वा यसरी जिम्मा लगाएको कुनै कैदी वा व्यक्तिको पालो नबुझेको सैनिक अदालतबाट दोषी ठहरिएमा जानी जानी गरेको रहेछ भने निज चौध वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजाय र जानी जानी गरेको रहेनछ भने दुई वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ।

---

१६७. दफा ३१, सैनिक ऐन, २०१६

१६८. दफा ३६, सैनिक ऐन, २०१६

१६९. दफा ३७, सैनिक ऐन, २०१६

दफा ४२ मा अनियमित गिरफ्तार वा थुनछेकका बारेमा उल्लेख गरिएकोछ। जसअनुसार सैनिक अदालतबाट देहायमा लेखिएको कुनै कसूरको दोषी ठहरिएमा निज दुई वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ।

(क) कुनै व्यक्तिलाई गिरफ्तार गरी वा थुनामा राखी बिनाकारण मुद्दा पुर्पक्ष नगरी राखेमा वा तहकिकातको निमित्त निजको मुद्दा उचित अधिकारीको समक्ष पेश नगरेमा, वा

(ख) कुनै व्यक्तिलाई सैनिक हिरासतमा राख्न लगाउने व्यक्तिले हिरासतमा राख्नको समक्ष मुनासिब कारणले बाहेक उसै बखत वा सकेसमम चाँडो र जुनसुकै अवस्थामा पनि हिरासतमा राख्न लगाएको ४८ घण्टाभित्र हिरासतमा राखिने भएको व्यक्तिलाई आरोप लगाइएको कसूरको विवरण सही गरी पेश गर्न नसकेमा।

यो ऐन लागू हुने कुनै व्यक्ति हिरासतमा रहेको बेलामा भागेको वा भाग्ने उद्योग गरेको सैनिक अदालतबाट दोषी ठहरिएमा पाँच वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ।[१६०] दफा ४५ अनुसार कुनै करकाप तथा भ्रष्टाचारको कसूरमा जस्तो जबरजस्ती गरी वा करकापमा पारी केही लिएमा वा उचित अधिकार नभई कुनै व्यक्तिबाट नगद, जिन्सी लिएमा वा काम लगाएमा सैनिक अदालतबाट दोषी ठहरिएमा निज दश वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ। कुनै सरसामान लिई भागेको कसूरमा सैनिक अदालतबाट दोषी ठहरिएमा खण्ड (क)[१६१] को कसूरमा दश वर्षसम्म कैद र अरू खण्ड[१६२]को कसूरहरूमा पाँच वर्षसम्म कैद वा ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ। कुनै कसूरको सैनिक अदालतबाट दोषी ठहरिएमा जानी-जानी गरेको रहेछ भने चौध वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजाय र मुनासिब माफिकको कारण नभई गरेको रहेछ भने सात वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ।[१६३]

यो ऐन लागू हुने कुनै व्यक्ति कुनै झुठ्ठा काम कारवाही कसूरमा सैनिक अदालतबाट दोषी ठहरिएमा पाँच वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ। कुनै व्यक्ति कुनै कीर्ते र झुठ्ठा व्यहोरा कसूरमा सैनिक अदालतबाट दोषी ठहरिएमा चौध वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ।[१६४] यो ऐन लागू हुने कुनै व्यक्तिले यो ऐनअन्तर्गत शपथ दिलाउन सक्ने अधिकार भएका सैनिक अदालत वा अरू कुनै अदालतमा सपथ लिएपछि कुनै झुठ्ठा बयान दिएको वा

---

१६०. दफा ४३, सैनिक ऐन, २०१६

१६१. आफ्नो प्रयोगको निमित्त लिई रोखको वा आफूले जिम्मा लिई राखेको हातहतियार, गोलीगठ्ठा, सरसामान, इक्वीपमेण्ट, ज्यावल, लुगा कपडा वा अरू कुनै सरकारी चीज लिई भागेमा वा त्यसरी भगाउने काममा मतियार भएमा

१६२. खण्ड (क) मा लेखिएको कुनै सम्पत्ति हराएमा, आफूलाई प्रदान गरिएको पदक वा विभूषण बिगारे, नासे, बेचविखन गरेमा वा वन्धक राखेमा

१६३. दफा ४७, सैनिक ऐन, २०१६

१६४. दफा ४८-४९, सैनिक ऐन, २०१६

झुट्ठा भनी विश्वास भएको वा साँचो भनी पत्यार नभएको बयान दिएको सैनिक अदालतबाट दोषी ठहरिएमा निजलाई सात वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ।[१६५] दफा ५३ अनुसार यो ऐन लागू हुने कुनै व्यक्तिको तलब लिई सो व्यक्तिलाई दिनुपर्ने बेलामा नदिई गैरकानुनी ढंगले रोक्का गरिराखेको वा दिन इन्कार गरेको कसूरको सैनिक अदालतबाट दोषी ठहरिएमा यो ऐन लागू हुने त्यस्तो काम गर्ने व्यक्ति तीन वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ। कुनै व्यक्तिले यो ऐनमा नतोकिएको भए तापनि सुव्यवस्था तथा सैनिक अनुशासनलाई हानिकारक हुने गरी कुनै काम गरेको वा कुनै काम गर्न छुटाएको कसूरको सैनिक अदालतबाट दोषी ठहरिएमा निज सात वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ।[१६६]

कुनै पोष्ट वा मार्चको कमाण्ड गरिरहेको व्यक्तिले आफ्नो कमाण्डमा रहेको कुनै व्यक्तिलाई कुटपिट गरेमा वा अरू कुनै किसिमले बेहिसाब गरेमा वा दुःख दिएमा वा कुनै मेलामा वा बजारमा गोलमाल वा हुलदङ्गा गरेको वा अनाधिकार प्रवेश गरेको छ भन्ने कुनै उजूरी बुझी नोक्सान भएको व्यक्तिलाई क्षतिपूर्ति नदिएमा वा त्यो मुद्दा उचित अधिकारसमक्ष पेश नगरेमा वा त्यो मुद्दा उचित अधिकारीसमक्ष पेश नगरेमा, पूजा गर्ने कुनै ठाउँ वा मन्दिरमा दुषित पारेमा वा अरू तवरले जानी-जानी कुनै व्यक्तिको धर्मको अपमान गरेमा वा धार्मिक भावनालाई आघात पुऱ्याएमा, ड्यूटीमा नखटिएको बेलामा जमदारदेखि मुनिका दर्जाकाले उचित अधिकार नभई क्याम्प वा छाउनीभित्र वा वरिपरि वा कुनै शहर बजार जाँदा आउँदा राइफल, अटोमेटिक गन, ग्रिनेड वा यस्तै हतियार लिई हिँडेमा, कुनै व्यक्तिलाई शाही नेपाली सेनामा भर्ना गराउन वा भर्ना भइरहेका व्यक्तिलाई विदा, प्रमोशन वा अरू कुनै फाइदा प्राप्त गराउन प्रत्यक्ष वा अप्रत्यक्ष रूपले आफ्नो वा अरू कसैको निमित्त घूस रिसवत लिएमा वा लिन मञ्जुर गरेमा वा लिन उद्योग गरेमा, आफूले सेवा गरी बसिराखेको देशको बासिन्दा वा नागरिकको जीउ वा सम्पत्तिसम्बन्धी कुनै कसूर गरेमा सैनिक अदालतबाट दोषी ठहरिएमा सात वर्षसम्म कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ।[१६७]

यो ऐन लागू हुने कुनै व्यक्तिले सैनिक ऐन लागू नहुने कुनै व्यक्तिको ज्यान लिएमा वा जबरजस्ती करणी गरेमा यस ऐनअन्तर्गत कसूर गरेको मानिने छैन र सैनिक अदालतबाट हेरिने छैन तर उक्त कसूरहरू जंगी कारवाहीमा लागेका बखत, नेपाल बाहिर कुनै ठाउँमा भएको बखत वा श्री ५ को सरकारबाट त्यस विषयमा सूचना प्रकाशित गरी निश्चित गरिएको कुनै सीमाना चौकी भएको बखत गरेको भए सैनिक अदालतले कारवाही गर्न सक्दछ।[१६८] यस दफा अन्तर्गत अभियोग लगाइएमा सैनिक अदालतको कारवाहीको भागी हुनेछ र दोषी ठहरिएमा निजलाई देहायको सजाय हुनेछ।

---

१६५. दफा ५२, सैनिक ऐन, २०१६

१६६. दफा ५४, सैनिक ऐन, २०१६

१६७. दफा ५५, सैनिक ऐन, २०१६

१६८. दफा ६१, सैनिक ऐन, २०१६

(क) कुनै नेपाल कानुनअन्तर्गत सर्वश्वसहित जन्मकैदको सजाय हुने कसूरमा कसुरदार सोही कानुनमा लेखिएबमोजिम सजायको भागी हुनेछ।

(ख) अरू कसूरका निमित्त अन्य नेपाल कानुनमा तोकिएको सजाय वा सात वर्ष कैद वा यो ऐनमा लेखिएको घटी सजायको भागी हुनेछ।

सैनिक अदालतबाट नहेरिने अवस्थाको कुनै कसूर गरेको अभियोगमा कानुनबमोजिम थुनामा राखी कारवाही गर्नुपर्ने भयो भने निजलाई त्यस सम्बन्धमा आवश्यकताअनुसार शुरू तहकिकातदेखि लिएर अदालतबाट फैसला नभएसम्म सो तहकिकात वा मुद्दाको कारवाही गर्ने अधिकारी वा अदालतको आदेशले सैनिक हिरासतमा राखिनेछ। त्यस्तो अभियुक्तलाई मुद्दाको कारवाहीको सिलसिलामा त्यस्तो अधिकारी वा अदालतका समक्ष उपस्थित गराउने आदेश भएमा सम्बन्धित सैनिक अधिकारीले गराउनेछ।

परिच्छेद-७ मा परिच्छेद ६ मा उल्लेखित कसूरका बारेमा हुने सैनिक अदालतबाट दिन सकिने सजायहरू उल्लेख गरिएकोछ। यो ऐन लागू हुने कुनै व्यक्ति सैनिक अदालतबाट हेरिने कसूरमा दोषी ठहरिएमा सैनिक अदालतबाट निजलाई सर्वश्वसहित जन्मकैदको सजाय, जन्मकैद, अंश सर्वश्व, १४ वर्षसम्म कैद, भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी वा नगरी नोकरीबाट बर्खासी, राजीनामा गर्न बाध्य गराउन, दर्जा घटाउने, सम्बन्धित पति (कमाण्डर) लाई बढीमा ५ वर्षसम्म बढुवा रोक्का वा नसिहत, जंगी कारवाहीमा गरिएको कसुरमा तीन महिनासम्म तलब भत्ता कट्टी, हानी नोक्सानीको क्षतिपूति नभएसम्म तलब भत्ता रोक्का गर्ने, बढीमा २ वर्षसम्म तलब वृद्धि रोक्का जस्ता सजाय दिन सकिनेछ।

यो ऐन लागू हुने नन्कमिशण्ड अधिकृत वा सोभन्दा मुनिको कुनै व्यक्तिले जंगी कारवाहीको बेलामा यो ऐनको कसूरसम्बन्धी परिच्छेदमा लेखिएदेखि बाहेक बन्देज गरी राखेको कुनै काम गरेमा कसूर मानिनेछ र त्यस्ता कसूरबापत सैनिक अदालतले रणभूमि सजाय[१६९] भनी तोकिएको कुनै सजाय दिनु कानुनी हुनेछ।[१८०] कुनै गुल्म, स्क्वाड्रन, ब्याट्री वा त्यस्तो अरू युनिटको सरसामान (इक्वीपमेण्ट) कुनै हातहतियार वा हातहतियारको कुनै हिस्सा हराए, चोरिएमा त्यस्ता युनिटको सेना, सेना चमु डिभिजन वा बाहिनीपतिले कोर्ट अफ इन्क्वाइरीको प्रतिवेदन पाएपछि जुनियर कमिशण्ड अधिकृत, हुद्दा, अमलदार, प्यूठ र त्यस युनिटका सबैलाई वा जवाफदेही हुनुपर्ने भनी आफ्नो विचारले ठहराए जति व्यक्तिहरूलाई सामुहिक जरिवाना गर्न सक्नेछ। जरिवाना लागेको व्यक्तिहरूको तलबको दामासाहीले त्यस्तो जरिवाना लगाइनेछ।[१८१]

परिच्छेद-८ मा दण्डबापत तलबमा कटौती जस्ता कुराको बारेमा उल्लेख गरिएकोछ। कुनै अभियोग लागि हिरासतमा रहेको वा सस्पेण्ड भएमा मुद्दा किनारा नलागेसम्म तोकिएबमोजिम निजको तलब भत्ता रोकी राख्ने निर्देश दिन सक्नेछ। यो

---

१६९. रणभूमि सजाय भन्नाले सम्बन्धित व्यक्तिलाई जीउमा खति पुऱ्याउने बाहेक सम्बन्धित व्यक्तिलाई थुन्ने वा कडा परिश्रम गराउने समेत सम्झनुपर्छ।

१८०. दफा ६६, सैनिक ऐन, २०१६

१८१. दफा ७८, सैनिक ऐन, २०१६

ऐनबमोमिजको कुनै व्यक्तिको तलब भत्ताबाट कट्टी हुने जति रकम असूलउपर गर्ने कुनै अर्को तरिकामा प्रतिकूल प्रभाव नपारी सैनिक द्रव्य कोष र निवृत्तिभरणबाट बाहेक सो व्यक्तिले पाउने अरू रकमबाट कट्टा हुन सक्तछ।[१८२] त्यस्तै यो ऐन लागू हुने कुनै व्यक्ति युद्धबन्दी हुँदा वा शत्रुको कब्जामा भएको बखत यो ऐन वा अरू ऐनअन्तर्गत चाल चलनबारे जाँचबुझ गर्नु पर्दा प्रधान सेनापतिले वा निजबाट अधिकृत कुनै अधिकृतले त्यस्तो जाँचबुझको परिणाम थाहा नहुन्जेल निजको पूरै वा आंशिक तलब भत्ता रोक्ने आदेश दिन सक्नेछ। दफा ८७ अनुसार माफी भएको कटौतीबाट युद्धबन्दीको आश्रितहरूलाई सो तलब भत्तामध्येबाट रासन र अरू आवश्यक कुराको व्यवस्था मिलाई दिनु कानुनी हुनेछ र त्यस्तो व्यवस्था मिलाई दिएकोमा त्यसरी मिलाई बाँकी रहेको अङ्क मात्र माफी भएको संझिनेछ। र कुनै व्यक्ति युद्धबन्दी भएको रहेछ वा जंगी कारवाहीमा हराएछ भने तोकिएको तरीकाले निजको तलब भत्ताबाट निजको आश्रितहरूको निमित्त उपयुक्त रासन र अरू आवश्यक कुराको व्यवस्था मिलाइदिनु कानुनी हुनेछ।

परिच्छेद-९ मा पुर्पक्ष अगावैको गिरफ्तारी र कारवाहीका बारेमा उल्लेख गरिएकोछ। जसमा कसूरदारहरूलाई हिरासतमा राख्ने, हिरासतको सम्बन्धमा कमाण्डिङ्ग अधिकृतको कर्तव्य पर्दछन्। आफ्नो कमाण्डमा रहेको कुनै व्यक्तिउपर कुनै कसूर लागि हिरासतमा राखिएको प्रतिवेदन आफूलाई प्राप्त भएकोमा सार्वजनिक सेवाको दृष्टिबाट समयभित्र तहकिकात हुने असम्भव भएमा बाहेक प्रतिवेदन प्राप्त भएको ४८ घण्टाभन्दा बढी बिनातहकिकात हिरासतमा नराखिने व्यवस्था मिलाउनु कमाण्डिङ्ग अधिकृतको कर्तव्य हुनेछ। ४८ घण्टाभन्दा बढी हिरासतमा रहेको प्रत्येक व्यक्तिको बेहोरा र त्यसको कारणको प्रतिवेदन कमाण्डिङ्ग अधिकृतले सो अभियुक्तको मुद्दा हेर्ने महारथि वा डिष्ट्रिक्ट सैनिक अदालत बोलाउन आवेदन गर्नुपर्ने महारथि वा अरू अधिकृतको समक्ष पठाउनु पर्दछ। जंगी कारवाहीमा नलागेमा व्यक्तिको मुद्दा हेर्ने निमित्त कुनै सैनिक अदालत बोलाउने आदेश नदिई ८ दिनभन्दा बढी सैनिक हिरासतमा त्यसै राखि छाडेमा कमाण्डिङ्ग अधिकृतले तोकिएको तबरले ढिलो भएको कारणको विशेष प्रतिवेदन तयार गर्नुपर्छ र त्यस्तै प्रतिवेदन सैनिक अदालत गठन नभएसम्म वा अभियुक्त हिरासतबाट नछुटेसम्म ८/८ दिनमा तोकिएको अधिकारी कहाँ पठाउनुपर्छ।[१८३]

दफा ९६ अनुसार प्रधान सेनापति वा कुनै तोकिएको अधिकृतले प्रभोट मार्शल नियुक्ति गर्न सक्नेछ। कुनै कसूरबापत हिरासतमा राखिएको व्यक्तिहरू जिम्मा लिनु सुव्यवस्था र अनुशासन कायम गराउनु र शाही नेपाली सेनामा सम्मिलित भएका वा सेवा गरिराखेको व्यक्तिबाट सुव्यवस्था र अनुशासन भङ्ग हुन नदिनु प्रभोष्ट मार्शलको कर्तव्य हुनेछ।

---

१८२. दफा ८४, सैनिक ऐन, २०१६

१८३. दफा ९२, सैनिक ऐन, २०१६

परिच्छेद-१० मा सैनिक अदालतको बारेमा व्यवस्था गरिएको छ। जनरल सैनिक अदालत[१८४], डिष्ट्रिक्ट सैनिक अदालत[१८५], समरी जनरल सैनिक अदालत[१८६], समरी सैनिक अदालत[१८७] गरी चार प्रकारका सैनिक अदालत हुनेछन्।[१८८] दफा ९८ अनुसार श्री ५ बाट अन्यथा निर्देश भएमा बाहेक प्रधान सेनापतिले वा प्रधान सेनापतिले यस कामको निमित्त अधिकारपत्र दिएको कुनै अधिकृतले जनरल सैनिक अदालत बोलाउन सक्नेछ। जनरल सैनिक अदालत बोलाउने अधिकार पाएका अधिकृतले वा कुनै यस्ता अधिकृतले यस कामको निमित्त अधिकार पत्र दिएको कुनै अधिकृतले डिस्ट्रिक्ट सैनिक अदालत बोलाउन सक्नेछ।[१८९]

दफा १०१ अनुसार समरी जनरल सैनिक अदालत बोलाउने अधिकार श्री ५ बाट अन्यथा निर्देश भएमा बाहेक समरी जनरल सैनिक अदालत बोलाउने अधिकार प्रधान सेनापतिले यस कामको निमित्त अधिकारपत्र दिएको अधिकृतले, जंगी कारवाहीबाट लागेको शाही नेपाली सेनाको कमाण्डिङ्ग अधिकृतले वा यस कामको निमित्त निजले अधिकारपत्र दिएको अधिकृतले, सेनाको अनुशासन र आवश्यकताको उचित विचार गरी कुनै कसूरको पुर्पक्ष जनरल सैनिक अदालतद्वारा गर्न व्यवहारिक हुँदैन भन्ने ठहराउने

---

१८४. जनरल सैनिक अदालतमा कमसेकम ५ जना अधिकृत रहनेछन् र त्यस्ता अधिकृतहरूले ३ वर्ष आयुक्त पद पाएको हुनुपर्छ, त्यसमध्ये कमसेकम ४ जना सहसेनानी भन्दा तल्लो दर्जाका हुने छन्। जनरल वा समरी जनरल सैनिक अदालतलाई यो ऐनअन्तर्गतका जुनसुकै कसूरको निमित्त यो ऐन लागू हुने व्यक्तिको मुद्दा हेर्ने, पुर्पक्ष गर्ने र यो ऐनमा लेखिएवमोजिमको सजाय दिने अधिकार हुनेछ। जनरल सैनिक अदालतबाट गरिएको ठहर वा सजाय श्री ५ को सरकारले वा श्री ५ को सरकारले अधिकार दिएको अधिकृतले सदर गर्न सक्नेछ।

१८५. डिष्ट्रिक्ट सैनिक अदालतमा कमसेकम तीनजना अधिकृत रहनेछन् र तिनीहरूमध्ये प्रत्येकले कमसेकम दुई वर्ष आयुक्त पदपाएको हुनुपर्दछ। डिष्ट्रिक्ट सैनिक अदालतलाई यो ऐनअन्तर्गतको कसूर गरेवापत यो ऐन लागू हुने अधिकृत तथा जुनियर कमिशण्ड अधिकृतबाहेक अरू व्यक्तिको मुद्दा पुर्पक्ष गर्न र ज्यान सजाय वा दुई वर्षभन्दा बढी कैद हुने सजायबाहेक यो ऐनबमोजिमको अरू जुनसुकै सजाय दिने अधिकार हुनेछ। डिष्ट्रिक्ट सैनिक अदालतबाट गरिएको ठहर र सजाय जनरल सैनिक अदालत बोलाउने अधिकार भएको अधिकृत वा निजबाट अधिकार पत्र प्राप्त कुनै अधिकृतले सदर गर्न सक्नेछ।

१८६. समरी जनरल सैनिक अदालतमा कमसेकम तीनजना अधिकृत रहने छन्। समरी जनरल सैनिक अदालतबाट गरिएको ठहर र सजायको सैनिक अदालत बोलाउने अधिकृतले वा निजले माथिल्लो तहमा पेश गर्नु भन्ने आदेश दिएमा निजभन्दा माथिकाले सदर गर्न सक्नेछ।

१८७. समरी सैनिक अदालत शाही नेपाली सेनाको चमु, डिपार्टमेण्ट वा डिटाएचमेण्टको कुनै कमाण्डिङ्ग अधिकृतले बोलाउन सक्तछ र निज एक्लैको अदालत हुनेछ। समरी सैनिक अदालतको यो ऐनअन्तर्गत सजाय हुने कसूरको मुद्दा हेर्न सक्नेछ।

१८८. दफा ९७, सैनिक ऐन, २०१६

१८९. दफा ९९, सैनिक ऐन, २०१६

शाही नेपाली सेनाको जंगी कारवाहीमा लागेको कुनै हिस्सालाई कमाण्ड गर्ने अधिकृत लगायतका अधिकारीहरूलाई हुनेछ।

दफा १०६ मा सैनिक अदालतहरूको विघटन बारे व्यवस्था गरिएकोछ। जसमा मुद्दाको पुर्पक्ष शुरू भएपछि यो ऐनबमोजिम चाहिने अधिकृतले न्यूनतम संख्या घट्न गएमा सैनिक अदालत विघटन हुनेछ। साथै पुर्पक्ष गर्दागर्दै सेना प्राड विवाह, प्रतिनिधि वा अभियुक्त विरामी भएवाट पुर्पक्ष चालू राख्न असम्भव भएमा सैनिक अदालत विघटन हुनेछ। त्यसै गरी सैनिक आवश्यकता वा अनुशासनको दृष्टिकोणले सैनिक अदालत जारी राख्न असम्भव वा अनुचित देखिएमा त्यस्तो सैनिक अदालत वोलाउनेले उक्त सैनिक अदालत विघटन गर्न सक्नेछ।

त्यस्तै एउटै कसूरमा दोश्रो पटक कारवाही नहुन[१९०], मुद्दा पुर्पक्षको हदम्याद[१९१], मुद्दा पुर्पक्षको ठाउँ साथै

कुनै कसूर सैनिक अदालत वा फौज्दारी अदालत दुवैको अधिकार क्षेत्रभित्रको छ भने अभियुक्त रहेको सेना, सेनाचमु, पृतना वा वाहिनी पतिले वा अरू कुनै तोकिएको अधिकृतले फौज्दारी अदालतमा वा सैनिक अदालतमा मुद्दा दायर गर्ने कुराको निर्णय गर्नेछ र सैनिक अदालतमा मुद्दा दायर गर्ने निर्णय गरेमा अभियुक्तलाई सैनिक हिरासतमा राख्ने निर्देश दिन सक्ने वयवस्थापनि ऐनमा गरिएकोछ।

परिच्छेद-११ मा सैनिक अदालतको कार्यविधि बारे व्यवस्था गरिएकोछ। जसमा अध्यक्ष[१९२], प्राड विवाक[१९३], सदस्य, बन्द सवाल, बन्द सवालद्वारा साक्षीको बयान, दण्ड सजाय र चरित्रको प्रमाण आदिको पनि उल्लेख गरिएकोछ। यो ऐन अन्तर्गत सैनिक अदालतले गरेको पुर्पक्षलाई अदालती कारवाही मानिनेछ।

परिच्छेद-१२ मा मुद्दा सदर गर्ने र दोहोऱ्याउने बारे व्यवस्था गरिएकोछ। जनरल, डिष्ट्रिक्ट वा समरी जनरल सैनिक अदालतबाट भएका ठहर वा सजाय यो ऐन बमोजिम सदर नगरिएसम्म मान्य हुने छैन।[१९४] सैनिक अदालतबाट भएको ठहर वा सजायलाई सो सजाय वा ठहर सदर गर्ने अधिकारीको आदेशबाट एकचोटी दोहऱ्याउन सकिनेछ र उक्त अधिकारीले यसरी दोहऱ्याउने आदेश दिएको खण्डमा अदालतले सो मुद्दा दोहऱ्याउन अरू सबूद प्रमाण दिन सक्नेछ। मुद्दा दोहऱ्याउँदा शुरू फैसला गर्ने कुनै अधिकृतहरू अनिवार्य कारणले उपस्थित हुन नसकेमा बाहेक सो मुद्दा दोहऱ्याउँदा पहिले रहेकै अधिकृतहरूको अदालतमा दोहऱ्याउनु पर्छ। अनिवार्य कारणले ती कुनै अधिकृत

---

१९०. दफा ११०, सैनिक ऐन, २०१६

१९१. दफा १११, सैनिक ऐन, २०१६

१९२. प्रत्येक जनरल, डिष्ट्रिक्ट वा समरी जनरल सैनिक अदालतमा सदस्यहरूमध्ये सिनियर अधिकृतले अध्यक्षता गर्नेछ

१९३. प्रत्येक जनरल सैनिक अदालतमा सेना प्राड विवाक वा सेना प्राड विवाक विभागको कुनै व्यक्ति वा यस्ता व्यक्ति नपाइएमा सेना प्राड विवाकवाट स्वीकृति दिएका अरू कुनै व्यक्ति वा निजको डिपुटीहरूमध्ये कुनै व्यक्ति प्राड विवाकको रूपमा उपस्थित हुनेछ। प्रत्येक डिष्ट्रिक्ट वा समरी जनरल सैनिक अदालतमा पनि सोही किसिमसँग सेना प्राड विवाक उपस्थित गराउन सकिनेछ।

१९४. दफा १४०, सैनिक ऐन, २०१६

उपस्थित हुन नसकेका खण्डमा त्यसको कारण सहितको निस्सा मिसिल सामेल राखी कारवाही शुरू गर्नु पर्छ। यसरी कुनै अधिकृत उपस्थित हुन नसक्दा पनि जनरल सैनिक अदालतमा कमसेकम पाँचजना अधिकृतहरू समरी जनरल वा डिष्ट्रिक्ट सैनिक अदालतमा कमसेकम तीनजना अधिकृतहरू हुनुपर्दछ।[१९५]

दफा १४९ अनुसार सैनिक अदालतबाट दोषी ठहर भई सदर भएको वा सदर गराउनु नपर्ने कुनै ठहर कुनै कारणबाट अमान्य ठहरिन आएमा वा प्रमाणद्वारा समर्थन हुन नसिकने भएमा दफा १६३ अन्तर्गत सजाय घटाउने अधिकार पाएका अधिकारीले नयाँ ठहर गरी ठहरिएको कसुरको निमित्त तोकिएको सजाय दिन सक्नेछ। तर त्यस्तो अभियोग उपर सैनिक अदालतले त्यस्तो ठहर गर्न सक्दथ्यो भन्ने भएमा वा सो कसुरको ठहर हुने तथ्यमा सैनिक अदालतको चित्त बुझ्ने थियो भन्ने देखिएमा बाहेक त्यस्तो नयाँ ठहर गर्न हुँदैन।

दफा १५० मा सैनिक अदालतको आदेश विरूद्ध उपायका बारेमा उल्लेख गरिएकोछ। जसअनुसार सैनिक अदालतको कुनै आदेशबाट मर्का पर्ने यो ऐन लागू हुने व्यक्तिले सो सैनिक अदालतको ठहर वा सजाय सदर गर्ने अधिकारी छेउ निवेदन गर्न सक्नेछ र त्यस्तो अधिकारीले पनि त्यस्तो आदेश ठीक, कानुनी र मुनासिव छ छैन वा सो आदेश सम्बन्धी कारवाही रीतपूर्वकको छ छैन भन्ने कुरामा एकीन गर्न आवश्यक कारवाही गर्न सक्नेछ। र कुनै सैनिक अदालतको सदर भइसकेको ठहर वा सजायबाट मर्का पर्ने यो ऐन लागू हुने व्यक्तिले श्री ५ को सरकार, प्रधान सेनापति वा सो ठहर वा सजाय सदर गर्ने अधिकृतभन्दा ठूलो कमाण्ड पाएको तोकिएको अधिकृतकहाँ सो ठहर वा सजायको विरोधमा निवेदन गर्न सक्नेछ र त्यस्तो निवेदन परेमा उक्त अधिकारीले आफूले उचित ठहराएको आदेश दिन सक्नेछ। दफा १५१ अनुसार श्री ५ को सरकार वा प्रधानसेनापति वा तोकिएको अधिकृतले सैनिक अदालतको कारवाही गैरकानुनी र अन्यायपूर्ण छ भन्ने लागेमा त्यसको आधारमा यो कारवाही बदर गर्न सक्नेछ।

परिच्छेद १३ मा दण्ड सजायको उल्लेख गरिएकोछ। यो ऐन अन्तर्गत कुनै व्यक्तिलाई सैनिक अदालतद्वारा कैदको सजाय दिइएकोमा सो सजाय दोहोऱ्याई हेरिएको होस् वा नहोस् हिरासतमा थुनिराखेको रहेछ भने सो थुनिएको मितिदेखि र हिरासतमा नरहेको भए मुद्दाको शुरू कारवाहीमा अध्यक्षले र समरी सैनिक अदालतको हकमा अदालतले दस्तखत गरेको मितिदेखि सो कैदको सजाय शुरू भएको सम्झनुपर्छ।[१९६] दफा १५५ अनुसार सिभिल कारागारमा कैदको सजाय भुक्तान गराउने निर्देश भएकोमा सो कारागारमा नपठाउन्जेल अभियुक्तलाई सैनिक कारागार वा सैनिक हिरासतमा वा यस्ता अरू उपयुक्त स्थानमा अस्थायी तवरबाट राख्न सकिनेछ। कैदको सजाय पाएका व्यक्तिलाई एक ठाउँबाट अर्को ठाउँमा लैजादा उम्की, भागी जान वा अरू केही कुरा गर्न नपाउने गरी व्यवस्था गर्नको लागि मुनासिव प्रतिबन्ध लगाउन सकिनेछ।[१९७]

---

१९५. दफा १४६, सैनिक ऐन, २०१६

१९६. दफा १५३, सैनिक ऐन, २०१६

१९७. दफा १५७, सैनिक ऐन, २०१६

कुनै आदेश वा थुनुवा पूर्जी अन्तर्गत कुनै व्यक्तिलाई सिभिल वा सैनिक कारागारमा राखिएकोमा सो आदेश वा पूर्जीलाई रद्द गरी वा बदली यो ऐन अन्तर्गत अरू कुनै आदेश भएमा सो आदेश दिने अधिकृत वा निजको स्टाफ अधिकृतले वा यस्तै अरू कुनै तोकिएको अधिकृतले सोही बमोजिमको थुनुवा पूर्जी सो व्यक्ति थुनिई राखेको कारागारको अधिकृत इन्चार्ज कहाँ पठाउनु पर्दछ भन्ने व्यवस्था दफा १५८ ले गरेकोछ। श्री ५ को सरकारले आफ्नो अधीनमा रहेका कुनै घर, घरको केही भाग वा कुनै ठाउँ यो ऐन अन्तर्गत कैदको सजाय पाएका व्यक्तिहरूलाई थुन्नाको निमित्त सैनिक कारागार भनी छुट्याई राख्न सक्नेछ।[१९८]

यो ऐन अन्तर्गत कैदको सजाय पाएको र यो ऐन बमोजिम कानुनी आदेश वा थुनुवा पूर्जी वा अरू कुनै लिखत अन्तर्गत थुनामा राख्ने तरिका र स्थानमा सजाय भोगी राखेकोमा उक्त आदेश थुनुवा पूर्जी वा अरू कुनै लिखतमा कुनै त्रुटी भएबाट वा ढाँचा नमिलेबाट त्यस्तो थुनाई गैर कानुनी हुनेछैन। त्यस्तो कुनै आदेश वा थुनुवा पूर्जी वा अरू कुनै लिखत संशोधन गर्न सकिनेछ।[१९९] यस ऐन अर्न्तगत कुनै शारीरिक सजाय दिने व्यवस्था गरिने छैन र सिभिल कारागार सम्बन्धी तत्काल प्रचलित कानुनले व्यवस्था गरेकोभन्दा कडा किसिमसँग कैद सजाय भोग्नु पर्ने गराइने छैन।

परिच्छेद १४ मा शाही नेपाली सेनाको स्थापना र व्यवस्था विविध व्यवस्था गरिएकोछ। जस अनुसार शाही नेपाली सेनाको स्थापना, व्यवस्था र शाही नेपाली सेना सम्बन्धी अरू कुरा श्री ५ बाट समय-समयमा निर्देश गरिबक्से बमोजिम हुन्छ। दफा १६३ अनुसार शाही नेपाली सेनाका बहालवाला तथा भूतपूर्व व्यक्ति र निजहरूको परिवारको कल्याणको लागि कल्याणकारी कोषको स्थापना गर्न सकिनेछ। शाही नेपाली सेनाका व्यक्तिले सेवा गरे बापत प्राप्त गर्ने सुविधा रकमबाट तोकिए बमोजिमको रकम कट्टा गरी कल्याणकारी कोषमा जम्मा गरिनेछ। यसरी जम्मा भएको रकम शाही नेपाली सेनाका वहालवाला तथा भूतपूर्व व्यक्ति र निजहरूको परिवारको[२००] कल्याणको लागि तोकिए बमोजिम खर्च गरिनेछ।

दफा १६४ अनुसार प्रधान सेनापति, जनरल अधिकृतको नियुक्ति श्री ५ बाट गरिबक्सनेछ। यो ऐनका उद्देश्यहरू कार्यान्वित गर्नको लागि श्री ५ को सरकारले नियम बनाउन सक्नेछ। उल्लेखित अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी ती नियमद्वारा देहायका कुराहरूको व्यवस्था गर्न सकिनेछ।[२०१] जस्तो जागिरबाट बर्खास्ती वा रिटायर गर्ने, जरिवानाको परिणाम र जम्मा अङ्क बारे, रणभूमि सजायहरूको किसिम, कोर्ट अफ इन्क्वाइरीको गठन, कार्यविधि, त्यस्तो कोर्टले शपथग्रहण गराउने तरिका र साक्षी प्रमाणको रेकर्ड गर्ने, सैनिक अदालत बोलाउने, गठन गर्ने र सैनिक अदालतबाट मुद्दा पुर्पक्ष हुँदा अभियोक्ताको नियुक्ति गर्ने, सैनिक अदालतले मुद्दा पुर्पक्षको कार्यविधि र

---

१९८. दफा १५९, सैनिक ऐन, २०१६

१९९. दफा १६०, सैनिक ऐन, २०१६

२००. "परिवार" भन्नाले शाही नेपाली सेनाका भूतपूर्व तथा बहालवाला व्यक्तिले आफैले पालन पोषण गर्नुपपर्ने पति वा पत्नी, छोरा, छोरी र आमा बाबु सम्झनु पर्छ।

२०१. दफा १६५, सैनिक ऐन, २०१६

त्यसमा कानुनी व्यवसायीहरूको उपस्थिति बारे व्यवस्था गर्ने, सैनिक अदालत स्थगित गर्ने, विघटन गर्ने र चालू गर्ने, सैनिक अदालतले गरेको ठहर वा सजाय विरूद्ध निवेदन दिने र त्यस्तो ठहर सजाय सदर गर्ने दोहऱ्याउने र रद्द गर्ने, सैनिक अदालतहरूबाट दिइएको सजायहरू तामेल गर्ने, सैनिक अदालतहरू र अरू कैदको सजाय सम्बन्धी यो ऐन अन्तर्गत दिइने आदेशहरूको ढाँचा, आश्रित व्यक्तिहरूको लागि कस्ता मानिसलाई कति र कुन किसिमले सहायताको बन्दोबस्त गरिदिनु पर्छ भन्ने कुराको निर्णय गर्ने अधिकारीहरूको गठन र सो निर्णयलाई कार्यान्वियन गर्ने तरिका, तोक्नु पर्ने यो ऐनद्वारा निर्देशित अरू विषय, सैनिक मालसामान मिनाहा र रद्द गर्ने, भगुवाको तलब भत्ता र अरू रकम सम्बन्धी व्यवस्था गर्ने, कल्याणकारी कोषको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था गर्ने आदि।

स्थानीय प्रशासन ऐन, २०२८

मिति २०२८/४/२० मा लालमोहर लागि प्रकाशन भएको स्थानीय प्रशासन ऐन २०२८ को प्रस्तावनामा स्थानीय प्रशासन सम्बन्धी कानुनलाई विकेन्द्रित प्रशासन व्यवस्था अनुरूप संशोधन र एकीकरण गर्न तथा शान्ति र व्यवस्था कायम राख्न वाञ्छनीय भएकोले, यो ऐन बनाइएको भन्ने उल्लेख गरिएकोछ। यो ऐन हालसम्म ११[२०२] पटक संशोधन भइसकेकोछ। क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी जस्ता शब्दहरूको परिभाषा ऐनमा गरिएकोछ।

परिच्छेद- २ मा विकास क्षेत्र, अञ्चल र जिल्ला विभाजन गरी नेपाल अधिराज्यलाई ऐनको अनुसूचीमा उल्लेख भए बमोजिम पाँच विकास क्षेत्र, १४ अञ्चल तथा ७५ जिल्लाहरूमा विभाजन गरिएको छ र प्रत्येक विकासक्षेत्र, अञ्चल तथा जिल्लाको सीमाना र सदरमुकाम श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुने उल्लेख गरिएकोछ।

परिच्छेद- ३ मा क्षेत्रीय र जिल्ला प्रशासन बारे उल्लेख गरी प्रत्येक विकास क्षेत्रमा देहाय बमोजिम एउटा क्षेत्रीय प्रशासन कार्यालय रहने व्यवस्था गरिएकोछ।[२०३] क्षेत्रीय प्रशासन कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रूपमा श्री ५ को सरकारले निजामति सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको एकजना क्षेत्रीय प्रशासक नियुक्त गर्नेछ।[२०४] श्री ५ को सरकारको नीति र निर्देशन अनुरूप समन्वयात्मक तरिकाले आफ्नो क्षेत्रभित्र सामान्य प्रशासन सञ्चालन गर्ने गराउने क्षेत्रीय प्रशासकको उत्तरदायित्व हुने

---

२०२. न्याय प्रशासन सुधार ऐन, २०३१ (२०३१/४/१८), कालो बजार तथा केही अन्य सामाजिक अपराध र सजाय ऐन, २०३२ (२०३२/५/२०), स्थानीय प्रशासन (पहिलो संशोधन) ऐन, २०३३(२०३३/४/२८), स्थानीय प्रशासन (दोस्रो संशोधन) ऐन, २०३७ (२०३७/६/२), वाक् तथा प्रकाशन स्वतन्त्रता ऐन, २०३७ (२०३७/४/२९), केही नेपाल ऐन (संशोधन) ऐन, २०४१(२०४१/७/२७), न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३(०४३/७/२४), केही नेपाल ऐन (संशोधन) ऐन, २०४३ (२०४३/७/२४), न्याय प्रशासन ऐन, २०४८ (२०४८/२/१६), स्थानीय प्रशासन (तेस्रो संशोधन) ऐन, २०४८ (२०४८/२/२१),स्थानीय प्रशासन (चौथो संशोधन) ऐन, २०५८ (२०५८/५/६)

२०३. दफा ४, स्थानीय प्रशासन ऐन, २०२८ (क्षेत्रीय प्रशासन कार्यालय, पूर्वाञ्चल विकासक्षेत्र, धनकुटा, मध्यमाञ्चल विकास क्षेत्र, हेटौंडा, पश्चिमाञ्चल विकास क्षेत्र, पोखरा, मध्यपश्चिमाञ्चल विकास क्षेत्र, सुर्खेत, सुदूरपश्चिमाञ्चल विकास क्षेत्र, दिपायल)

२०४. दफा ४.२, स्थानीय प्रशासन ऐन, २०२८

उल्लेख दफा ४ मा गरिएकोछ। क्षेत्रीय प्रशासकको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आफ्नो क्षेत्रभित्र शान्ति सुरक्षा र सुव्यवस्था कायम राख्ने, राख्न लगाउने,

(ख) आफ्नो क्षेत्रभित्रको जिल्ला प्रशासन कार्यालयहरूको कार्य सञ्चालनमा रेखदेख र समन्वय गर्ने,

(ग) आफ्नो क्षेत्रभित्रको क्षेत्रीय तथा जिल्ला कार्यालयहरूको कामलाई सेवामुखी र मितव्ययी बनाउन तथा ढिलासुस्ती, लापरवाही, भ्रष्टाचार आदि हुन नदिन आवश्यक कारवाही गर्ने, गराउने,

(घ) अन्य कानुनमा व्यवस्था भएकोमा सोही बमोजिम हुने गरी सो बाहेक आफ्नो क्षेत्रभित्रको सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण, रेखदेख तथा मर्मत, सम्भार गर्ने, गराउने,

(ङ) आफ्नो क्षेत्रभित्रको शान्ति सुरक्षा सम्बन्धी वस्तुस्थितिको यथार्थ जानकारी नियमित रूपमा श्री ५ को सरकारलाई उपलब्ध गराउने,

(च) सम्बन्धित प्रमुख जिल्ला अधिकारीबाट आफ्नो क्षेत्रभित्र जोडिएको विदेशी मुलुकको सीमानाको आवधिक निरीक्षण गर्न लगाई श्री ५ को सरकार समक्ष प्रतिवेदन पेश गर्ने र सीमावर्ती क्षेत्रमा हुने आपराधिक क्रियाकलापहरूको नियन्त्रणमा स्थानीय प्रशासनको प्रभावकारिता बढाउन आवश्यक व्यवस्था मिलाउने,

(छ) आफ्नो क्षेत्रभित्रका दुई वा दुईभन्दा बढी जिल्लाहरू बीच कायम रहेको सिमाना, बाटो, कुलो, पैनी, खानेपानी आदि सार्वजनिक सरोकारको विषयमा आपसी मतभेद वा विवाद उत्पन्न भएमा सम्बन्धित पक्षहरू राखी निराकरणको लागि आवश्यक व्यवस्था गर्ने,

(ज) दैवीप्रकोप, महामारी, भोकमरी जस्ता विषम परिस्थिति नियन्त्रण एवं व्यवस्थापन गर्न आवश्यक व्यवस्था गर्ने, गराउने,

(झ) आफ्नो क्षेत्रभित्रका कारागारहरूको नियमित निरीक्षण गरी सुसञ्चालनको आवश्यक व्यवस्था मिलाउने र कैदीहरूको कैद माफीको लागि सिफारिस गर्ने,

(ञ) विकास क्षेत्रभित्र राष्ट्रियता अभिवृद्धि गरी नेपाली जनताबीच मेलमिलाप र आपसी सद्भावद्वारा एकता कायम गर्न आवश्यक पर्ने कार्यहरू गर्ने,

(ट) श्री ५ को सरकारले समय समयमा दिएका आदेश तथा निर्देशन अनुसार अन्य काम कारवाही गर्ने, गराउने तथा त्यसको अनुगमन गर्ने।

दफा ४ग अनुसार प्रत्येक क्षेत्रमा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने काममा सहयोग पुऱ्याउन देहाय बमोजिमको एक क्षेत्रीय सुरक्षा समिति रहनेछ जसको अध्यक्ष क्षेत्रीय प्रशासक, सदस्यहरूमा शाही नेपाली सेनाको स्थानीय प्रमुख, क्षेत्रीय प्रहरी कार्यालयको प्रमुख र सशस्त्र प्रहरी कार्यालयको स्थानीय प्रमुख तथा सदस्य सचिवमा राष्ट्रिय अनुसन्धान विभागको सम्बन्धित विकासक्षेत्र हेर्ने कार्यालयको प्रमुख रहने व्यवस्था

गरिएको छ। आफ्नो क्षेत्रमा शान्ति सुरक्षा कायम गर्ने कामको लागि क्षेत्रीय प्रहरी कार्यालयले क्षेत्रीय प्रशासकको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही काम गर्नु पर्नेछ।[२०५]

दफा ५ अनुसार जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्नको लागि प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहनेछ। श्री ५ को सरकारले सो कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रूपमा एकजना प्रमुख जिल्ला अधिकारीको नियुक्ति गर्नेछ र निजले श्री ५ को सरकारको नीति, नियम र निर्देशन तथा क्षेत्रीय प्रशासकको सामान्य रेखदेखमा रही काम गर्नेछ र साथै श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको जिल्ला स्तरका कार्यालयहरू जिल्ला प्रशासन कार्यालयको शाखाका रूपमा रहनेछन्। जिल्लास्तरका कार्यालयहरू माथि रेखदेख, नियन्त्रण र निर्देशन दिने सम्बन्धमा प्रमुख जिल्ला अधिकारी वा अन्य अधिकारीको अधिकार र कर्तव्य यस ऐन अन्तर्गत बनेको नियमद्वारा व्यवस्थित हुनेछ। प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) जिल्लामा शान्ति, व्यवस्था र सुरक्षा कायम राख्ने,

(ख) जिल्लाभित्र श्री ५ को सरकार, जिल्ला विकास समिति, नगरपालिका वा गाउँ विकास समितिले सञ्चालन गरेका विकास कार्यहरूमा सहयोग पुऱ्याउने,

(ग) जिल्लाभित्र रहेको श्री ५ को सरकारको सबै सम्पत्तिको रेखदेख, सम्भार तथा मर्मत गर्ने, गराउने,

(घ) श्री ५ को सरकारले समय समयमा दिएका आदेश वा निर्देशन अनुसार अन्य काम कारवाही गर्ने।

प्रमुख जिल्ला अधिकारीले कुनै हिंसात्मक काम कारवाही हुने वा हुलदंगा हुने आशंका भएको कार्यलाई रोक्न प्रहरीद्वारा रोक्न लगाउने र प्रहरीले नियन्त्रण गर्न नसकेकोमा सम्बन्धित ठाउँमा तुरून्तै आफैं गई वा आफू मातहतका अधिकृतलाई पठाई सकेसम्म सम्झाई शान्ति कायम गराउने र नसकेमा प्रहरीको मद्दतले लाठीचार्ज, अश्रुग्याँस, फोहरा र हवाई फायर समेत आवश्यक र परिस्थिति अनुसार जो गर्नुपर्ने बल प्रयोग गरी शान्ति कायम गर्ने गराउने, देहायबमोजिम गर्नु पर्दछ। शान्ति कायम गर्न नसकिने देखिएमा र गोली चलाउनु पर्ने आवश्यकता परेमा सो गर्नुभन्दा अगाडि भीडलाई हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टसँग सो भीडले बुझ्ने गरी चेतावनी दिने र त्यति गर्दा पनि भीड हटेन र गोली चलाउनु पर्ने नै भयो भने घुँडामुनि पारी गोली चलाउनको निमित्त आदेश लेखी सही गरी दिने, जिल्लामा शान्ति सुरक्षा कायम गर्ने कामको लागि जिल्ला प्रहरी कार्यालयले प्रमुख जिल्ला अधिकारीको प्रत्यक्षत: नियन्त्रण र निर्देशनमा रही काम गर्नुपर्ने छ।[२०६]

दफा ६ (२) आफ्नो अधिकार क्षेत्रभित्रको कुनै ठाउँमा गम्भीर अशान्ति भएको छ वा हुने सम्भावना छ र सो ठाउँमा भइरहेको शान्ति रोक्न वा अशान्ति हुन नदिन अन्य प्रहरीको मद्दतबाट मात्र सम्भव छैन भन्ने प्रमुख जिल्ला अधिकारीलाई लागेमा यस

---

२०५. दफा ४घ, स्थानीय प्रशासन ऐन, २०२८

२०६. दफा ६ स्थानीय प्रशासन ऐन, २०२८

सम्वन्धी कारण तथा आधार खुलाई निजले स्थानीय वा नजिकको सशस्त्र प्रहरी वा अवस्था अनुसार शाही नेपाली सेनाको मद्दत माग्न सक्नेछ। त्यसरी सशस्त्र प्रहरी वा शाही नेपाली सेनाको मद्दत मागेकोमा क्षेत्रीय प्रशासक र गृहमन्त्रालयलाई चौबीस घण्टाभित्र सबैभन्दा छिटो साधनद्वारा त्यसको सूचना दिनुपर्ने छ। दफा ६ (३) अनुसार कसैले कुनै काम गर्न लाग्दा वा कही केही वस्तु रहँदा वा कसैले राख्दा हुलदंगा भई शान्ति सुरक्षा भंग हुने वा कसैलाई बाधा विरोध पर्ने वा जनस्वास्थ्यलाई खराब असर पर्ने सम्भावना भएमा प्रमुख जिल्ला अधिकारीले कसैलाई कुनै काम गर्न दिनबाट निषेध गर्ने वा कुनै वस्तु वा सम्पत्तिको मालिक वा व्यवस्थापक वा प्रमुखलाई सो वस्तु वा सम्पत्ति सो ठाउँबाट हटाउन आदेश दिने वा सो ठाउँमा कुनै काम गर्न निषेध गर्ने आदेश दिन सक्नेछ र सो आदेश एक पटकमा दुई महिनाभन्दा बढी अवधिको हुनेछैन। प्रमुख जिल्ला अधिकारीले कसैलाई कुनै आदेश दिंदा सो दिनुपर्ने कारण लेखी सम्बन्धित व्यक्तिको नाममा सूचना पठाउनु पर्दछ। सम्बन्धित व्यक्ति फेला नपरेमा काम रोकिने गरी प्रचलित नेपाल कानुन बमोजिम सूचना टाँस गर्नु पर्दछ। त्यस्तो आदेश उल्लंघन गर्ने व्यक्तिलाई आदेश दिने अधिकृतले पटकै पिच्छे बढीमा पचास रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।[२०७] प्रमुख जिल्ला अधिकारीले गरेको आदेश वा जरिवानामा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र पुनरावेदन अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ।

दफा ६ (७) अनुसार प्रत्येक जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था गर्ने काममा सहयोग पुऱ्याउन एक सुरक्षा समिति रहेको हुन्छ जसको अध्यक्ष प्रमुख जिल्ला अधिकारी, सदस्यहरूमा शाही नेपाली सेनाको स्थानीय प्रमुख, जिल्ला प्रहरी कार्यालयको प्रमुख र सशस्त्र प्रहरी कार्यालयको स्थानीय प्रमुख तथा सदस्य-सचिवमा राष्ट्रिय अनुसन्धान विभागको जिल्लास्थित कार्यालयको प्रमुख रहने व्यवस्था छ। प्रमुख जिल्ला अधिकारीले कसैलाई कुनै आदेश दिंदा लिखित आदेश नै दिनुपर्दछ।

कुनै ठाउँमा आन्दोलन वा हुलदंगा भई शान्ति भंग हुन जाने देखिएमा परिस्थितिको विचार गरी आवश्यक भएमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो स्थानको सीमाना तोकी सो ठाउँमा कसैले आवतजावत गर्न, भेला हुन र तोकेको अरू कुनै काम गर्न नपाउने गरी कर्फ्यू लगाउन आदेश जारी गर्न सक्नेछ। त्यसरी कर्फ्यूको आदेश दिंदा प्रमुख जिल्ला अधिकारी ले सो आदेश, कर्फ्यू लाग्ने क्षेत्र र सो वरिपरिका क्षेत्रका सर्वसाधारण जनताको जानकारीको लागि प्रचार गर्नु पर्दछ।[२०८] आदेश जारी भएपछि निषेध गरिएको स्थान र समयभित्र प्रमुख जिल्ला अधिकारीबाट गोप्य संकेत लिएको इजाजत प्राप्त व्यक्ति बाहेक अरू कसैले आवतजावत गर्न हुँदैन।[२०९] कर्फ्यूको आदेश उल्लंघन गर्ने व्यक्तिलाई प्रहरीले गिरफ्तार गर्नेछ र त्यसरी गिरफ्तार गरिएका व्यक्तिलाई तुरून्त प्रहरीले प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्नु पर्नेछ। त्यसरी गिरफ्तार गरिएका व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले उपयुक्त सम्झेको संक्षिप्त कार्यविधि अपनाई एक महिनासम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न

---

२०७. दफा ६.४ स्थानीय प्रशासन ऐन, २०२८

२०८. दफा ६.क स्थानीय प्रशासन ऐन, २०२८

२०९. दफा ६.क.२ स्थानीय प्रशासन ऐन, २०२८

सक्नेछ र उक्त सजायको आदेश उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ।[२१०] कर्फ्यूको आदेश दिंदा प्रमुख जिल्ला अधिकारीले कर्फ्यूको स्थितिलाई नियन्त्रणमा राख्न कर्फ्यू तोड्ने व्यक्ति वा जमातलाई गोली चलाउन प्रहरीलाई आदेश समेत दिन सक्नेछ। त्यस्तो स्थितिमा प्रहरीले गोली चलाउनु आवश्यक परेमा गोली चलाउनुभन्दा अगाडि कर्फ्यू तोड्ने व्यक्ति वा जमातलाई प्रहरीले परिस्थिति अनुसार लाठीचार्ज, अश्रुग्याँस, फोहरा वा हवाई फायर गर्नुपर्नेछ र त्यति गर्दा पनि कर्फ्यू तोड्ने व्यक्ति वा जमात हटेन भने त्यस्तो व्यक्ति वा जमातलाई हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टसँग बुझिने गरी चेतावनी दिनु पर्नेछ। त्यसरी चेतावनी दिंदा पनि कर्फ्यू तोड्ने व्यक्ति वा जमात हटेन भने प्रहरीले गोली चलाउन सक्ने छ। तर प्रमुख जिल्ला अधिकारीलाई हिंसात्मक प्रवृत्ति देखाई कर्फ्यू तोड्ने व्यक्ति वा जमातलाई देख्नेबित्तिकै गोली हान्ने आदेश दिन बाधा पुऱ्याएको मानिने छैन।[२११] प्रमुख जिल्ला अधिकारीले आदेश जारी गरी लगाइएको कर्फ्यूको अवधिलाई सोही अधिकारीले परिस्थिति अनुसार घटाउँदै लगी स्थिति सामान्य भएपछि कर्फ्यू पूर्णतया हटाइने छ र यस्तो कुराको जानकारी क्षेत्रीय प्रशासक र गृह मन्त्रालयलाई तुरून्त दिनु पर्नेछ।[२१२]

दफा ६ ख अनुसार प्रमुख जिल्ला अधिकारीले दंगाग्रस्त क्षेत्र घोषित गर्न सक्नेछ। यसरी दंगाग्रस्त क्षेत्र घोषित गरेपछि सो क्षेत्रको शान्ति सुव्यवस्था कायम गर्न प्रमुख जिल्ला अधिकारीले त्यस्तो क्षेत्रमा शंकास्पद व्यक्तिहरूलाई पक्राउ पूर्जी विना पक्राउ गर्ने र सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम नजरबन्दमा राख्ने, लुटपिट गर्ने तथा घर वा पसलमा आगो लगाउने, सार्वजनिक सम्पत्ति तोडफोड गर्ने वा अन्य किसिमका हिंसात्मक वा विध्वंसात्मक कार्य गर्ने व्यक्तिलाई देख्ने बित्तिकै गोली प्रहार गर्ने, कुनै प्रकारको भेला, जुलुस, सभा, बैठक वा प्रदर्शन वा पोस्टर, पर्चा जस्ता प्रचार सामग्री टाँस्न वा लेख्न निषेध गर्ने, अत्यावश्यक वस्तुहरूको आपूर्तिको व्यवस्था मिलाउने, त्यस्ता वस्तुहरूको परिवहन, संचय, विक्री-वितरणमा नियन्त्रण गर्ने, शिक्षण संस्था लगायत अन्य कुनै संस्था, मनोरञ्जन केन्द्र र कार्यालय बन्द गराउने, आवश्यक सेवा सञ्चालन ऐन, २०१४ बमोजिम कुनै आवश्यक सेवामा हड्ताल गर्न निषेध गर्ने, त्यस्तो क्षेत्रमा पाँचजना वा सोभन्दा बढी व्यक्तिहरू जम्मा हुन निषेध गर्ने, त्यस्तो क्षेत्रमा कर्फ्यू लगाउने, कुनै वा सबै कारवाही गर्न सक्नेछ। त्यस्तो क्षेत्रमा उपरोक्त कार्यहरूको लागि आवश्यक देखेमा शाही नेपाली सेनाको सहयोग लिन सक्ने छ।

दंगाग्रस्त क्षेत्रमा अवैध हातहतियार एवं खरखजाना राखेको छ भन्ने शंका लागेमा प्रमुख जिल्ला अधिकारीको आदेशले त्यस्तो क्षेत्रमा रहेको जुनसुकै व्यक्तिको घर, पसल, कम्पाउण्ड वा गोदाम आदिमा पूर्वसूचना नदिइकनै घटिमा प्रहरी सहायक निरीक्षकसम्मका दर्जाका प्रहरी कर्मचारीले खानतलासी गर्न सक्नेछ।[२१३] दंगाग्रस्त क्षेत्र घोषित गर्दा प्रमुख जिल्ला अधिकारीले एक पटकमा बढीमा एक महिनासम्मको अवधिका

---

२१०. दफा ६.क.३ स्थानीय प्रशासन ऐन, २०२८

२११. दफा ६.क.४ स्थानीय प्रशासन ऐन, २०२८

२१२. दफा ६.क.४- ५ स्थानीय प्रशासन ऐन, २०२८

२१३. दफा ६.ख.२ स्थानीय प्रशासन ऐन, २०२८

लागि मात्र घोषित गर्न सक्नेछ। उक्त अवधि बढाउनु परेमा प्रमुख जिल्ला अधिकारीले श्री ५ को सरकार, गृहमन्त्रालयको स्वीकृति लिई सो अवधिलाई थप तीन महिनासम्म बढाउन सक्नेछ। प्रमुख जिल्ला अधिकारीले उपयुक्त सम्झेको संक्षिप्त कार्यविधि अपनाई तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सक्नेछ र उक्त सजायको आदेश उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने छ।[२१४]

दफा ७ अनुसार प्रमुख जिल्ला अधिकारीले जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय र प्रहरी चौकी समेत ठीक अवस्थामा रहे नरहेको, प्रहरी कर्मचारी र अधिकृत जवानहरूले कानुन बमोजिम काम कारवाही गरे नगरेको भन्ने कुराको आवश्यक जाँचबुझ गरी सो सम्बन्धमा देहायबमोजिम गर्नु पर्ने छ।

(क) जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय र प्रहरी चौकी समेतमा कमसेकम वर्षको एक पटक अनिवार्य रूपमा निरीक्षण गर्नु पर्नेछ। त्यसको प्रतिवेदन क्षेत्रीय प्रशासक र गृह मन्त्रालयमा पठाउनु पर्नेछ।

(ख) प्रहरी अधिकृतहरूको नेकीवदी र कार्य सम्पादनको प्रतिवेदन प्रत्येक वर्ष पौष मसान्त र आषाढ मसान्तमा वर्षको दुई पटक क्षेत्रीय प्रशासक र गृह मन्त्रालयमा पठाउनु पर्नेछ।

(ग) जिल्लाको प्रहरी सम्बन्धी कुनै कामको बन्दोबस्त गर्नुपर्ने देखिन आएमा आफ्नो राय समेत प्रमुख जिल्ला अधिकारीले क्षेत्रीय प्रशासक र गृह मन्त्रालयमा लेखी पठाउनु पर्ने छ।

(घ) प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालन गर्दा कानुन विपरीत कार्य गरेको आधारमा कसैले उजुर गरेमा आवश्यक छानवीन गरी आफ्नो सिफारिस एवं राय सहित आवश्यक कारवाहीको लागि क्षेत्रीय प्रशासक र गृहमन्त्रालयमा प्रतिवेदन प्रस्तुत गर्नु पर्नेछ।

पाँचसय रूपैयाँ बिगो भएको साधारण चोरी मुद्दा, बगलीमारा मुद्दा, नपुग नापतौल प्रयोग गरी ठगेको मुद्दा, चली आएको देवी देवताको स्थानमा बाहेक स्त्रीजाति चौपाया मारेको सम्बन्धी आदि मुद्दा-मामिलामा शुरू कारवाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीको हुनेछ। त्यस्तै प्रमुख जिल्ला अधिकारीले आफूकहाँ परेको उजुरीको सिलसिलामा कुनै स्त्री वा नाबालकको धन सुरक्षित साथ राख्न लगाउन आवश्यक देखेमा नगरपालिका वा गाउँ विकास समितिको सहयोग लिई सो धन जिल्लाका कुनै गन्यमान्य व्यक्ति वा सरकारी कार्यालयको जिम्मामा सुरक्षित राख्न लगाउन सक्ने उल्लेख दफा ८ मा गरेकोछ। यसरी प्रमुख जिल्ला अधिकारीले यो ऐन वा प्रचलित नेपाल कानुनबमोजिम मुद्दा मामिलाहरूको कारवाही र किनारा गर्दा जुन ऐन अन्तर्गत मुद्दा मामिलाको कारवाही र किनारा गर्ने हो सो ऐन समेत उल्लेख गरी प्रचलित नेपाल कानुन बमोजिमको म्यादभित्र कारवाही र किनारा गर्नु पर्दछ भन्ने उल्लेख पनि यसै दफामा गरिएको छ।

दफा ९ मा प्रमुख जिल्ला अधिकारीको अन्य काम, कर्तव्य र अधिकार बारेमा उल्लेख गरिएको छ। जसअनुसार:

---

२१४. दफा ६.ख.५ स्थानीय प्रशासन ऐन, २०२८

- अम्मल खाई सार्वजनिक स्थानमा बसेर लापरवाहीसाथ बोली हिंड्ने वा जथाभावी गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले पक्रन लगाई अम्मलले नछाडेसम्म थुन्न सक्नेछ र अम्मलले छाडेपछि निजलाई मौखिक नसिहत दिन र फेरि पनि सोही कसूर गरेमा निजलाई पटकै पिच्छे बढीमा एक हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।
- बेवारिसे मालसामान कुनै ठाउँमा पाइएमा प्रमुख जिल्ला अधिकारीले मुलुकी ऐन, कल्याण धनको महल बमोजिम गर्नु गराउनु पर्दछ।
- सरकारी वा आफ्ना घरायसी काममा कुनै सरकारी कर्मचारीले कसैलाई पनि बिना पारिश्रमिक करकापले काम गर्न लगाएमा प्रमुख जिल्ला अधिकारीले निज उपर प्रचलित नेपाल कानुन बमोजिम कारवाही चलाउन वा निजामति सेवा नियमावली अनुसार विभागीय कारवाहीको लागि सम्बन्धित विभागीय प्रमुख समक्ष लेखी पठाउन सक्नेछ।
- प्रमुख जिल्ला अधिकारीले बाघ, चितुवा वा अन्य हिंस्रक जनावरले आफ्ना जिल्लाभित्रका कुनै ठाउँमा दुःख दिएको कुरा नगरपालिका वा गाउँ विकास समितिले प्रतिवेदन गरेमा सो जनावरलाई मार्न लगाई छाला एवं शरीरका अन्य भाग सम्बन्धित वन कार्यालयमा बुझाइ दिन वा वन तथा भू-संरक्षण मन्त्रालयले निर्देशन दिए बमोजिम गर्नु पर्दछ।
- कसैले कुनै मालसामान बिक्री गर्दा अनुचित नाफा खाई नाजायज फाइदा उठाएमा त्यस्तो बिक्रेतालाई खरिद बिक्री भएको मालसामानको परिमाण र मोलको विचार गरी प्रमुख जिल्ला अधिकारीले एक हजार रूपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद गर्न वा दुवै सजाय गर्न सक्नेछ। प्रमुख जिल्ला अधिकारीले दिएको सजायमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ।
- प्रमुख जिल्ला अधिकारीले आफ्नो जिल्लाभित्रको सार्वजनिक धारा, कुवा, पोखरी, पँधेरो, पाटीपौवा, सत्तल धर्मशाला, मन्दिर गुफा, पुल आदिको लगत लिई राख्नुपर्छ र भत्की बिग्री, नोक्सान हुन लागेमा त्यसको धनी, वारिस नगरपालिका वा गाउँ विकास समिति वा गुठी संस्थानद्वारा मरमत गर्न लगाउनु पर्दछ।
- सरकारी जग्गा वा सार्वजनिक जग्गामा आफ्नो हक कायम नभई कसैले घर बनाउनु हुँदैन। कसैले त्यस्तो जग्गामा घर बनाएमा वा बनाउन प्रयत्न गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई घर बनाउन रोक्का गर्ने आदेश दिन सक्नेछ। त्यस्तो आदेश दिँदा घर बनाइसकेको वा बनाइरहेको एक महिनाभित्र घर भत्काई लैजानसमेत आदेश दिन सक्नेछ।सो म्यादभित्र घर भत्काई नलागेमा त्यस्तो घर बनाउनेलाई प्रमुख जिल्ला अधिकारीले पाँच हजार रूपैयाँसम्म जरिवाना गरी त्यस्तो घर भत्काउन सक्नेछ र त्यसरी घर भत्काउँदा लागेको खर्च समेत सम्बन्धित व्यक्तिबाट असूल गर्न सक्नेछ।

परिच्छेद ४ मा विविध विषय बारे व्यवस्था गरिएकोछ। जसमा प्रमुख जिल्ला अधिकारीले अधिकार प्रत्यायोजन[२१५] गर्न सक्ने, त्यस्तै यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि श्री ५ को सरकारले नियम बनाउने र प्रचलित नेपाल कानुन बमोजिम तत्कालीन अञ्चलाधीश समक्ष दायर भई छिन्न बाँकी रहेका मुद्दाहरूमध्ये पुनरावेदन तहका मुद्दाहरू सम्बन्धित पुनरावेदन अदालतमा र अन्य मुद्दाहरू सम्बन्धित प्रमुख जिल्ला अधिकारीकहाँ लग्न सक्ने कुराको उल्लेख गरिएकोछ।[२१६]

२१५. अदालत बाहेक अन्य कुनै अधिकारी वा संस्थालाई यो ऐन वा अन्य कुनै प्रचलित नेपाल कानुन बमोजिम प्राप्त भइरहेको अधिकारहरूमध्ये सबै वा केही श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सम्बन्धित जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति वा अन्य कुनै अधिकारीले प्रयोग गर्न पाउने गरी प्रदान गर्न सक्नेछ। तर प्रमुख जिल्ला अधिकारीले मुद्दा हेर्ने अधिकार प्रत्यायोजन गर्न सक्ने छैन।

२१६. दफा १३ स्थानीय प्रशासन ऐन, २०२८

हातहतियार खरखजाना ऐन, २०१९

हातहतियार खरखजाना सम्बन्धी नेपाल कानुनलाई एकीकरण तथा संशोधन गर्न बनेको ऐन, २०१९ को प्रस्तावनामा नेपालको सुरक्षा एवं शान्ति र व्यवस्था कायम राख्नको निमित्त हतियार खरखजाना सम्बन्धी प्रचलित नेपाल कानुनलाई एकीकरण र संशोधन गर्न वाञ्छनीय भएकोले, यो ऐन जारी गरिएको भनिएको छ। यो ऐन हालसम्म पाँच पटक संशोधन गरिसकिएकोछ।[२१६] यो ऐन २०१९/१०/२२ मा लालमोहर लागि २०१९/१०/२३ मा प्रकाशित भएको हो।

दफा २ मा तोप, मेशिन गन, हातहतियार, खरखजाना, लाइसेन्स आदि शब्दहरूको परिभाषा गरिएको छ। तोप, मेशिन गन र लाइसेन्स नभई हातहतियार, खरखजाना बनाउन, आफूसाथ राख्न, एक रूपबाट अर्को रूपमा परिणत गर्न र बिक्री गर्न समेत मनाही गरिएको छ।[२१८] आफ्नो निजी उपयोगको निमित्त कानुनी तवरबाट हातहतियार वा खरखजाना राखेको कुनै व्यक्तिले सो हातहतियार वा खरखजाना तत्काल लागू रहेको कानुनले निषेध नगरिएको अरू कुनै व्यक्तिलाई बेच्नमा कुनै कुराले बाधा पुऱ्याउने छैन। त्यस्तो हातहतियार वा खरखजाना बेच्नु पर्दा किन्ने व्यक्तिको नाम, ठेगाना र बिक्रीको कुरा खोली प्रमुख जिल्ला अधिकारीलाई पूर्व सूचना दिनु पर्छ।

दफा ४ अनुसार कसैले तोप वा मेशिनगन विदेशबाट नेपाल अधिराज्यभित्र ल्याउन, नेपाल अधिराज्यबाट विदेशमा लैजान वा नेपाल अधिराज्यको एक जिल्लाबाट अर्को जिल्लामा ल्याउन लैजान समेत हुँदैन। लाइसेन्स नलिई वा लाइसेन्समा तोकिएको बन्देजमा नरही कुनै व्यक्तिले हातहतियार वा खरखजाना विदेशबाट नेपाल अधिराज्यभित्र ल्याउन, नेपाल अधिराज्यबाट विदेशमा लैजान वा नेपाल अधिराज्यको एक जिल्लाबाट अर्को जिल्लामा ल्याउन लैजान समेत हुँदैन।

कुनै व्यक्तिले लाइसेन्स नलिई वा लाइसेन्समा तोकिएको शर्त बन्देजमा नरही हातहतियार लिएर हिंड्न हुँदैन। लाइसेन्स बेगर वा यस ऐनका विरूद्ध हातहतियार लिएर हिंड्ने कुनै व्यक्तिलाई सहायक निरीक्षक दर्जा वा सोभन्दा माथिल्लो दर्जाका प्रहरी अधिकृत वा प्रमुख जिल्ला अधिकारी वा निजले खटाएको व्यक्तिले विना वारेन्ट गिरफ्तार गर्न र निजले साथमा लिएको हातहतियार कब्जा समेत गर्न सक्नेछ। त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्ने वा हातहतियार कब्जा गर्ने प्रहरी अधिकृत वा प्रमुख जिल्ला अधिकारीबाट खटिएको व्यक्तिले सो गिरफ्तार गरिएको व्यक्ति र कब्जा गरिएको हातहतियारलाई बाटोको म्याद बाहेक २४ घण्टाभित्र प्रमुख जिल्ला अधिकारी छेउ बुझाइ दिनुपर्छ।[२१९]

---

२१६. न्याय प्रशासन सुधार ऐन, २०३१, केही नेपाल ऐन (संशोधन) ऐन, २०४३, न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३, हातहतियार खरखजाना (पहिलो संशोधन) ऐन, २०४८ र न्याय प्रशासन ऐन, २०४८

२१८. दफा ३, हातहतियार खरखजाना ऐन, २०४८

२१९. दफा ५, हातहतियार खरखजाना ऐन, २०४८

दफा ५क अनुसार प्रतिनिधि सभा वा राष्ट्रिय सभा तथा गाउँ, नगर वा जिल्लाको स्थानीय निकायको सदस्यको लागि हुने निर्वाचनमा उम्मेद्वारको लागि दरखास्त दिने मितिदेखि निर्वाचनको परिणाम घोषणा भएको .... दिनसम्मको अवधिभर सुरक्षा सम्बन्धी सरकारी कर्मचारी बाहेक अरू कसैले निर्वाचन क्षेत्रमा लाइसेन्स प्राप्त हातहतियार पनि लिएर हिंड्न हुँदैन। माथि लेखिए अनुरूप बर्खिलाप हातहतियार लिई हिंडेमा लाइसेन्स नभएको हातहतियार लिएर हिंडेको सरह मानी निजलाई कारवाही हुनेछ।

शंका लागेमा हातहतियार, खरखजाना, ल्याउने लैजाने व्यक्तिहरूको खानतलासी लिई सहायक निरीक्षक दर्जा वा सोभन्दा माथिल्लो दर्जाका प्रहरी अधिकृतले पक्राउ गर्ने सक्ने। [२२०]श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल सरहद र विदेशी सरहदको सीमानाका बीच हातहतियार खरखजानाको तलासी लिने चौकीहरू खडा गर्न सक्नेछ र श्री ५ को सरकारबाट अख्तियार पाएको व्यक्तिले त्यस ठाउँमा आवत जावत गाडी र भारी बोक्ने मानिस वा जिवजन्तुहरूलाई रोकी ओसार पसार गर्दा प्रयोग गरिएको वाकसहरू र पोकाहरूको तलासी लिन सक्नेछ।[२२१] श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको ठाउँमा तोकिएको कुनै किसिमको हातहतियार वा खरखजाना कुनै व्यक्तिले पनि राख्न नपाउने समेत गर्न सक्नेछ।[२२२]

दफा ९ अनुसार प्रहरी थानामा हातहतियार खरखजाना बुझाउने पर्ने भनिएको छ। जसअनुसार हातहतियार वा खरखजाना राख्ने कुनै पनि व्यक्तिले लाइसेन्सको अवधि समाप्त भएमा वा लाइसेन्स बदर गरिएमा वा दफा .... अन्तर्गत सूचना प्रकाशित भएबाट वा अरू कुनै तरिकाबाट त्यस्तो हातहतियार वा खरखजाना राख्न गैरकानुनी हुन आएमा त्यस्तो हातहतियार वा खरखजाना स्थानीय प्रहरी कार्यालयमा तुरून्त बुझाई दिनुपर्छ र प्रहरी कार्यालयले पनि बुझी लिई प्रचलित कानुन बमोजिम कारवाही गर्नुपर्छ। हातहतियार वा खरखजाना बुझाई दिएपछि सो बुझाउने व्यक्तिले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको अवधि समाप्त हुनुभन्दा अगावै पनि पुन: देहायको हक प्राप्त गर्न सक्नेछ-

- त्यसरी बुझाएको हातहतियार वा खरखजाना आफूसाथ राख्न कानुनी हुन आएमा सो हातहतियार वा खरखजाना फिर्ता लिन पाउने,
- त्यसरी बुझाएको हातहतियार वा खरखजाना कानुनी तवरबाट राख्न पाउने व्यक्तिलाई बिक्री गर्न, गराउन वा त्यसबाट बिक्रीबाट आएको मुनाफा आफूले लिन पाउने।

तोकिएको अवधिभित्र फिर्ता नभई जम्मा भएको हातहतियार वा खरखजाना श्री ५ को सरकारको सम्पत्ति हुनेछ।

कुनै व्यक्तिले यो ऐन अन्तर्गत लाइसेन्स लिनको निमित्त तोकिएको दस्तुर र तोकिएको ढाँचाको दरखास्त प्रमुख जिल्ला अधिकारी छेउ दिनुपर्छ। कसैको दरखास्त

---

२२०. दफा ६, हातहतियार खरखजाना ऐन, २०४८

२२१. दफा ७, हातहतियार खरखजाना ऐन, २०४८

२२२. दफा ८, हातहतियार खरखजाना ऐन, २०४८

दाखिल भएपछि प्रमुख जिल्ला अधिकारीले तोकिए बमोजिमको आवश्यक जाँचबुझ गरी ... दरखास्तवालालाई तोकिएको ढाँचाको लाइसेन्स दिन सक्नेछ। यसरी दिइएको प्रत्येक लाइसेन्सको अवधि र त्यसलाई नवीकरण गर्ने तरिका, स्थान र त्यसरी नविकरण गराउँदा लाग्ने दस्तुर तोकिए बमोजिमको हुनेछ।[२३३] दफा ११ अनुसार सार्वजनिक शान्ति सुरक्षाको लागि आवश्यक देखिएमा प्रमुख जिल्ला अधिकारीले कारण सहितको पर्चा खडा गरी आफ्नो अधिकार क्षेत्रभित्रको सबै ठाउँमा वा त्यसको कुनै भागमा वा सबै वा केही लाइसेन्स रद्दी वा स्थगित गर्न सक्नेछ। यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै लाइसेन्सवाला दोषी ठहरिएमा प्रमुख जिल्ला अधिकारीले निजको लाइसेन्स रद्द वा स्थगित गर्न सक्नेछ। र साथै श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नेपाल अधिराज्यभर वा त्यसको कुनै भागमा रहेको सबै वा केही लाइसेन्स रद्द वा स्थगित गर्न सक्नेछ।

दफा १२ मा खानतलासी लिने, कब्जा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीको हुनेछ। कुनै प्रमुख जिल्ला अधिकारीले आफ्नो अधिकार क्षेत्रभित्र बसोबास भएका कुनै व्यक्तिसँग विना लाइसेन्स वा गैर कानुनी प्रयोजनको निमित्त कुनै हातहतियार वा खरखजाना राखिएको छ भन्ने भरपर्दो शंका लागेमा, त्यस्तो व्यक्तिसँग सो हातहतियार वा खरखजाना राख्न दिनु सार्वजनिक शान्तिको निमित्त उचित हुनेछैन भन्ने प्रमुख जिल्ला अधिकारीलाई विश्वास लागेमा कारण सहितको पर्चा खडा गरी सो पर्चाको आधारमा त्यस्तो व्यक्तिको घरजग्गामा वा अरू शंका लागेको ठाउँमा खानतलासी गर्न गराउन र लाइसेन्स भएको वा नभएको जुनसुकै हातहतियार वा खरखजाना उपर कब्जा गर्न सक्नेछ। र त्यस्तो किसिमको खानतलासी गर्दा गराउँदा प्रमुख जिल्ला अधिकारीले अरू कुनै अड्डाखानाको कर्मचारीलाई साक्षी राखी मात्र गर्नु गराउनु पर्छ।

कसैले हातहतियार र खरखजाना राख्न लाइसेन्स पाएको भए तापनि श्री ५ को सरकारले सार्वजनिक सुरक्षाको लागि आवश्यक ठानेमा जुनसुकै समयमा सो व्यक्तिको साथमा रहेको हातहतियार वा खरखजाना कब्जा गरी रोक्का राख्न आदेश दिन सक्छ।[२३४] श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै व्यक्ति वा व्यक्तिहरूको सम्बन्धमा वा कुनै खास इलाकामा वा कुनै खास किसिमको हातहतियार वा खरखजानाको सम्बन्धमा यो ऐनको सबै वा केही कुराहरू लागू नहुने वा सोही सूचनामा तोकिए बमोजिम संशोधित भई लागू हुने गर्न सक्नेछ।[२३५] त्यस्तै श्री ५ को सरकारले समय समयमा सूचना प्रकाशित गरी नेपाल अधिराज्यभरमा सोही सूचनामा तोकिएको कुनै ठाउँमा कुनै हातहतियार वा खरखजाना राख्ने व्यक्तिले त्यसको लगत तोकिएको अधिकारीलाई दिन निर्देशन गर्न सक्नेछ।[२३६]

दफा १६ अनुसार हातहतियार, खरखजाना पदार्थ जफत गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ। कसैले सरकारी बोरको (सेना सम्बन्धी) राइफल, पिस्तौल,

---

२३३. दफा १०, हातहतियार खरखजाना ऐन, २०४८

२३४. दफा १३, हातहतियार खरखजाना ऐन, २०४८

२३५. दफा १४, हातहतियार खरखजाना ऐन, २०४८

२३६. दफा १५, हातहतियार खरखजाना ऐन, २०४८

रिभल्भर र त्यस्तै अरू हातहतियार लाइसेन्स लिई झिकाएको भए त्यसको प्रमाण र कम्पनीको बिल समेत तोकिएको अवधिभित्र तोकिएको अधिकारी छेउ पेश गर्नुपर्छ। मुनासिब कारण बाहेक तोकिएको अवधि भित्र सो हातहतियार पेश नगरेमा श्री ५ को सरकारले विना मुआब्जा त्यस्तो हातहतियार जफत गर्न सक्नेछ।[२२६]

दफा १८ अनुसार यो ऐनले सजाय हुने कसुर गरेको काम कुरा थाहा पाउने प्रत्येक व्यक्तिले मनासिव माफिकको समयमा प्रमुख जिल्ला अधिकारीको कार्यालयमा वा प्रहरी कार्यालयमा उक्त कुराको सूचना दिनुपर्छ। दफा १९ मा व्यवस्था भएअनुसार कुनै कामको निमित्त कुनै व्यक्तिको विरूद्ध कानुनी कारवाही चलाउने मनशाय र कारण सहितको लिखित सूचना कमसेकम एक महिना अगावै सम्बन्धित व्यक्तिलाई दिएको वा कानुनी कारवाही चलाउनु पर्ने कारण परेको तीन महिनाभित्र त्यस्तो कानुनी कारवाही चलाइएको बमोजिम नभई नालेश उजुर दिन बाहेक अरू कुनै कानुनी कारवाही चलाइने छैन।

दफा २० मा दण्ड सजाय सम्बन्धमा व्यवस्था गरिएको छ। जसमा तोप वा मेशिनगन तयार गर्ने वा मरमत गर्ने, आफूसाथ राख्ने, एक रूपबाट अर्को रूपमा परिणत गर्ने, बेच्ने वा बिक्रीको लागि दिने वा राख्ने, वा तोप वा मेशिनगन ल्याउने वा लैजानेलाई ७ वर्षसम्म कैद वा एक्काइस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ। त्यस्तै हातहतियार तयार गर्ने वा मर्मत गर्ने, आफू साथ राख्ने, एक रूपबाट अर्को रूपमा परिणत गर्ने, बेच्ने वा बिक्रीको लागि दिने वा राख्ने, वा हातहतियार ल्याउने वा लैजाने, वा हातहतियार लिएर हिंड्ने, वा हातहतियार आफ्नो साथमा राख्ने वा आफ्नो नियन्त्रणमा राख्ने, वा व्यक्तिलाई २ वर्षसम्म कैद वा छ हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ। खरखजाना तयार गर्ने वा मरमत गर्ने, आफूसाथ राख्ने, एक रूपबाट अर्को रूपमा परिणत गर्ने, बेच्ने वा बिक्रीको लागि दिने वा राख्ने, वा खरखजाना ल्याउने वा लैजाने, वा खरखजाना आफ्नो साथमा राख्ने वा आफ्नो नियन्त्रणमा राख्ने, वा व्यक्तिलाई ६ महिनासम्म कैद वा पन्ध्र सय रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

जानी जानी अनधिकृत व्यक्तिलाई हातहतियार वा खरखजाना दिएमा वा त्यस्तो व्यक्तिबाट खरिद गरेमा दण्ड सजाय हुन्छ। बिक्री गर्न अख्तियार नपाएको व्यक्तिसँग हातहतियार खरिद गरेमा, वा हातहतियार राख्न वा खरिद गर्न अधिकार नभएको व्यक्तिलाई जानी जानी हस्तान्तरण गरेमा ६ महिनासम्म कैद वा पन्ध्रसय रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ। र बिक्री गर्न अख्तियार नपाएको व्यक्तिसँग खरखजाना खरिद गरेमा, वा खरखजाना राख्ने वा खरिद बिक्री गर्ने अधिकार नभएको व्यक्तिलाई जानी जानी हस्तान्तरित गरेमा २ महिनासम्म कैद वा पाँचसय रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।[२२८] कसैले लाइसेन्सको शर्त वा नियम उल्लंघन गरी काम गरेमा

---

२२६. दफा १७, हातहतियार खरखजाना ऐन, २०४८

२२८. दफा २१, हातहतियार खरखजाना ऐन, २०४८

निजलाई ३ महिनासम्म कैद वा सातसय पचास रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।[२२९]

दफा २४ अनुसार यो ऐन अन्तर्गत सजाय हुने अपराध सम्बन्धी मुद्दा मामिला हेरी शुरू कारवाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ। प्रमुख जिल्ला अधिकारीले दिएको अन्तिम आदेश वा फैसला उपर प्रचलित कानुन बमोजिम पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ। यो ऐनको प्रतिकूल कुनै काम गरे भएको कुरा जाहेर गर्ने व्यक्तिलाई निजको जाहेरीबाट चलेको मुद्दामा कसुरदारबाट उपर भएको जरिवानाको सरकारी कर्मचारी भए चौथाई र अरू भए आधा पुरस्कार दिइनेछ।[२३०]

२२९. दफा २२, हातहतियार खरखजाना ऐन, २०४८

२३०. दफा २५, हातहतियार खरखजाना ऐन, २०४८

केही फौज्दारी कानुन

अध्यागमन ऐन, २०४९

अध्यागमन सम्बन्धी व्यवस्था गर्न बनेको ऐन मिति २०४९/७/१७ मा लालमोहर लागि प्रकाशित भएको हो। प्रस्तावनामा नेपाल अधिराज्यभित्र विदेशीहरूको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित एवं नियन्त्रण गर्न तथा नेपाली नागरिकहरूको आगमन र स्थानलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, यो ऐन जारी गरिएको हो भनिएको छ। अध्यागमन (पहिलो संशोधन) ऐन, २०५० र केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५३ ले गरी जम्मा दुई पटक संशोधन भएको छ।

अध्यागमन, विदेशी, राहदानी, भिसा, विभाग, कार्यालय, महानिर्देशक, अध्यागमन अधिकृत, पदयात्रा आदि शब्दहरूको परिभाषा गरिएकोछ।

दफा ३ मा प्रवेश, उपस्थिति र प्रस्थान सम्बन्धी व्यवस्था गरिएकोछ। जसअनुसार

१. कुनै पनि विदेशीले राहदानी र भिसा नलिई नेपाल अधिराज्यभित्र प्रवेश गर्न र नेपालमा बस्न पाउने छैन।
२. भिसाको प्रकार, दस्तूर तथा भिसा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।
३. नेपाल अधिराज्यको तोकिएको क्षेत्रमा पदयात्रा गर्न चाहने विदेशीले भिसाको साथै तोकिए बमोजिम अनुमति लिनु पर्नेछ।
४. पदयात्रा सम्बन्धी दस्तूर तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।
५. कुनै पनि विदेशीले नेपाल अधिराज्यभित्र प्रवेश गर्ने र नेपाल अधिराज्यबाट प्रस्थान गर्ने स्थल तोकिए बमोजिम हुनेछ।
६. नेपाल अधिराज्यबाट विदेश प्रस्थान गर्ने वा नेपाल अधिराज्यमा आउने नेपाली नागरिकहरूको प्रस्थान तथा आगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

दफा ४ मा उल्लेख भएअनुरूप नेपाल अधिराज्यमा बसोबास गर्ने विदेशीहरूले पालना गर्नुपर्ने शर्तहरू तोकिए बमोजिम हुनेछ र विदेशीलाई भिसा वा पदयात्राको लागि सेवा उपलब्ध गराउने एजेन्सीले पालन गर्नुपर्ने शर्तहरू तोकिए बमोजिम हुनेछ।

कसैले आफ्नो नाम, उमेर, राष्ट्रियता वा अन्य कुनै कुरा ढाँट्न, झुठा विवरण दिन वा जाली राहदानी वा भिसा प्रयोग गर्न गराउन हुँदैन। कसैले जाली राहदानी वा भिसा पेश गरी नेपाल अधिराज्यभित्र प्रवेश, उपस्थिति र नेपाल अधिराज्यबाट प्रस्थान गर्न हुँदैन। विदेशी राज्यको सरकारबाट वा त्यस्तो सरकारद्वारा अधिकार प्राप्त अधिकारीबाट जारी गरिएको राहदानी र भिसा नभएको कुनै पनि विदेशीलाई कसैले नेपाल अधिराज्य भित्र प्रवेश, उपस्थिति र प्रस्थान गराउनु हुँदैन।[३३१] विदेशीको प्रवेश,

३३१. दफा ५,अध्यागमन ऐन, २०४९

उपस्थिति र प्रस्थानसँग सम्बन्धित लिखत अध्यागमन अधिकृत वा महानिर्देशकले तोकेको कर्मचारीले जुनसुकै स्थान र समयमा पनि जाँच गर्न सक्नेछ र तत्सम्बन्धी कागजपत्र आफ्नो कब्जामा लिन सक्नेछ।[३३२]

दफा ७ अनुसार महानिर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ। नेपाल अधिराज्यभित्र विदेशीहरूको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित, व्यवस्थित र नियन्त्रण गर्ने, गराउने, विदेशीहरूलाई पदयात्रा गर्न अनुमति दिने, तोकिए बमोजिमको भिसा जारी गर्ने तथा भिसाको म्याद थप गर्ने, म्याद थप गरिएको भिसा तोकिए बमोजिमको अवस्थामा रद्द गर्ने, नेपाली नागरिकको आगमन र प्रस्थानलाई व्यवस्थित गर्ने र श्री ५ को सरकारले समय समयमा दिएको निर्देशन अनुसार अन्य काम गर्ने, गराउने।

यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै अपराध भए गरेको वा हुन लागेको कुरा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विभाग वा कार्यालयलाई जानकारी हुन आएमा महानिर्देशकले तोकेको अध्यागमन अधिकृतले सो सम्बन्धी अपराधको तहकिकात र कारवाही गर्नेछ। अपराधको तहकिकात गर्दा वा सबूद प्रमाण संकलन गर्दा अपराधमा संलग्न व्यक्तिलाई गिरफ्तार गर्ने, अपराधको सम्बन्धमा जुनसुकै स्थानको खानतलासी लिन, अपराधसँग सम्बन्धित कागजात वा अन्य माल वस्तु आफ्नो जिम्मा लिन तथा सर्जमिन मुचुल्का तयार गर्न समेत प्रचलित कानुन बमोजिम प्रहरीले पाए सरहको सबै अधिकार अध्यागमन अधिकृतलाई प्राप्त हुनेछ। त्यसरी तहकिकात गर्दा अध्यागमन अधिकृतले अभियुक्तलाई बयान गराई मनासिब आधार भएमा तारेखमा राख्न, धरौट वा जमानत लिई छाड्न वा *अदालतको अनुमति लिई पच्चीस दिनसम्म थुनामा राख्न सक्नेछ।* तर अध्यागमन अधिकृतले अपराधको तहकिकात शुरू गर्ने बित्तिकै सो को जानकारी महा-निर्देशकलाई दिनु पर्नेछ। धरौट वा जमानत दिनु पर्ने अभियुक्तले धरौट वा जमानत दिन नसकेमा निजलाई थुनामा राख्न सकिनेछ र अध्यागमन अधिकृतले आवश्यक परेमा सरकारी वकिलको परामर्श लिन सक्नेछ।[३३३]

दफा ९ अनुसार अध्यागमन अधिकृतले कुनै विदेशीको हकमा अपराधको तहकिकात पूरा गरी महानिर्देशक समक्ष प्रतिवेदन पेश गरेपछि सो प्रतिवेदनको आधारमा महानिर्देशकले तोकिए बमोजिम नियमित गर्नु पर्ने कुराहरूको हकमा नियमित गरी त्यस्तो विदेशीलाई श्री ५ को सरकारको स्वीकृति लिई अवधि तोकी वा नतोकी पुन: नेपाल अधिराज्यमा प्रवेश गर्न नपाउने गरी नेपाल अधिराज्यबाट निस्काशन गर्न सक्नेछ। यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्रचलित कानुन विपरीत कार्य गरे बापत दण्ड सजाय भोगिसकेका भिसा लिनु पर्ने अवस्थाका विदेशीलाई महानिर्देशकले श्री ५ को सरकारको स्वीकृति लिई अवधि तोकी वा नतोकी नेपाल अधिराज्यबाट निस्काशन गर्ने आदेश जारी गर्न सक्नेछ। यसरी निस्काशन गरिएको विदेशीले निस्काशन गरिएको अवधिसम्म नेपाल अधिराज्यभित्र पुन: प्रवेश गर्न पाउने छैन।

---

३३२. दफा ६,अध्यागमन ऐन, २०४९

३३३. दफा ८, अध्यागमन ऐन, २०४९

ऐनका विभिन्न दफामा अपराध गर्नेलाई दण्ड सजायको व्यवस्था गरिएको छ। यसरी सजाय भएकोमा चित्त नबुझ्ने पक्षले पैंतीस दिन भित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ र यस ऐन अन्तर्गतको मुद्दा श्री ५ को सरकार वादी हुनेछ।[२३४]

यो ऐन वा प्रचलित कानुन बमोजिम तहकिकातको क्रममा थुनामा परेको कुनै विदेशीको हकमा थुनामा रहेको अवधिसम्म र मुद्दा दायर गरिएको विदेशीको हकमा त्यस्तो मुद्दा दायर गरिएको दिनदेखि मुद्दाको फैसला भई कैदको सजाय भएकोमा कैद भुक्तान भएको दिनसम्म र जरिवानामात्र भएकोमा जरिवाना बुझाएको दिनसम्मको भिसा दस्तूर लाग्ने छैन।[२३५]

दफा १४ अनुसार श्री ५ को सरकारले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको सबै वा केही प्रावधानहरू कुनै वर्ग, जात, जाती वा राष्ट्रियताका विदेशीहरूलाई लागू नहुने वा तोकिएका शर्तहरू बमोजिम मात्र लागू हुने व्यवस्था गर्न सक्नेछ। श्री ५ को सरकारलाई नेपाल अधिराज्य भित्र कुनै पनि विदेशीको प्रवेश, उपस्थिति वा प्रस्थानबाट राष्ट्रिय हित प्रतिकूल हुन सक्छ भन्ने लागेमा त्यस्तो विदेशीको प्रवेश, उपस्थिति वा प्रस्थान निषेध गर्न सक्नेछ।

यस ऐन बमोजिम महानिर्देशकले आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार आफ्नो मातहतका अन्य अधिकृत वा कर्मचारीलाई सुम्पन सक्नेछ। यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति माथि अन्य प्रचलित कानुन बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुऱ्याएको मानिने छैन।[२३६]

---

२३४. दफा १०-१२, अध्यागमन ऐन, २०४९

२३५. दफा १३, अध्यागमन ऐन, २०४९

२३६. दफा १५-१६, अध्यागमन ऐन, २०४९

प्रमाण ऐन, २०३१

मिति २०३१/७/५ मा लालमोहर लागि प्रकाशन भएको प्रमाण ऐन २०३१ को प्रस्तावनामा प्रमाणसम्बन्धी नेपाल कानुनलाई संशोधन र एकीकरण गरी समयानुकूल व्यवस्था गर्न वाञ्छनीय भएकोले, प्रमाणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनाइएको उल्लेख गरिएको छ। यो ऐन २०३४/५/२७ मा प्रमाण (पहिलो संशोधन) ऐन, २०३४ द्वारा संशोधन गरिएकोछ।

परिच्छेद-१ मा अदालत, व्यक्त भएको, सार्वजनिक लिखत जस्ता शब्दहरूको परिभाषा गरिएको छ।

परिच्छेद-२ मा प्रमाण बुझ्न हुने र प्रमाण बुझन नपर्ने कुराहरूका बारेमा व्याख्या गरिएको छ। जसअनुसार अदालतले मुद्दामा ठहर गर्नुपर्ने कुरा र त्यस्तो कुरासँग सम्बद्ध कुरा[३३६]को मात्र प्रमाण बुझ्न हुन्छ।[३३८] दफा ४ अनुसार प्रमाण बुझ्न नपर्ने कुराहरू अर्न्तगत मुद्दाको कुनै पक्षले व्यक्त गरेको कुनै कुरा अर्को पक्षले लिखित रूपमा स्वीकार गरेमा सो स्वीकार गरेको कुरा, (तर अदालतले उपयुक्त ठानेमा त्यस्तो कुराका सम्बन्धमा पनि प्रमाण बुझ्न सक्नेछ) वा अदालतले स्वयं न्यायिक जानकारी लिने कुरा पर्दछन्।

दफा ५ अनुसार श्री ५ महाराजधिराजको राज्यारोहण, राज्याभिषेक, प्रशस्ति, सलामी, झण्डा, शाही घोषणा, बाहुली निशाना, तथा लालमोहर छाप., श्री ५ युवराजाधिराज उमेर पुगिबक्सेको मिति, राज्य सहायक, राज्य सहायक परिषद्, राजप्रतिनिधि तथा राजप्रतिनिधि परिषद्को नियुक्ति, नेपाल अधिराज्यको भौगोलिक स्थिति, नेपालको संविधान र नेपाल कानुन, नेपाल राजपत्रमा प्रकाशित सूचनाहरू, आदि विषयहरूमा अदालतले स्वयं न्यायिक जानकारी लिनुपर्छ। अदालतले विवादको विषय हुन नसक्ने सामान्य ज्ञानका कुराहरूको स्वयं न्यायक जानकारी लिन हुन्छ। तर यस उपदफाअनुसार मुद्दाको कुनै पक्षले कुनै कुराको न्यायिक जानकारी लिन अदालतलाई अनुरोध गरेमा अदालतले त्यस सम्बन्धमा आवश्यक प्रमाण पेश गर्न सो पक्षलाई आदेश दिन सक्नेछ र अदालतलाई सन्तोष हुने गरी प्रमाण पेश नभएसम्म अदालतले सो कुराको न्यायिक जानकारी लिन इन्कार गर्न सक्नेछ।

दफा ६ अनुसार अन्यथा प्रमाणित नभएसम्म अदालतले निम्नालिखित कुराहरू अनुमान गर्दछ।

(क) एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारको नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्नेछ।

---

३३६. "सम्बद्ध कुरा" भन्नाले मुद्दामा ठहर गर्नुपर्ने कुरालाई प्रमाणित वा खण्डन गर्न सहायता हुने कुरालाई सम्झनुपर्छ।

३३८. दफा ३, प्रमाण ऐन २०३१

(ख) दुई वा सोभन्दा बढी व्यक्तिहरूको भोग वा चलनमा रहेको सम्पत्तिमा ती व्यक्तिहरू सबैको बराबर हक छ भनी अदालतले अनुमान गर्नेछ।

(ग) कुनै अदालत वा सरकारी कार्यालयमा कानुनले राख्नुपर्ने स्याहा, स्रेस्ता वा कागजपत्रमा उल्लेख गरिएका कुराहरू सही रूपमा उल्लेख गरिएका हुन् भनी अदालतले अनुमान गर्नेछ।

(घ) पति पत्नीको वैवाहिक सम्बन्ध कायम रहेको अवधिमा जन्मेको वा सम्बन्ध विच्छेद भएको वा पतिको मृत्यु भएका मितिले दुईसय बहत्तर दिनभित्र जन्मेको सन्तान सो पतिकै सन्तान हो भनी अदालतले अनुमान गर्नेछ।

(ङ) कुनै अदालत वा सरकारी कार्यालय वा अधिकारीबाट वा नेपाल कानुनबमोजिम अधिकार प्राप्त कुनै व्यक्तिबाट प्रकाशित भएको, तयार गरिएको वा प्रमाणित गरिएको भनी जनिएको लिखत सो अदालत, कार्यालय, अधिकारी वा व्यक्तिबाट प्रकाशित भएको वा तयार वा प्रमाणित गरिएको भनी अदालतले अनुमान गर्नेछ।

(च) कुनै विदेशी राज्यको सरकारबाट वा त्यस्तो सरकारबाट अधिकार प्राप्त अधिकारीबाट प्रकाशित भएको भन्ने जनिएको सो राज्यको कानुन वा अदालतको निर्णय छापिएको पुस्तक वा पत्रिकामा प्रकाशित त्यस्तो कानुन वा निर्णय सही रूपमा प्रकाशित भएका छन् भनी अदालतले अनुमान गर्नेछ।

अन्यथा प्रमाणित नभएसम्म अदालतले निम्न कुराहरू: अनुमान गर्न हुन्छ।[२३९]

(क) कुनै व्यक्तिका साथमा चोरीको सम्पत्ति छ भने सो व्यक्तिले सम्पत्ति चोरेको वा चोरीको भन्ने जानीजानी खरीद गरेको हो भनी अदालतले अनुमान गर्न सक्नेछ।

तर, त्यस्तो व्यक्तिले सो सम्पत्ति आफूकहाँ रहेको कुनै मनासिब कारण देखाएमा वा त्यस्ता व्यक्तिको व्यवस्था वा कारोबारको प्रकृतिको विचार गर्दा सो सम्पत्ति निजले चोरीको हो भन्ने नजानेर पनि निजकहाँ रहन जान सक्ने देखिएमा अदालतले त्यस्तो अनुमान गर्ने छैन।

(ख) कुनै व्यक्तिको साथमा रहेको लिखत पेश गर्न निजलाई अदालतले आदेश दिँदा निजले पेश नगरेमा सो लिखत पेश भएको खण्डमा निजको विरूद्ध प्रमाण लाग्न सक्ने किसिमको छ भनी अदालतले अनुमान गर्न सक्नेछ।

(ग) कुनै घटना मानिसहरूका आचरण वा काम कारोवारको सामान्य क्रम विचार गर्दा तर्क संगतरूपमा अनुमान गर्न सकिने अन्य कुनै कुरा अदालतले अनुमान गर्न सक्नेछ।

परिच्छेद-३ मा प्रमाणमा लिन हुने र नहुने कुराहरूका बारेका उल्लेख गरिएको छ। जसअनुसार दफा ३ बमोजिम मुद्दामा प्रमाण बुझ्दा यस परिच्छेदबमोजिम प्रमाणमा लिन हुने कुराहरू र साक्षीले अदालतका समक्ष बकेका अन्य कुराहरूमात्र प्रमाणमा लिन हुन्छ। मुद्दाको कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरूद्ध

---

२३९. दफा ७, प्रमाण ऐन २०३१

प्रमाणमा लिन हुन्छ। कुनै काम घटना वा अवस्थाका सम्बन्धमा घटना वा अवस्था प्रत्यक्ष रूपमा देख्ने वा थाहा पाउने व्यक्ति, घटना वा अवस्थाबाट पीडित भएका व्यक्ति कुनै व्यक्तिले मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको र कुनै व्यक्तिले निजको शारीरिक वा मानसिक अवस्था स्पष्टरूपमा बोध हुने गरी त्यस्तो अवस्था कायम छँदै व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ।[२४०] कुनै मरेको व्यक्तिले आफू मर्न लागेको अवस्थामा होस् छँदै आफ्नो मृत्युको कारणका सम्बन्धमा व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ।[२४१]

दफा १२ अनुसार मरेको, बेपत्ता भएको वा साक्षी बस्न यस ऐनबमोजिम असमर्थ वा कर नलाग्ने भएको वा विपक्षीको जाल प्रपञ्चले गर्दा अदालतमा उपस्थित गराउन सम्भव छैन भनी मुद्दाको पक्षले प्रमाणित गरेको वा अदालतद्वारा समाह्वान जारी हुन नसक्ने अवस्थामा भएको वा अदालतको रायमा अनावश्यक रूपमा बढी खर्च वा समय लाग्ने भई उपस्थित गराई रहन अनुपयुक्त देखिएको व्यक्तिले निजको हक, हित वा स्वार्थको विपरीत हुने गरी व्यक्त गरेको कुनै कुरा निजउपर कुनै कानुनी कारवाही हुन सक्ने वा कुनै फौज्दारी अभियोग लाग्न सक्ने गरी लिखित रूपमा व्यक्त गरेको कुनै कुरा, निजलाई विशेष रूपमा थाहा भएको कुनै सार्वजनिक हक वा रीतिस्थितिको सम्बन्धमा मुद्दा पर्नुभन्दा अघि लिखित रूपमा व्यक्त गरेको कुनै कुरा, वा निजलाई विशेष रूपमा थाहा भएको कुनै नाता सम्बन्धका विषयहरू मुद्दा पर्नुभन्दा अघि व्यक्त गरेको कुराहरू प्रमाणमा लिन हुन्छ।

दफा १३ मा सार्वजनिक लिखत इत्यादिमा उल्लेख भएका कुराहरू जुन राष्ट्रसेवकले आफ्नो ओहदाको कर्तव्य पालनको सिलसिलामा र कुनै व्यक्तिले कानुनद्वारा तोकिएको आफ्नो कर्तव्य पालनको सिलसिलामा कुनै सार्वजनिक लिखतमा उल्लेख गरेका कुराहरू प्रमाणमा लिन हुन्छ। र त्यस्तै श्री ५ को सरकारबाट वा श्री ५ को सरकारद्वारा अधिकार प्राप्त व्यक्तिबाट वा सार्वजनिक संस्थाबाट प्रकाशित भई सार्वजनिकरूपमा बिक्रीमा रहेका नक्सा, मानचित्र वा तथ्याङ्कसम्बन्धी लिखतमा जनिएका कुराहरू प्रमाणमा लिन हुन्छ।

नियमित रूपमा राखिएका खाता, बही, किताब वा अन्य स्रेस्तामा जनिएका कुराहरू, काम, कारोबार वा व्यवसायका सम्बन्धमा लेखेको चिठ्ठीपत्र, भरपाई चलानी वा अन्य कुनै विवरण, पुस्तक वा लेखमा लेखिएका कुराहरू, खास प्रकारका तथ्याक्त, सूची-पत्र, विवरण इत्यादि, अन्य मुद्दामा साक्षीले बकेका कुराहरू, तहकिकात वा जाँचबुझको सिलसिलामा तयार भएका लिखत, निस्सा वा प्रमाणपत्र, प्रतिवेदन, प्रमाण लाग्ने अन्य लिखत, दशी प्रमाण आदि प्रमाणमा लिन हुन्छ। अदालतले विदेशी कानुन, विज्ञान, कला, हस्ताक्षर वा ल्याप्चेका सम्बन्धमा राय यकीन गर्नु परेमा सोसम्बन्धी विशेषज्ञ[२४२]को राय प्रमाणमा लिन हुन्छ।[२४३]

---

२४०. दफा १०, प्रमाण ऐन २०३१

२४१. दफा ११, प्रमाण ऐन २०३१

२४२. "विशेषज्ञ" भन्नाले विशेष अध्ययन, तालिम वा अनुभवबाट कुनै विषयमा विशेष ज्ञान प्राप्त गरेको व्यक्तिलाई सम्झनुपर्छ।

दफा २४ अनुसार मुद्दामा पक्षहरूको चरित्र असल वा खराब छ भन्ने कुरा, कुनै व्यक्तिले कुनै कुरा प्रकट गर्न नहुने अवस्थामा निजले प्रकट गरेको कुरा, कुनै पक्षलाई अदालतले पेश गर्न आदेश दिएको कुनै लिखत सो पक्षले पेश नगरेमा सो लिखत अर्को पक्षले प्रतुत गरेको कुरा, यो ऐन वा अन्य प्रचलित नेपाल कानुनबमोजिम प्रमाणाम लिन नहुने अन्य कुनै कुरा प्रमाणमा लिन हुँदैन।

परिच्छेद-४ मा प्रमाणको भार बारे व्यवस्था गरिएकोछ। फौज्दारी मुद्दामा आफ्नो अभियुक्तको कसूर प्रमाणित गर्ने भार वादीको हुनेछ।[२४४] देवानी मुद्दामा आफ्नो दावी प्रमाणित गर्ने भार वादीको हुनेछ।[२४५] प्रचलित नेपाल कानुनबमोजिम सजायमा कमी वा छूट हुने वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुनेछ। र वादीलाई दिनु वा बुझाउनुपर्ने कुरा सो कानुनबमोजिम दिए वा बुझाएको छ भनी प्रमाणित गर्ने भार प्रतिवादीको हुनेछ।

दफा २९ अनुसार अदालतले यस ऐनबमोजिम अनुमान गरेको कुनै कुरा कुनै पक्षले खण्डन गर्न चाहेमा त्यसको प्रमाण पुऱ्याउने भार सोही पक्षको हुनेछ। कुनै पक्षको विशेष जानकारीमा रहेको कुनै कुरा सो पक्षले नै प्रमाणित गर्नुपर्छ।[२४६] कुनै कुरा प्रमाणमा लिनलाई पहिले कुनै अर्को कुरा प्रमाणित गर्नुपर्ने रहेछ भने सो अर्को कुरा प्रमाणित गर्ने भार सो पहिलो कुरामा प्रमाणमा दिन चाहने पक्षउपर हुनेछ। कुनै व्यक्ति जीवित छ वा निजको मृत्यु भइसकेको छ भन्ने प्रश्न उठेमा सो व्यक्तिको सम्बन्धमा स्वभाविक रूपमा जानकारी पाउने व्यक्तिले निजका सम्बन्धमा १२ वषदेखि कुनै जानकारी पाएको छैन भन्ने प्रमाणित भएमा, निज जीवित छ भन्ने पक्षले नै सो कुरा प्रमाणित गर्नुपर्छ। कुनै व्यक्तिको कब्जा, भोग वा चलनमा रहेको सम्पत्तिउपर सो व्यक्तिका स्वामित्व छ वा छैन भन्ने प्रश्न उठेमा सो सम्पत्तिउपर सो व्यक्तिको स्वामित्व छैन भन्ने पक्षले नै सो कुरा प्रमाणित गर्नुपर्छ।[२४७]

परिच्छेद-६ मा लिखतको प्रमाण[२४८], लिखत नै पेश गरी प्रमाणित गर्ने र हस्ताक्षर वा सहीछाप यकीन गर्ने[२४९] जस्ता कुराहरूको उल्लेख गरिएकोछ। परिच्छेद-७ मा मौखिक प्रमाणबारे उल्लेख गरी कुनै कुरा प्रमाणित गर्न यस ऐनबमोजिम लिखत नै पेश गर्नुपर्ने अवस्थामा बाहेक अन्य अवस्थामा मौखिक प्रमाणद्वारा प्रमाणित गर्न हुन्छ भनिएकोछ। मौखिक प्रमाण प्रत्यक्ष हुनुपर्छ, अर्थात देख्न, सुन्न वा कुनै इन्द्रीयको सहायताले थाहा पाउन सकिने कुनै कुरालाई प्रमाणमा दिन खोजिएको भए सो कुरा प्रत्यक्ष देख्न, सुन्ने वा थाहा पाउने व्यक्तिले त्यस सम्बन्धमा मौखिक प्रमाण दिएको हुनुपर्छ।

---

२४३. दफा १४-२३, प्रमाण ऐन २०३१

२४४. दफा २५, प्रमाण ऐन २०३१

२४५. दफा २६, प्रमाण ऐन २०३१

२४६. दफा ३०, प्रमाण ऐन २०३१ •

२४७. दफा ३१-३३, प्रमाण ऐन २०३१

२४८. दफा ३५, प्रमाण ऐन २०३१

२४९. दफा ३६, प्रमाण ऐन २०३१

परिच्छेद-८ मा साक्षी परीक्षण अन्तर्गत साक्षी हुन सक्ने व्यक्ति अर्न्तगत कलिलो उमेर, अति वृद्धावस्था वा शारीरिक वा मानसिक रोग वा अरू त्यस्तै कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा त्यसको युक्तियुक्त जवाफ दिन नसक्ने भनी अदालतले ठहराएको व्यक्तिबाहेक मतियार लगायत जुनसुकै व्यक्ति साक्षी हुने सक्नेछ भनी त्यस्ता व्यक्तिले व्यक्त गरेका कुरा प्रमाण लाग्ने कुरा उल्लेख गरिएकोछ। जसमा बोल्न असमर्थ भएका व्यक्तिले अरूले बुझ्न सक्ने गरी लेखेर वा ईशाराद्वारा गवाही दिन सक्नेछ।।

यस ऐनका अन्य दफाहरूमा वा अन्य प्रचलित नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पक्षका विरूद्ध गवाही दिन निजको आमा, बाबु, छोरा, छोरी, लोग्ने वा स्वास्नीलाई कर लाग्ने छैन। त्यस्तै माथिल्लो तहको अदालतबाट अन्यथा आदेश भएमा बाहेक कुनै व्यक्तिले अदालतमा न्यायाधीशको हैसियतले गरेको कुनै कार्य वा थाहा पाएको कुनै कुराका सम्बन्धमा सोधिएको कुनै कुराका सम्बन्धमा सोधिएको कुनै प्रश्नको जवाफ दिन निजलाई कर लाग्दैन। विभागीय प्रमुखले अनुमति दिएमा बाहेक कुनै व्यक्तिले सरकारी कार्यालयमा रहेका सरकारी काम-काजसम्बन्धी अप्रकाशित गोप्य लिखत पेश गर्न वा त्यसको कुनै कुरा प्रकट गर्न हुँदैन भनी सरकारी कर्मचारीलाई प्राप्त भएको जानकारी प्रकट गर्न कर नलाग्ने ऐनमा उल्लेख गरिएको छ। प्रहरी कर्मचारीलाई अपराध घटेको कुराको जानकारीको स्रोत प्रकट गर्न कर नलाग्ने। [२५०]

दफा ४५ कानुन व्यवसायीले आफ्नो पक्षले दिएको जानकारी प्रकट गर्न नहुने यदि प्रकट गर्न चाहेमा नियुक्त गर्ने पक्षको लिखित अनुमति लिएर मात्र गर्नु पर्दछ। कुनै साक्षीले अदालतमा सोधिएको कुनै प्रश्नको जवाफ दिएमा सो जवाफले आफूलाई सजायको भागी बनाउन सक्छ भन्ने आधारमा त्यस्तो प्रश्नको जवाफ दिन इन्कार गर्न पाउने छैन।[२५१]

दफा ४८ अनुसार प्रचलित नेपाल कानुनका अधीनमा रही अदालतले निर्धारित गरेको क्रमअनुसार साक्षी पेश गरिने र बकाइनेछ। ऐनको दफा ४९ मा साक्षी बकाउँदाको कार्यविधि बारे व्यवस्था गरिएको छ। अदालतले साक्षीसँग आवश्यक देखेको जुनसुकै प्रश्न सोध्न सक्नेछ।

परिच्छेद-९ मा विविध शीर्षक अर्न्तगत बुझ्न पर्ने प्रमाण नबुझिएमा वा बुझ्न नहुने प्रमाण बुझिएमा त्यसको परिणामबारे व्यवस्था गरिएको छ।

---

२५०. दफा ४०-४४, प्रमाण ऐन २०३१

२५१. दफा ४७, प्रमाण ऐन २०३१

सपुर्दगी ऐन, २०४५

अभियुक्त वा अपराधीहरूको सपुर्दगी सम्बन्धमा व्यवस्था गर्न बनेको यस ऐन मिति २०४५/५/१५ मा लालमोहर लागि प्रकाशन भएको हो। ऐनको प्रस्तावनामा शान्ति र व्यवस्था कायम राख्न तथा अभियुक्त वा अपराधीहरूको सपुर्दगीका सम्बन्धमा दक्षिण एशियाली राष्ट्रहरूको तेस्रो शिखर सम्मेलनद्वारा पारित आतंकवादको दमनसम्बन्धी सार्क क्षेत्रीय महासन्धि (सार्क रिजनल कन्भेन्सन अन् सप्रेशन अफ् टेरोरिज्म) समेतलाई अङ्गीकार गरी सपुदगी सम्बन्धी कानुन व्यवस्था गर्न वाञ्छनीय भएकोले, राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइएको हो भनी उल्लेख गरिएकोछ।

यस ऐनमा अदालत, अपराध, विदेशी राष्ट्र, महासन्धि, सपुर्दगी सन्धि आदि शब्दहरूको परिभाषा गरिएकोछ।

दफा ३ अनुसार विदेशी राष्ट्रले सपुर्द गर्न वा सजाय गर्नको लागि माग गर्न सक्नेछ। जसअनुसार कुनै विदेशी राष्ट्रमा अपराध गरी नेपाल अधिराज्यभित्र भागी आएका अभियुक्त वा अपराधीलाई सपुर्दगी गर्न वा सजाय गर्नको लागि माग गरी लेखी पठाउँदा त्यस्तो विदेशी राष्ट्रले काठमाडौंस्थित आफ्नो कुटनैतिक नियोगमार्फत् श्री ५ को सरकार समक्ष लेखी पठाउन वा त्यस्तो विदेशी राष्ट्रस्थित नेपाली कुटनैतिक नियोगमा लेखी पठाउन सक्नेछ। त्यसरी कुटनैतिक नियोगमार्फत् लेखी पठाउन वा कुटनैतिक नियोगमा लेखी पठाउन नमिलेको वा उपयुक्त नदेखिएको अवस्थामा सम्बन्धित विदेशी राष्ट्रले सोझै श्री ५ को सरकारसमक्ष लेखी पठाउनु पर्नेछ। यसरी विदेशी राष्ट्रले अभियुक्त वा अपराधीलाई सपुर्द गर्न वा सजाय गर्नको लागि माग गरी लेखी पठाउँदा सम्बद्ध सबुद प्रमाण संलग्न गरी अभियुक्त वा अपराधीको नागरिकता, हुलिया र त्यस्तो अभियुक्त वा अपराधी नेपाल अधिराज्यभित्र कुन इलाका वा ठाउँमा आई बसेको छ यथासम्भव सो समेत उल्लेख गरी पठाउनु पर्नेछ।[१५२]

कुनै विदेशी राष्ट्रले कुनै अभियुक्त वा अपराधीलाई सपुर्द गर्न वा सजाय गर्न माग गरी श्री ५ को सरकार समक्ष लेखी पठाएमा सो विषयमा जाँचबुझ गर्न मनासिव देखेमा श्री ५ को सरकारले त्यसरी जाँचबुझ गर्न अदालतलाई आवश्यक आदेश दिन सक्नेछ।[१५३] दफा ५ अनुसार श्री ५ को सरकारको आदेश प्राप्त भएपछि अदालतले त्यस्तो आदेशमा उल्लेखित अभियुक्त वा अपराधीलाई पक्राउ गर्न वारेन्ट जारी गर्नु पर्नेछ। जारी गरिएको वारेन्ट बमोजिम अभियुक्त वा अपराधी पक्राउ हुन नसकेमा अदालतले त्यसको सूचना पन्ध्र दिनभित्र श्री ५ को सरकारलाई दिनु पर्नेछ र त्यसरी सूचना गरिसकेपछि अभियुक्त वा अपराधी फेला परेमा त्यसरी फेला परेको तीन दिनभित्र अदालतले सो कुराको सूचना श्री ५ को सरकारलाई दिनु पर्नेछ।

---

१५२. दफा ३.२, सपुर्दगी ऐन, २०४५

१५३. दफा ४, सपुर्दगी ऐन, २०४५

अभियुक्त वा अपराधी पक्राउ भै अदालतसमक्ष पेश भएपछि अदालतले सपुर्दगीको माग वा सजायको माग गर्ने विदेशी राष्ट्रबाट प्राप्त सबुद प्रमाण र अभियुक्त वा अपराधीबाट पेश हुन आएको समेत सबै सबुद प्रमाण सङ्कलन गरी अभियुक्त वा अपराधीले गरेको अपराध सपुर्दगी-सन्धि वा महान्धिबमोजिम सपुर्द हुन सक्ने अपराध हो होइन र सो अपराध राजनैतिक किसिमको हो होइन भन्ने कुराको जाँचबुझ गर्नु पर्नेछ भनी ऐनको दफा ६ मा उल्लेख गरिएको छ। यसरी जाँचबुझ गर्दा अभियुक्त वा अपराधीलाई सपुर्द गर्नुपर्ने वा सजाय गर्नुपर्ने पर्याप्त कारण नदेखिएमा अदालतले त्यस्तो अभियुक्त वा अपराधीलाई छोड्न सक्नेछ। जाँचबुझ गरिसकेपछि अदालतले सङ्कलित सबूद प्रमाणको आधारमा अभियुक्त वा अपराधीलाई विदेशी राष्ट्रकको माग बमोजिम सपुर्द गर्न वा सजाय गर्न पर्याप्त कारण भएको देखेमा त्यस्तो अभियुक्त वा अपराधीलाई श्री ५ को सरकारबाट अर्को आदेश नहुन्जेलसम्म थुनामा राख्ने आदेश दिई जाँचबुझको सिलसिलामा प्राप्त सबै सबुद प्रमाणसहितको प्रतिवेदन श्री ५ को सरकारसमक्ष पेश गर्नुपर्नेछ। प्रतिवेदन पेश गर्दा अदालतले सम्बन्धित अभियुक्त वा अपराधीले पेश गर्न चाहेको कुनै निवेदन, लिखत, प्रमाण तथा विवरणहरू समेत पेश गर्नु पर्नेछ।[२५४]

दफा ८ अनुसार अदालतले पेश गरेको प्रतिवेदनको आधारमा श्री ५ को सरकारले कुनै अभियुक्त वा अपराधीलाई सपुर्द गर्न मनासिब देखेमा सपुर्दगीको लागि थुनामा राखी सपुर्दगी गर्ने ठाउँ र सपुर्दगी लिने व्यक्तिको नाम समेत तोकी सपुर्दगी गर्ने आदेश जारी गर्नेछ। तर त्यस्तो अभियुक्त वा अपराधी नेपाली नागरिक भएमा श्री ५ को सरकारले निजलाई सपुर्द नगरी सजायसम्बन्धी कारवाही चलाउन अदालतलाई आदेश दिनेछ। कुनै अभियुक्त वा अपराधीलाई सपुर्द गर्दा त्यस्तो अभियुक्त वा अपराधीबाट बरामद भएका नगद तथा सरसामानहरूमा अन्य कुनै व्यक्तिको कुनै हकदावी नभएमा त्यसतो नगद तथा सरसामानहरूसमेत अभियुक्त वा अपराधीले बुझिलिने व्यक्तिको जिम्मा लगाइनेछ। अदालतले पेश गरेको प्रतिवेदनको आधारमा श्री ५ को सरकारले कुनै अभियुक्त वा अपराधीलाई सपुर्द नगरी सजाय गर्न मनासिब देखेमा सजाय सम्बन्धी कारवाही चलाउन अदालतलाई आदेश दिन सक्नेछ।[२५५]

अभियुक्त वा अपराधीलाई सपुर्द नगरी सजायसम्बन्धी कारवाही चलाउँदा अदालतले त्यसतो अभियुक्त वा अपराधीले विदेशी राष्ट्रमा गरेको अपराध नेपाल अधिराज्यभित्र गरेको सरह मानी प्रचलित नेपाल कानुनबमोजिम कारवाही गर्नु पर्नेछ। अदालतले गरेको निर्णयउपर प्रचलित नेपाल कानुन बमोजिम पुनरावेदन लाग्नेछ।[२५६] यस ऐन बमोजिम कुनै विदेशी राष्ट्रलाई सपुर्द गर्नको लागि उपदफा ८.१ बमोजिम थुनामा राखिएको कुनै अभियुक्त वा अपराधी त्यसरी थुनामा राखिएको मितिले साठी दिनभित्र नेपाल अधिराज्यबाहिर नलगेमा त्यस्तो अभियुक्त वा अपराधीले वा निजको तर्फबाट

---

२५४. दफा ७, सपुर्दगी ऐन, २०४५

२५५. दफा ८.१-३, सपुर्दगी ऐन, २०४५

२५६. दफा ९, सपुर्दगी ऐन, २०४५

दिएको निवेदनको आधारमा सर्वोच्च अदालतले मनासिब देखेमा त्यस्तो अभियुक्त वा अपराधीलाई मुक्त गर्ने आदेश दिन सक्नेछ।[२५७]

दफा ११ मा व्यवस्था भएअनुरूप एउटै अभियुक्त वा अपराधीका सम्बन्धमा एकभन्दा बढी विदेशी राष्ट्रले सपुर्दगी माग गरेकोमा अपराधको प्रकृति हेरी श्री ५ को सरकारले उपयुक्त सम्झिएको विदेशी राष्ट्रलाई त्यस्तो अभियुक्त वा अपराधी सपुर्द गर्न सक्नेछ। सपुर्दगी गर्न माग गरिएको अभियुक्त वा अपराधीलाई देहायको अवस्थामा श्री ५ को सरकारले सपुर्दगी गर्ने छैन।[२५८]

- त्यस्तो अभियुक्त वा अपराधी राजनैतिकलाई लगाइएको आरोप भएमा वा सपुर्दगी माग गर्ने राष्ट्रबाट प्राप्त भएका प्रमाणहरूको आधारमा वा अदालतबाट जाँचबुझको सिलसिलामा अभियुक्त वा अपराधीबाट पेश गरिएको प्रमाणको आधारमा निजले गरेको अपराध राजनैतिक अपराध लागेमा वा निजलाई राजनैतिक अपराधमा सजाय गर्न माग गरिएको देखिएमा,
- त्यस्तो अभियुक्त वा अपराधीलाई सो राष्ट्रको कानुन बमोजिम कारवाही गर्न सो कानुनी कारवाहीको लागि तोकेको हदम्याद नघाई सपुर्दगीको माग गरेको देखिएमा,
- त्यस्तो अभियुक्त वा अपराधीले नेपाल अधिराज्यभित्र गरेको कुनै अपराध बापत प्रचलित नेपाल कानुन बमोजिम सजाय भोगिरहेको वा निजउपर कारवाही चलिरहेकोमा सो सजाय वा कारवाही पूरा नहुन्जेलसम्म।

दफा १३ अनुसार यस ऐन बमोजिम सपुर्दगी वा सजाय हुन सक्ने अवस्थाका कुनै विदेशी राष्ट्रका फरार वा अपराधी कुनै जिल्ला अदालतको अधिकारक्षेत्रभित्रको कुनै इलाकामा आएको वा बसेको कुराको सूचना वा प्रमाण भएमा त्यसको आधारमा निजलाई पक्राउ गर्न आवश्यक छ भन्ने लागेमा सम्बन्धित जिल्ला अदालतले तीन दिनभित्र श्री ५ को सरकारसमक्ष पेश गर्नु पर्नेछ। कुनै अभियुक्त वा अपराधीलाई पक्राउ गर्न वारेन्ट जारी गरेको कुराको प्रतिवेदन र सम्बन्धित सूचना तथा प्रमाण वा त्यसको प्रतिलिपि सम्बन्धित जिल्ला अदालतले तीन दिनभित्र श्री ५ को सरकारसमक्ष पेश गर्नु पर्नेछ। जारी गरिएको वारेन्ट बमोजिम पक्राउ भई थुनामा रहेको व्यक्तिको सम्बन्धमा श्री ५ को सरकारबाट कुनै आदेश प्राप्त भएका बाहेक निजलाई तीन महिनाभन्दा बढी थुनामा राखिने छैन। कुनै अभियुक्त वा अपराधीको सम्बन्धमा जिल्ला अदालतले प्रतिवेदन पेश गरेकोमा श्री ५ को सरकारले त्यस्तो अभियुक्त वा अपराधीलाई सपुर्द गर्ने वा सजाय गर्ने सम्बन्धमा कारवाही चलाउन आदेश दिएमा सम्बन्धित जिल्ला अदालतले यसै ऐन बमोजिम कारवाही गर्नु पर्नेछ।[२५९]

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आतंकवादको दमनसम्बन्धी सार्क क्षेत्रीय महासन्धि (सार्क रिजनल कन्भेन्सन अन् सप्रेशन अफ्

---

२५७. दफा १०, सपुर्दगी ऐन, २०४५

२५८. दफा १२, सपुर्दगी ऐन, २०४५

२५९. दफा १३.१-३, सपुर्दगी ऐन, २०४५

टेरोरिज्म) मा उल्लेखित अपराधहरूलाई सपुर्द गर्ने प्रयोजनको लागि राजनैतिक अपराध वा राजनैतिक अपराधसँग सम्बन्धित अपराध वा राजनैतिक उद्देश्यले प्रेरित अपराध मानिने छैन।[२६०] दफा १५ अनुसार यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपराध मामुली किसिमको भएको कारण वा सपुदर्गगी मागिएको अभियुक्त वा अपराधले सपुर्द नगर्न पेश गरेको कारण वा न्यायको लागि वा राजनैतिक कारण वा श्री ५ को सरकारलाई चित्त बुझ्दो अन्य कुनै कारणबाट सपुर्दगीको लागि माग गरिएको अभियुक्त वा अपराधीलाई सपुर्द गर्न वा कुनै कारवाही गर्न मनासिव छैन भन्ने लागेमा श्री ५ को सरकारले कुनै पनि बखत त्यस्तो अभियुक्त वा अपराधको विरूद्ध गरिएको त्यस्तो काम, कारवाही, वारेन्ट वा आदेश खारेज गरी त्यस्तो अभियुक्त वा अपराधी थुनामा रहेको भए निजलाई थुनाबाट मुक्त गर्न समेत आदेश दिन सक्नेछ।

प्रचलित नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम कारवाही चलाइएको मुद्दाको सम्बन्धमा विदेशी राष्ट्रबाट प्राप्त हुन आएको सबुद प्रमाण तथा लिखतहरूलाई अदालतले प्रमाणमा लिन सक्नेछ।[२६१] नेपाल अधिराज्यभित्र कुनै अपराध गरी कुनै व्यक्ति विदेशी राष्ट्रको अधिकार क्षेत्रभित्रको कुनै ठाउँमा भागी गई बसेको छ भने त्यस्तो अभियुक्त वा अपराधीलाई सपुर्दगी गर्न वा सजाय गर्नको लागि माग गरी श्री ५ को सरकारले सम्बन्धित विदेशी राष्ट्रको सरकारलाई लेखी पठाउनु पर्नेछ। श्री ५ को सरकारले अभियुक्त वा अपराधीलाई सजाय गर्न वा सजाय गर्नको लागि माग गरी लेखी पठाउँदा सम्बद्ध सबुद्ध प्रमाण संलग्न गरी अभियुक्त वा अपराधीको नागरिकता, हुलिया र त्यस्तो अभियुक्त वा अपराधी सो विदेशी राष्ट्रभित्र कुन इलाका वा ठाउँमा गई बसेको छ यथासम्भव सो समेत उल्लेख गरी पठाउनु पर्नेछ।[२६२]

नेपालसित सपुर्दगी सन्धि भएको कुनै राष्ट्रले वा नेपाल सदस्य रहेको महासन्धिको कुनै सदस्य राष्ट्रले त्यस्तो सपुर्दगी सन्धि वा महासन्धको पालना गर्न कानुनी व्यवस्था गर्नु पर्ने रहेछ र त्यस्तो राष्ट्रले सो सन्धि वा महासन्धि अनुरूप आवश्यक कानुनी व्यवस्था गरेको रहेनछ भने यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो राष्ट्रको हकमा यो ऐनको व्यवस्था लागू हुने छैन।[२६३]

---

२६०. दफा १४, सपुर्दगी ऐन, २०४५
२६१. दफा १६, सपुर्दगी ऐन, २०४५
२६२. दफा १७, सपुर्दगी ऐन, २०४५
२६३. दफा १८, सपुर्दगी ऐन, २०४५

मुलुकी ऐनका प्रावधानहरू

भाग ४

महल १

कीर्ते कागजको

मुलुकी ऐनको भाग चार कागज कीर्ते सम्बन्धी अपराधका समबन्धमा व्यवस्था गरिएको छ। जसमा पूर्ण, आंशिक र मौखिक तीन प्रकारबाट कागजहरूको कीर्ते हुने भनी व्याख्या गरिएको छ। उल्लेखित बाहेकका कीर्तेलाई जालसाजी भनिन्छ।

हस्ताक्षर वा औंलाको ल्याप्चे सही निशाना र छाप इत्यादि झुठ्ठा बनाई गरी वा ऐन बमोजिम रीतपूर्वकको सहिछाप भइरहेको अर्कै विषयको सच्चा लिखतमा लेखिएको व्यहोरा कुनै तरिकासँग उडाई अर्कै मतलब निस्कने व्यहोरा पारी मिलाई लेख्ने र एउटा कामलाई भनी सहिछाप गरेको लिफा कागज वा छाप लिए दिएकोमा सो काममा नलगाई अर्कै व्यहोराको लिखतमा लगाई वा अर्कै व्यहोराको लिखत लेख्ने इत्यादि काम गरेकोबाट अर्काको जीउ धन वा हक जाने नोक्सान हुने वा सो केही नभए पनि झुठ्ठा काम गर्ने मानिस आफैलाई वा अरू कसैलाई फाइदा प्रमाण हुने गरी काम गरेको रहेछ भने त्यस्ता झुठ्ठा कागजबाट काम गरी भइसकेको हवस् वा नहवस् कीर्ते गरेको ठहर्छ।[२६४] त्यस्तो कीर्ते गर्ने गराउनेलाई र जानी बुझी कीर्ते कागजमा बस्ने साक्षी मतियार समेतलाई बात लाग्छ।

समूचा लिखत भने कीर्ते नगरेको कारणीका जानकारी मन्जुरीले भइरहेको सच्चा लिखतमा अङ्क मिति वा केही व्यहोरा घटी बढी पारी सच्याई बनाएकोसम्म रहेछ भने जे जति कुरा घटी बढी पारी बनाएको छ उति कुराको कीर्ते गर्ने ठहरी बात लाग्छ।[२६५]

लेखिएबाहेक अर्काको हक मेट्ने, हदम्याद तारेख जाने वा कुनै तरहसँग नोक्सान पार्ने इत्यादि जुनसुकै मतलबले होस् नगरे नभएको झुठ्ठा कुरा गरे भएको हो भनी वा मिति अङ्क वा व्यहोरा फरक पारी सहिछाप गरी गराई कागज बनाए वा बनाउन लगाएमा समेत जालसाजी गरेको ठहर्छ।[२६६] यसै महलको दफा ४ अनुसार नगरे नभएको काम कुरा मुखको परिपञ्च मिलाई प्रतीत पर्ने हिसाबसँग भनी काम गरेमा समेत जालसाजी गरेको ठहर्छ भनी व्याख्या गरेको छ।

महल २

लुटपीटको

लुटपीटको सम्बन्धी अपराधका बारेमा मुलुकी ऐनको महल दुईमा व्यवस्था गरिएको छ, जसमा लुटपीटलाई वारदातका रूपबाट चोरीको महल बमोजिमको अपराध

---

२६४. दफा १, कीर्ते कागजको, मुलुकी ऐन, २०२०

२६५. दफा २, कीर्ते कागजको, मुलुकी ऐन, २०२०

२६६. दफा ३, कीर्ते कागजको, मुलुकी ऐन, २०२०

ठहर्ने बाहेक अरू यसै महलका नम्बर नम्बरमा लेखिएका रूपबाट उठान भई सोही जरियाबाट झगडा कुटपीटसम्म भई वा सो केही नभई अर्काका हकको वा जिम्माको नगदी जिन्सी धनमाल दोपाया चौपाया जग्गाको बाली समेत हात हाली जबरजस्तीसँग खोसी लैजान वा कुनै किसिमसँग नोक्सान गराई दिन समेत हुँदैन, गरे लुटपीट ठहर्छ भनी दफा १ मा परिभाषित गरिएको छ। र त्यस्तै आफ्नो पनि नोक्सान पऱ्यो वा पर्ने भयो भनी वा आफ्नो समेत हक लाग्ने हो भनी जग्गा जमीन साँध सीमाना साहू असामी अंशबण्डा दान बकस बिजाई विद्युत रकम कलम सन्धि सर्पन कुला पानी बाली चराई नासो धरौटसमेत इत्यादि र अरू कुनै कुरामा धरपकड वा भनाभन झगडा लछार पछारसम्म भई सोही ठाउँ उसै बखतमा साथमा भए रहेको धनमाल नगदी जिन्सी खोसी लिए लगे नोक्सान गरेको समेत लुटपीट ठहर्छ।[२६७]

महल ३

ठगीको

ठगी सम्बन्धी अपराधको बारेमा मुलुकी ऐनको महल तीनमा व्यवस्था गरिएको छ। कसैले आफ्नो हक नपुग्ने अर्काको हकको चल-अचल धनमाल हक पुग्नेलाई वा जसका जिम्मामा रहेको छ, उसलाई ललाई-फकाई वा जाल परिपन्च गरी वा आफ्नो हक नभएको सम्पत्तिमा आफ्नो हक पुग्ने कीर्ते कागज बनाई, दिई वा पेश गरी वा आफूसँग नभएको कुरा आफूसँग छ भनी झुक्याई वा झुठो कुरालाई सद्दे हो भनी झुक्याई वा अरू जुनसुकै व्यहोरासँग धोका दिई गफलतमा पारी आफ्नो हक नपुग्ने अर्काको हकको चल-अचल धनमाल लिए दिए दिलाएमा वा अर्काको माल मेरो हो भनी वा मेरो भएको छ भनी लिखत गरी वा नगरी सोही माल लिए दिए बिक्री व्यवहार गरेमा वा सट्टापट्टा गरी लिएमा ठगी गरेको ठहर्छ।[२६८] दफा २ अनुसार कसैले आफ्नो नाउँ ढाँटी सो नाउँ मेरो होइन, अर्कैको हो भनी वा सो मानिस म होइन अर्कै हो भनी र अर्को मानिसको नाउँलाई मेरो हो सो मानिस मै हुँ भनी भन्नु वा त्यस्तो कुरा अर्काबाट जानी बुझी भनाउनु भनी दिनु इत्यादि जुनसुकै कुरो गरी होस् कसूर सजायबाट बच्नाका लागि वा बेइमानीको नियतसँग अरू कसैलाई धोका, गलफत वा झुक्यानमा पारी अर्काको नोक्सान वा आफ्नो फाइदा हुने काम गरेमा पनि ठगी गरेको ठहर्छ।

ठगी गर्नेलाई ठगी लिएको बिगो कायम भएमा हक पुग्नेलाई बिगो भराई बिगो बमोजिम र बिगो कायम नभएमा पाँच हजार रूपैयाँसम्म जरिवाना र पाँच वर्षसम्म कैद हुनेछ।[२६९] ठगी ल्याएको हो भनी जानी जानी ठगी ल्याएको धनमाल लिने वा किन्नेबाट सो लिए किनेको धनमालको बिगो हक पुग्नेलाई भराई त्यस्तो लिने

---

२६७. दफा २ लुटपीटको, मुलुकी ऐन, २०२०

२६८. दफा १ ठगीको, मुलुकी ऐन, २०२०

२६९. दफा ४ ठगीको, मुलुकी ऐन, २०२०

किन्नेलाई न्यूनतम जरिवाना वापत दुई सय पचास रूपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ।[२६०]

महल ४

चोरीको

चोरी सम्बन्धी अपराधको बारेमा मुलुकी ऐनको महल चारमा व्यवस्था गरिएकोछ।

चोरीको महलको दफा १ अनुसार आफ्नो हक नपुग्ने अचल भइरहेकोलाई चलको हिसाब गराई वा चल धनमाल समेत हक पुग्ने धनीलाई थाहा नदिई वा उसको मन्जुरी नलिई धनीको हक मेटाई आफूले लिना खानाका लागि जुनसुकै कुरो गरी बेइमानीका नियतले कसैले लग्यो भने चोरी गरेको ठहर्छ। यस महलले नकबजनी, जबर्जस्ती, रहजनी र डाँका गरी चार प्रकारको चोरी हुने भनी व्याख्या गरेको छ।

खुला ढोकाबाट बाहेक सुल वा सुरूङ्ग खनी वा भित्ता झ्याल ढोकाहरू फोरी वा खोली वा छाना कौशी झ्याल पर्खाल इत्यादि गैर बाटोबाट कुनै तरहले भित्र पसी चोरी गरेको वा भित्र पस्दा बाटैबाट पसेको भए पनि निस्कँदा सो लेखिएका किसिमबाट बाहिर निस्केको भए नकबजनी गरेको ठहर्छ।[२६१]

चोरी गर्दा कुटपीट हातपात गरी वा बाँधी थिची वा उत्तखेरे ज्यान लिने वा जिउ जखम अङ्ग भङ्ग गर्ने डर त्रास गराई वा भित्र बसेको मानिस निस्कन नहुने गरी ढोका बन्द गरी चोरी गरेमा वा चोरी गरेको थाहा पाई मौकैमा वा दपेट्दै गई माल लिन वा चोर पक्रन खोज्दा चोरले माथि लेखिएबमोजिम केही नगरे पनि नाबालकको जिउको धनमाल खोजी चोरी गरेकोमा जबर्जस्ती चोरी गरेको ठहर्छ।[२६२] बाटो घाटो वा जङ्गलमा ढुकी जबर्जस्ती चोरी गरेको रहजनी ठहर्छ।[२६३] चार जना भन्दा बढ्ताको जमात भई जबर्जस्ती चोरी वा रहजनीमा लेखिएका रीतसँग वा हातहतियार लिई उठाई छाडी वा हुलहुज्जत गरी चोरी गरेको डाँका गरेको ठहर्छ।[२६४]

यस्ता किसिमका कुनै कार्य भएको थाहा पाएको अवस्थामा सहयोग गर्नु सर्वसाधारणको कानुनी कर्तव्य हुन्छ। चोरी अपराधमा चोरीको किसिम हेरी १ महिनादेखि १२ वर्षसम्म कैद सजाय हुने व्यवस्था चोरीको महलमा गरिएको छ। जसमा उजुरीको लागि १ वर्षको हदम्याद राखिएको छ।

महल ५

आगो लगाउनेको

आगो लगाउने सम्बन्धी अपराधको वारेमा मुलुकी ऐनको महल पाँचमा व्यवस्था गरिएको छ। सरकारी वा निजि सम्पत्तिमा आगो लगाउने कार्यलाई गैर कानुनी

---

२६०. दफा ६ ठगीको, मुलुकी ऐन, २०२०
२६१. दफा ३ चोरीको, मुलुकी ऐन, २०२०
२६२. दफा ४ चोरीको, मुलुकी ऐन, २०२०
२६३. दफा ५ चोरीको, मुलुकी ऐन, २०२०
२६४. दफा ६ चोरीको, मुलुकी ऐन, २०२०

मानिन्छ। कसैको नोक्सान गराउनका लागि जानी जानी आगो लगाउन, लगाउन लाउन र आगो लाउने उद्योग गर्न गराउन समेत हुँदैन। कसैले लेखिएका काम गऱ्यो भने जति जना मानिस भई सो काम भएको छ उति जनालाई र मतलबीलाई समेत बात लाग्छ।[१६५] दफा २ अनुसार कसैले अर्काको घरमा सो घरभित्र मानिस भएको जानी जानी आगो लगाएको भए मानिस समेत मार्नाको नियतले आगो लगाएको ठहर्छ। ज्यान सम्बन्धी महलबमोजिम गर्नुपर्छ। कसैले अर्काको घरमा आगो लगाउँदा गाई गोरू परी गोबध भएमा वा जखम घाउ भएमा चौपायाको महलबमोजिम गर्नुपर्छ।[१६६] ऐनमा भएको व्यवस्था अनुसार गम्भिरता र क्षतिको मात्रा हेरी यस्तो अपराधमा तीन वर्ष देखी जन्म कैदको सजाय हुने भनिएको छ। क्षतिको मात्रा हेरी क्षतिपूर्तीको व्यवस्था पनि गरिएको छ। जसमा १ वर्षको हदम्याद राखिएको छ।

महल ८

बेरीतसँग थुन्दाको

ऐनले थुन्नु पर्ने मुद्दामा पक्राउ भएका मानिसलाई थुन्दा अन्न पानी समेतको खानेकुरा खानपीन दिई वा ऐनबमोजिम सिधा लगाई खान दिई मात्र थुन्नु पर्छ। सोबमोजिम नगरी वा ऐनले थुन्न नहुने मानिसलाई खानपीन दिई वा नदिई थुनेमा समेत बात लाग्छ भनी बेरीतसँग थुन्ने कार्यलाई गैरकानुनी मानी सजायको व्यव्स्था गरेको छ।[१६७]

अन्नपानी खान नदिई थुनेकोमा अशक्त बिरामी वा बाह्र वर्ष नपुगेका वा साठी वर्ष नाघेका मानिसलाई तीन दिन तीन रात थुन्दा मर्न गएमा र लेखिएबाहेक अरू अवस्थाका मानिसलाई सात दिनदेखि बढी थुन्दा सोही कुराले मर्न गयो भने ज्यानमारा ठहर्छ। ज्यानसम्बन्धीका महलबमोजिम सजाय हुन्छ। खान दिई थुनेकोमा अरू व्यथा लागी मर्न गएमा र खानपीन दिएकोमा नखाई मर्न गएमा भने बात लाग्दैन।[१६८]

त्यस्तै अन्नपानी बन्द गरी थुन्नेलाई ज्यान मरेको नभए एक दिन एक रातको पाँच रूपैयाँ, दुई दिनको पन्ध्र रूपैयाँ, तीन दिनको तीस रूपैयाँ, चार दिनको साठी रूपैयाँ, पाँच दिनको एक सय बीस रूपैया, छ दिनको दुई सय चालीस रूपैयाँ, सात दिनको चारसय अस्सी रूपैयाँ, आठ दिनको नौसय साठी रूपैयाँ, नौ दिनको एकहजार नौसय बीस रूपैयाँ, दश दिनको तीन हजार रूपैयाँ, एघार दिनदेखि प्रत्येक दिनको तीन सय रूपैयाँका दरले थपी एक्काइस दिनसम्मको छ हजार तीनसय रूपैयाँका दरले जरिवाना र जति दिन थुनेको भए लेखिएका सजायको सवाई र हतकडी वा गलफन्दी समेत हाली थुनेको भए डेढी बढाई सजाय गर्नुपर्छ। लेखिएबमोजिम गरी जोसुकैले नाबालकलाई र लोग्ने

---

१६५. दफा १, आगो लगाउनेको, मुलुकी ऐन, २०२०

१६६. दफा ३, आगो लगाउनेको, मुलुकी ऐन, २०२०

१६७. दफा १, बेरीतसँग थुन्दाको, मुलुकी ऐन, २०२०

१६८. दफा २, बेरीतसँग थुन्दाको, मुलुकी ऐन, २०२०

मानिसले स्वास्नी मानिसलाई थुनेकोमा माथि लेखिएको जरिवानाको दोब्बर बढाई सजाय गर्नुपर्छ।[२७९]

दफा ६ मा थुन्नेबाट असूल भएको जरिवानाको अन्नपानी खान दिई थुनेको भए तीन खण्डको एक खण्ड र अन्नपानी खान नदिई थुनेको भए आधा थुनाई माग्नेलाई भराई दिनुपर्ने व्यवस्था गरिएको छ। थुनेको कुरामा थुनाबाट छुटेको मितिले पैंतीस दिनभित्र नालिस नदिए लाग्न सक्तैन।[२८०]

महल ९

कुटपीटको

कुटपीट सम्बन्धी अपराधको वारेमा मुलुकी ऐनको महल नौ मा व्यवस्था गरिएको छ। इवी अदावत र कुटपीट गरू भन्ने इच्छा नगरी केही काम गर्दा त्यसै कामका सम्बन्धबाट कसैलाई कुनै किसिमको चोट लाग्न गई अङभङ, घा, खत इत्यादि केही हुन गएछ वा लेखिएका हिसाबसँग एक चित्त भई काम गरिरहेका बखत वा ठाउँमा काम गर्नेले बचाउ गर्न नपाउने किसिमसँग मात्र थाहा पाई अथवा थाहै नपाई अकस्मातमा मानिस पर्न आउँदा त्यसलाई चोट लाग्न गई अङ्गभङ्ग, घा, चोट इत्यादि हुन गएछ भने भवितव्यबाट भएको ठहर्छ। त्यस्तोमा देहायमा लेखिएबमोजिम गर्नुपर्छ। लेखिएको काम होशियारी र सावधानीसँग गर्दागर्दै चोट लागी अङ्गभङ्ग भएमा एक अङ्गभङ्गको एकहजार रूपैयाँको दरले अङ्गभङ्ग हुनेलाई घा खर्च भराई सो गर्नेलाई एकसय रूपैयाँ जरिवाना गर्नुपर्छ। सो बाहेक अरू चोटपटक नील पर्न गएमा घा चोट हेरी दुईसय पचास रूपैयाँसम्म घा खर्च भराई पचास रूपैयाँसम्म जरिवाना गर्नुपर्छ। लेखिएका काम होस नपुऱ्याई वा हेलचक्र्याई गरी पर्वाह नराखी काम गरेबाट चोट लागी अङ्गभङ्ग हुन गएमा एक अङ्गभङ्गको दुईहजार रूपैयाँको दरले अङ्गभङ्ग हुनेलाई घा खर्च भराई सो गर्नेलाई एकसय रूपैयाँ जरिवाना गर्नुपर्छ। सो बाहेक अरू चोट पटक नील पर्न गएमा घा चोट हेरी दुईसय पचास रूपैयाँसम्म घा खर्च भराई पचास रूपैयाँसम्म जरिवाना गर्नुपर्छ। लेखिएका काम होश नपुऱ्याई वा हेलचक्र्याई गरी पर्वाह नराखी काम गरेकाबाट चोट लागी अङ्गभङ्ग हुन गएमा एक अङ्गको दुईहजार रूपैयाँका दरले अङ्गभङ्ग हुनेलाई घा खर्च भराई सो गर्नेलाई पाँचसय रूपैयाँ घा खर्च भराई दुईसय पचास रूपैयाँसम्म जरिवाना गर्नुपर्छ [२८१]।

कुटपीटको ४ नं. अनुसार अघिको इशी अदावत वा कुनै कुराको लालचले वा लुकी चोरीकन पनि हानेको रहेनछ केही कुरामा झगडा हुँदा आफ्नो विराम केही नभई अर्काले पहिले हात हतियारको चोट छोड्न आँटेको वा चोट छोडिसकेपछि सो चोटको जोखिमी बचाउनका निमित्त र अर्काले आफ्नो धनमाल चोर्न लागिरहेको वा अरू अपराध हुने किसिमको केही काम गरिरहेको देखि पक्रन खोज्दा हात हतियार उठायो वा सो मानिस जुलुमी रहेछ र त्यसलाई उसै बखत पक्राउ गर्नलाई कुटपिट नगरी पक्रन

---

२७९. दफा ३, बेरीतसँग थुन्दाको, मुलुकी ऐन, २०२०

२८०. दफा ७, बेरीतसँग थुन्दाको, मुलुकी ऐन, २०२०

२८१. दफा ३, कुटपीटको, मुलुकी ऐन, २०२०

नसकिने भई हात छाड्नु पर्दा घा चोट अङ्गभङ्ग केही हुन गएछ भने सो गर्नेलाई र रक्षा शिक्षा गर्नेलाई कुटाई माग्नेको हितको निमित्त मनासिब माफिकको सामान्य वल प्रयोग गरी कुटेमा सो कुट्नेलाई पनि कुटपिटको बात लाग्दैन।

त्यस्तै सोही महलको ६ नं. ले अङ्गभङ्गको खर्चमध्ये अन्धो र नपुसंक यी दुई खतमा जुनसुकै एक खत गरे पनि सो गर्नेलाई दशहजार रूपैयाँ जरिवाना गरी आठ वर्ष कैद गर्नुपर्छ। सो दुई खतबाहेक अङ्गभङ्गको अरू खतमध्ये जुनसुकै एक खत गरे पनि सो गर्नेलाई पाँचहजार रूपैयाँ जरिवाना गरी आठ वर्ष कैद गर्नुपर्छ। एउटै किसिमको काम लिने एउटाभन्दा बढी अङ्ग हुनेमा सोमध्ये एउटा अङ्ग मात्र बेकम्मा पारी दिएको भए माथि लेखिएको सजायको आधा सजाय गर्नुपर्ने व्यवस्था गरेको छ। सो खत निको भई काम लाग्ने भएमा भने दुई वर्ष मात्र कैद गर्नुपर्छ। जरिवानाको रूपैयाँ तिर्‍यो भने सो जम्मा रूपैयाँ र तिरेन भने कसूरदारका अंशको मात्र सम्पत्ति जायजात लिलाम बिक्री गरी उपर भए जति रूपैयाँ घा खर्च वापत घा खत लाग्ने मानिसलाई भराई दिनुपर्छ। उपर नभएको जरिवानाको रूपैयाँ जतिमा एक दिनको पच्चीस रूपैयाँका दरले कैद गर्नुपर्छ। कुटपीट गरी नील पारेमा एक नीलको एकसय रूपैयाँको दरले बाह्रसय रूपैयाँ नपुगेसम्म जरिवाना गर्नुपर्छ।[१८२]

महल ११

जीउ मास्ने बेच्नेको

जीउ मास्ने बेच्ने सम्बन्धी अपराधको वारेमा मुलुकी ऐनको महल नौ मा व्यवस्था गरिएको छ। कसैले कुनै मानिसलाई बिक्री गर्ने उद्देश्यले ललाई फकाई नेपाल सरहद बाहिर लैजान वा लगी बिक्री गर्न हुँदैन। विदेशमा बेच्न लगेकोमा बेच्न नपाउँदै पक्राउ भए बेच्न लैजानेलाई दश वर्ष र बेचिसकेको भए बीस वर्ष कैद हुन्छ। किन्ने मानिस नेपाल सरहदभित्र फेला परे नीजलाई समेत बेच्नेलाई हुने सरहको सजाय हुन्छ।[१८३]

मुलुकी ऐनको महल १३, १४, १५ र १६ मा आसय करणी, जबर्जस्ती करणी, हाडनाता करणीको परिभाषा गरी त्यस्ता कार्य कसैले गरेको अवस्थामा हुने सजायको व्यवस्था गरिएको छ। जुनसुकै मानिसले आफ्नो स्वास्नी बाहेक एघार वर्ष नाघेका जुनसुकै स्वास्नी मानिसलाई करणीका आसयले शिरदेखि पैतालासम्मका अङ्गमा समातेमा पाँचसय रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।[१८४] कन्या, विधवा वा अर्काकी सधवा स्वास्नी मानिसमा सोह्र वर्ष मुनिकीलाई उसको मन्जुरी लिई वा नलिई जुनसुकै व्यहोरासँग करणी गरे पनि र सोह्र वर्ष नाघेकीको राजीखुशी बिना बेमन्जुरीले जुनसुकै तरहसँग भए पनि जोरजुलुम गरी वा डर धाक देखाई वा अनुचित

---

१८२. दफा ११, कुटपीटको, मुलुकी ऐन, २०२०

१८३. दफा १, ज्यू मास्ने बेच्नेको, मुलुकी ऐन, २०२०

१८४. दफा १, आसय करणीको, मुलुकी ऐन, २०२०

प्रभावमा पारी करणी गरेकोमा समेत जबर्जस्ती करणी ठहर्छ।[२८५] सोही महलको ३ नं. अनुसार जबरजस्ती करणी गर्नेलाई देहायबमोजिम कैद सजाय हुनेछ

दश वर्षभन्दा मुनिको बालिकालाई भए दश वर्षदेखि पन्ध्र वर्षसम्म १

दश वर्ष वा सोभन्दा माथि सोह्र वर्ष मुनिको बालिकालाई भए सात वर्षदेखि दश वर्षसम्म २

सोह्र वर्ष वा सो भन्दा माथिको महिलालाई भए पाँच वर्षदेखि सात वर्षसम्म ३

आफूलाई जबर्जस्ती करणी गर्ने मनसाय लिई उद्योग गरी हातपात, छेकथुन, बाँध इत्यादि जोरजुलुम गर्न लाग्यो र त्यस बखत कराई गुहार मागी वा अरू केही उद्योग गरी त्यस्तो जुल्मीको पन्जाबाट उम्की भागी आफ्नो धर्म बचाउन नसक्ने अवस्था परी त्यस्ता जुल्मीलाई आफ्ना अक्कल वर्कतले सक्ने सम्मका कुरा केही नगरी आफ्नो धर्म नष्ट हुनेसम्मको ठूलो डर त्रास परी करणी लिन नपाउँदै वा उसै बखत आफ्नो जोडबल पुग्न नसक्नेमा करणी लिइ सकेपछी पनि सोही कुराको रिस थाम्न नसकी उसै बखत करणी लिएकै थलामा वा त्यहीदेखि लपेट्दै गई एक घण्टाभित्र हतियार, लाठी, ढुङ्गा इत्यादि केही चलाई ज्यान मर्न गएको ठहरे बात लाग्दैन। एक घण्टा उप्रान्त मारेमा पाँच हजार रूपैयाँसम्म जरिवाना वा दश वर्षसम्म कैद हुन्छ।[२८६]

सोही महलको ९क नं. अनुसार कसैले कुनै नाबालकसँग कुनै किसिमको अप्राकृतिक मैथुन गरे गराएमा जबर्जस्ती करणी गरेको मानी यसै महलको ३ नम्बरबमोजिम हुने सजायमा थप एक वर्षसम्म कैद गरी त्यस्तो नाबालकलाई निजको उमेर र उसलाई पुग्न गएको मर्कासमेत विचार गरी अदालतले अप्राकृतिक मैथुन गर्नेबाट मनासिब माफिकको क्षतिपूर्तिसमेत भराई दिनुपर्छ। यस्ता कार्यको विरूद्धमा उजूरी गर्न ऐनमा ३५ दिनको हदम्याद तोकिएको छ। यस्ता कार्यमा अभियोग प्रमाणित भएमा जन्म कैदको सजाय हुने व्यवस्था ऐनले गरेको छ।

महल १९

अदलको

अदलको महलको १ नं. अनुसार अरूको धर्ममा खलल पर्ने गरी कसैले पनि कुनै धर्म प्रचार गर्न वा कसैले कसैको धर्मपरिवर्तन गराउन हुँदैन। सो कुराको उद्योगसम्म गरेको भएमा तीन वर्षसम्म कैद र धर्म परिवर्तन गराई सकेकोमा छ वर्षसम्म कैद गरी विदेशी नागरिक भए त्यस्तो सजाय भोगी सकेपछि निजलाई नेपाल बाहिर निकालासमेत गरिदिनु पर्छ। धार्मिक स्थलमा वा कार्यमा खलल पुऱ्याउनेलाई तीन वर्ष कैद हुने व्यवस्था ऐनमा गरिएको छ। कैद वा थुनामा रहेकी स्वास्नी मानिसको सरकारी कर्मचारीले करणी गरेछ भने निजलाई एक वर्ष कैद हुन्छ। अरू ऐनले सजाय

---

२८५. दफा १, जवरजस्ती करणीको, मुलुकी ऐन, २०२०

२८६. दफा ८, जवरजस्ती करणीको, मुलुकी ऐन, २०२०

हुने रहेछ भने सो समेत हुन्छ।[२८७] गद्दीनसीन श्री ५ महाराजाधिराज, मौसूफका पटबन्धा महारानी, श्री ५ युवराजाधिराज, श्री ५ युवरानी वा गद्दीनसीन श्री ५ महाराजाधिराजका ... ... मुमा स्वर्गे हुँदा गैह्र प्रजाले तीन दिनसम्म आफ्ना कूल धर्म अनुसार आशौच बार्नुपर्छ।[२८८]

महल १०

ज्यान सम्बन्धीको

ज्यान सम्बन्धी अपराधको बारेमा मुलुकी ऐनको महल दशमा व्यवस्था गरिएको छ। जसमा नेपाल कानुन बमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नाको उद्योग गर्न हुदैन[२८९], भनी यस्तो कार्य कसैले गरेमा सजाय हुने उल्लेख गरिएको छ। यस ऐनमा ज्यान सम्बन्धी अपराधलाई न्यायिक र गैरन्यायिक गरी दुई प्रकारमा विभाजन गरिएको छ। न्यायिक हत्या भित्र न्यायिक हत्या र क्षम्य हत्या पर्दछन् भने गैरन्यायिक हत्याभित्र बातलाग्ने हत्या, सजाय कम हुजे हत्या र आत्महत्या पर्दछन्।

ज्यान सम्बन्धी महलको नं ३ अनुसार अपहत्या वा कर्तव्य परी मरेको उजूर वा शङ्का देखिएकोमा मर्नेको लाश जाँच र मौका तहकीकात गर्दा गर्न जाँदा मौकामा पुग्नासाथ पहिले सो लाश भए रहेका ठाउँभन्दा केही वरै खडा भई वा बसी लाश रहेको ठाउँ वरपर भए परेको हातखुट्टा वा अरू केही किसिमको चिन्ह वा जमीन घष्टिए माडिएको वा कहींबाट घिसारी ल्याएको चिन्ह निशाना इत्यादि केही भए परेको र अरू दसी प्रमाण हुने केही माल छुटे रहेको देखियो भेटियो भने सो व्यहोरासमेत खोली टिपी लेखी सो देखिए भेटिएको दसी चिन्ह निशाना समेत भरसक नमासिने गरी जस्ताको तस्तोरहने हिसाबसँग आखिरी जाँच गरी लाश सदगत गर्ने पूर्जी नहुन्ज्यालसम्म सो सबै कुरा हिफाजतसाथ सबूद राखी अरू तल देहायमा लेखिएबमोजिम के के कुरा भए परेको छ खूब ध्यान दिई हेरी लाशको हातल, सो लाश रहेका ठाउँ जग्गाको अवस्था र चार किल्लासमेत देखाई गर्न सक्ने भए नक्सासमेत खडा गरी रीतपूर्वक लाश जाँचको कागज खडा गर्नुपर्छ।

अपहत्या वा कर्तव्य परी पर्ने मानिसको लाश कानुनबमोजिम जाँच भई सकेपछि सो लाश जलाउनु गाड्नु फाल्नु जो गर्नुपर्छ गर्नको निमित्त लाश जाँच गर्ने प्रहरी कर्मचारीले र सरकरी अभियोक्ता भए निजले समेत सहीछाप गरी पूर्जी गरी दिनुपर्छ। सो पूर्जी नलिई त्यसै लाश जलाउन, गाड्न, फाल्न हुँदैन। सो बमोजिम पूर्जी गरी नदिने वा पूर्जी नलिई लाश जलाउने, गाड्ने, फाल्नेलाई दश रूपैयाँ जरिवाना गर्नुपर्छ। लाश जाँच भई नसक्दै दबाउनका मतलबले लाश जलाउने, गाड्ने, फाल्ने वा सो कुरा गर्न लाउनेलाई अरू कानुनले हुने सजायमा सो गरे वापत छ महिना थपी कैद

---

२८७. दफा ५, अदलको, मुलुकी ऐन, २०२०

२८८. दफा ८, अदलको, मुलुकी ऐन, २०२०

२८९. दफा १, ज्यान सम्बन्धीको, मुलुकी ऐन, २०२०

गर्नुपर्छ।[१९०] ५ नं. अनुसार ज्यान लिने इबी वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरामा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएमा भवितव्य ठहर्छ।

६ नं. मा भवितव्य भई मानिसको ज्यान मरेकोमा देहायबमोजिम सजाय हुन्छ। जसअनुसार एउटा कामको निमित्त सावधानीसँग हात हतियार उठाएकोमा केही व्यहोराले अरूलाई लाग्न गई भवितव्य परेकोमा तीन सय रूपैयाँसम्म जरिवाना हुन्छ। होस नपुऱ्याई वा हेलचक्र्याई गरी कुनै काम गर्दा भवितव्य परेकोमा पाँचसय रूपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुन्छ। रक्षा शिक्षा गर्नेले मर्नेको हितको निमित्त कुटपीट वा अरू कुनैकाम कुरा गर्दा भवितव्य परेकोमा पचास रूपैयाँसम्म जरिवाना हुन्छ। रक्षा शिक्षा गर्ने बाहेक अरू कसैले कसैलाई कुटपीट गर्दा भवितव्य परेकोमा पाँचसय रूपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुन्छ। लेखिएदेखि बाहेक अरू कुरा भई भवितव्य परेकोमा दुईसय रूपैयाँसम्म जरिवाना हुन्छ।

७ नं अनुसार कसैले हात हतियार लिई वा नलिई आफ्नो ज्यान लिनासम्मको जोरजुलुम गर्न लागेकोमा त्यस्तालाई पक्राउ गर्न वा गुहार मद्दत माग्न नसकिने वा मागे पनि बखतमा मद्दत पुग्न नसक्ने वा त्यस्ताको पन्जाबाट भागी उम्की आफ्नो ज्यान बचाउनसमेत फूर्सत नपाउने अवस्थामा आफूले केही नगरे आफ्नो ज्यान रहँदैन भन्ने पूरा विश्वास भई ज्यान बचाउनका खातिर उसै मौकामा केही गर्दा सो जुलूमीको ज्यान मरेको, बारी वा बगैंचाको अन्न सागपात फलफूल चोरीमा बाहेक अरू चोरी गर्न बाटो अबाटोमा ढुकी बसी वा बाटो अबाटोबाट अर्काको घरभित्र पसी कुनै प्रकारको चोरी गर्न लागेका बखत वा चोर्नका निमित्त सेन खनीभित्र पस्न लागेका बखत पक्रन भरमग्दूर गर्दा पनि मद्दत नपुगी चोर डाँकालाई पक्राउ गर्न नसकिने र केही नगरे आफ्नो धन बच्न नसक्ने भयो भने उसै बखत चोर डाँकूलाई केही गर्दा मर्न गएमा देहायको अवस्थामा ज्यान मरेकोमा ज्यान माराको बात लाग्दैन, सरकारी तहबिल कागजपत्र कैदी थुनुवा इत्यादि गैर रहेका अड्डाखाना खोर कारागारसमेत गैहमा चपाट पाले पहरा रहेका चपोट पालेले आफूलाई भएको कानुन बमोजिमको काम गर्दा सो काममा बाधा पर्ने वा नोक्सान गर्ने, चोर्ने, भाग्ने, भगाउने समेत गैर नियतले उर्दी बर्खिलापको काम गर्नालाई पाले चपोटउपर हमला गरी हात हतियार उठाई वा नउठाई आई लागेमा आफ्नो जीउ वा जिम्मामा रहेको सरकारी मालको बचाउ निमित्त उसै मौकामा केही गर्दा मर्न गएकोमा ज्यान माराको बात लाग्दैन।

ज्यानै मार्नाका लागि कुनै अङ्ग भाँच्ने छिन्ने गरी हाने कुटेमा बाहेक मारौं भनी गैर मर्ने कुरा गर्दा उसै बखत ज्यान नमरी त्यही मारौं भनी गरेका चोट पीरले उठ्न नसकी थला परी एक्काईस दिनभित्र, अरू सास्ती सासना जोरजुलूम गरेमा तीन दिनभित्र र विष गैर खुवाएमा सात दिनभित्र मऱ्यो भने ज्यानमारा ठहर्छ।[१९१] भवितव्य ठहर्ने बाहेक सन्धि कुठाउँमा हातले हान्दा त्यसै पीरले उठ्न नसकी थला परी सात दिनभित्र मऱ्यो वा पीडा पर्ने गरी बाँध छांद गर्दा त्यसै पीडाले उठ्न नसकी थला परी पाँच दिनभित्र मऱ्यो

---

१९०. दफा ४, ज्यान सम्वन्धीको, मुलुकी ऐन, २०२०

१९१. दफा ९, ज्यान सम्वन्धीको, मुलुकी ऐन, २०२०

वा जेसुकै कुरा गर्दा सोही चोट पीरको घाउ डाम पाकी त्यसै पीरले उठ्न नसकी थला परी एक्काईस दिनभित्र मऱ्यो भने त्यसैको कर्तव्यले ज्यान मरेको ठहर्छ। सो म्याद नाघी मरेमा कुटपीटको महलबमोजिम हुन्छ।[२९२]

यसै महलका अरू नम्बरबमोजिम ज्यानमाराको बात नलाग्ने अवस्थामा बाहेक कसैले अरूको ज्यान मर्ने गैह्र कुरा गर्दा उसै बखत वा ऐनका म्यादभित्र ज्यान मरेमा सो ज्यान मार्नेलाई र मुख्य भई बचन दिनेलाई र वारदात भइरहेका ठाउँमा अर्काको जीउमा हात हाली मार्नालाई संयोग पारिदिने नियतले पक्री समाती राख्ने समेतलाई देहायमा लेखिएबमोजिम सजाय गर्नुपर्छ। छुट्याउनका नियतले हात हाल्ने वा छुट्याईदिनेलाई भने बात लाग्दैन, धार भएको वा नभएको जोखमी हतियार गैह्रले हानी रोपी घोची ज्यान मारेमा जतिजना भई हतियार छाडेको छ, उती जना ज्यानमारा ठर्हछन्। सर्वस्वसहित जन्म कैदको सजाय गर्नुपर्छ। विष खुवाई ज्यान मारेमा खुवाउने ज्यानमारा ठहर्छ। सर्वस्वसहित जन्म कैदको सजाय गर्नुपर्छ। विष खुवाई ज्यान मारेमा खुवाउने ज्यानमारा ठहर्छ। त्यस्तालाई सर्वस्वसहित जन्म कैद गर्नुपर्छ। मानिसलाई विष खुवाउन लगाउनेलाई जन्म कैद गर्नुपर्छ, लाठा, ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी हानी रोपी घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हूल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ। त्यस्तालाई सर्वस्वसहित जन्म कैद गनुपर्छ। सो बाहेक अरूलाई र यसैले मारेको वा यसका चोटले मरेको भन्ने कुरा सो हात हतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्म कैद गर्नुपर्छ। जुनसुकै कुरा गरिकन पनि ज्यान मार्नामा बचन दिनेलाई वा वारदात भइरहेको ठाउँमा गई मार्नालाई संयोग पारिदिन निमित्त मर्ने मानिसको जीउमा हात हाली पक्री समाती दिनेलाई जन्मकैद गर्नुपर्छ [२९३]

ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरिकन हानेको पनि रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रीस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुका इत्यादि हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ।[२९४] ज्यान मार्ने मनसायले गोली चलाउने वा बम हान्ने वा घातक हतियारले काट्ने वा मार्नका लागि अरू जुनसुकै कुराको उद्योग गरी मर्नेसम्मको काम गरेकोमा कुनै कारणले ज्यान मर्न पाएको रहेनछ भने त्यस्तो काम गर्ने र गर्न लगाउने तथा सो ठाउँमा गई बचन दिने वा मद्दत गर्नेलाई पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद गर्नुपर्छ।[२९५] ज्यान मार्नेकाममा वा ज्यान मर्न सक्ने कुनै कुरामा मुख्य भई षडयन्त्र गर्ने वा त्यस्तो

---

२९२. दफा १०, ज्यान सम्बन्धीको, मुलुकी ऐन, २०२०

२९३. दफा १३, ज्यान सम्बन्धीको, मुलुकी ऐन, २०२०

२९४. दफा १४, ज्यान सम्बन्धीको, मुलुकी ऐन, २०२०

२९५. दफा १५, ज्यान सम्बन्धीको, मुलुकी ऐन, २०२०

काम गर्न लगाउनेलाई ज्यान मरेको रहेछ भने दश वर्षदेखि पन्ध्र वर्षसम्म कैदको सजाय गर्नुपर्छ। ज्यान मर्न पाएको रहेनछ भने पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद गर्नुपर्छ।[२९६]

१७ नं. अनुसार ज्यान मार्नालाई मतलबमा भने पसेको तर मुख्य भई बचन पनि नदिने, हात हतियार पनि नछोड्ने, जीउमा पनि नछुने देहायका अवस्थामा अरू मतलबीहरूलाई ज्यान मरेको रहेछ भने देहायबमोजिम र ज्यान मरेको रहेनछ भने देहायमा लेखिएको सजायको आधा सजाय गर्नुपर्छ। ज्यान मार्नालाई भनी हतियार मागेमा जानी जानी हातहतियार गोली बारूद दिने वा ज्यान मार्ना निमित्त वारदात गरिरहेका ठाउँमा हतियार साथमा लिई महजूद रहनेलाई दश वर्ष कैद गर्नुपर्छ।

जन्मेको जिउँदो बालक बालिका फाल्नेलाई चार वर्ष कैद गर्नुपर्छ। सो बालक बालिका मरेको भए ज्यानमारा सरह सजाय गर्नुपर्छ।[२९७]१९ नं. अनुसार अर्काले बेहकमा मानिस मार्न लागेमा ग्वाहार माग्दा सुनी नजाने सोह्र वर्षमाथि पैसट्ठी वर्षमुनिका जानकार लोग्ने मानिसलाई जनही तीस रूपैयासम्म जरिवाना गर्नुपर्छ। कर्तव्य परी ज्यान मरेको मुद्दामा कसूरदार आफै सावित भई पोलेकोमा बाहेक कर्तव्यको उजूर परेकोमा तहकीकातबाट कर्तव्यवाला यही हो भन्ने पत्ता नलागेकोमा बीस वर्षपछि र कर्तव्यको उजूर नपरेकोमा सो वारदात भएका दुई वर्षपछि कसैउपर मुद्दा चल्न सक्तैन। लाश जाँच गर्दा जुन हिसाबसँग जाँच्नु पर्ने देखिन्छ सोबमोजिम जाँच गरी लाशमा भए देखिएसम्मको घाउ, खत, चोट, निशाना सबै यथार्थ खोली लाश जाँचको कागजमा लेख्नुपर्छ। जानजानी फरक पारी लेखेको ठहऱ्यो भने त्यस्तालाई पाँचसय रूपैयाँसम्म जरिवाना हुन्छ।[२९८]

ज्यान मारिसकेको कुरा चाल पाई जाहेर नगरी कसूरदारलाई दबाउने भगाउने सरकारी कर्मचारी भए दुईवर्ष, त्यस जग्गाका जिमिदार तालुकदार गाउँ विकास समिति वा नगरपालिकाको सदस्य भए डेढ वर्ष, मुखिया मिझार जेठा बुढा गोरूम कटुवाले नाइके महाने गाउँका चौकीदार गोडायत भए छ महिना कैद र अरू भए घरमा थाहा पाउने मुख्य जो हो उसलाई बीस रूपैया जरिवाना गर्नुपर्छ।[२९९] ज्यान मार्छ भन्ने कुरा चाल पाई जाहेर नगरी ज्यान मारिसकेपछि जाहेर भयो भने त्यस्तो चाल पाई जाहेर नगर्नेलाई एक वर्षसम्म कैद गर्नुपर्छ। ज्यान मार्छ भन्ने कुरा चाल पाई जाहेर नगरी दबाई ज्यान मार्न नपाउँदै अरूबाट जाहेर भयो भने त्यस्तो चाल पाई जाहेर नगरी दबाउनेलाई छ महिनासम्म कैद गर्नुपर्छ। उपकारका लागि केही गर्दा गर्भ तुहिन गएकोमा बाहेक कसैले गर्भ तुहाए, तुहाउन लाए वा तुहाउनका लागि मद्दत गरे बात लाग्छ। केही रीस इबीले गर्भवती स्वास्नी मानिसलाई केही कुरा गर्दा गर्भ तुहिन गयो भने गर्भ तुहाउने मनसायले गरेको रहनेछ भने पनि बात लाग्छ। जन्मेका जिउँदो बालक बालिका फालिएको देखियो भने सो कुरा नजिकको प्रहरी कार्यालयमा जाहेर गर्नुपर्छ। जसको गर्भ तुहिएको छ सो स्वास्नी मानिसको मन्जुरी विना गर्भ तुहाउनेलाई

---

२९६. दफा १६, ज्यान सम्बन्धीको, मुलुकी ऐन, २०२०

२९७. दफा १८, ज्यान सम्बन्धीको, मुलुकी ऐन, २०२०

२९८. दफा २०-२१, ज्यान सम्बन्धीको, मुलुकी ऐन, २०२०

२९९. दफा २५, ज्यान सम्बन्धीको, मुलुकी ऐन, २०२०

छ महिनासम्मको गर्भ भए दुई वर्ष र छ महिनादेखि माथिको भए तीन वर्ष कैद गर्नुपर्छ। त्यस्ती स्वास्नी मानिसको मन्जुरी भएकोमा सो स्वास्नी मानिस र तुहाउनलाई समेत छ महिनासम्मको गर्भ भए एक वर्ष र सोभन्दा माथिको भए डेढ वर्ष कैद गर्नुपर्छ। सो काम गर्दा गर्न लाउँदा पनि तुहेन जिउँदै जन्म्यो भने लेखिएको सजायको आधा सजाय गर्नुपर्छ।[300]

३३ नं. अनुसार कसूरदार आफै मुख सावित भई त्यसैबाट उठेको मुद्दामा बाहेक गर्भ तुहायो भन्ने कुरामा सो तुहाएको तीन महिनाभित्र नालिस नदिए लाग्न सक्तैन।

300. दफा २६-३१, ज्यान सम्बन्धीको, मुलुकी ऐन, २०२०

'कानुनको अनभिज्ञता क्षम्य हुँदैन' भन्ने कानुनको सर्वमान्य सिद्धान्त छ। मुद्दाका पक्ष अथवा अन्य कोही सर्वसाधारण नागरिकले कानुन थाहा थिएन भनेर छुट पाउँदैन। प्रत्येक व्यक्तिले कानुन जान्नैपर्दछ र जानेको हुन्छ भन्ने अवधारणा कानुनको हुन्छ। तर सशस्त्र द्वन्द्वका कारण मानवअधिकारको उल्लंघन भएको, शान्ति खलबलिएको वर्तमान समयमा आफ्ना नागरिकको पूर्ण सुरक्षाको व्यवस्था गर्नु पनि राज्यको कर्तव्य हुन आउँछ। राज्यले संविधानको अधीनमा रही नागरिकको सुरक्षाको लागि विभिन्न व्यवस्था गरेको हुन्छ। संविधानको भाग ३ मा मौलिक अधिकार अन्तर्गत धारा १४ मा नागरिकको सुरक्षाको अधिकार प्रत्याभूत गरिएको कुरा यस सन्दर्भमा उल्लेखनीय छ। यसै प्रावधानको अधीनमा रही राज्यले व्यक्ति, सम्पत्ति र राज्यको सुरक्षा गर्नका लागि विभिन्न ऐन कानुनको निर्माण गरेको छ, जसमा- मुलुकी ऐन २०२० का विभिन्न महलहरूमा भएका व्यवस्थाहरू र सुरक्षासँग सम्बन्धित अन्य ऐनहरू महत्वपूर्ण रहेका छन्। तर नेपालमा राज्यले सुरक्षा ऐनका प्रावधानको इमान्दारीपूर्वक पालना गरेको भने पाइँदैन। सुरक्षा निकायहरूले सुरक्षा संयन्त्र र त्यसका ज्ञानको अभावमा गलत वा निर्दोष व्यक्तिलाई सजायको भागी बनाइरहेका हुन्छन् र सर्वसाधारण पनि आफ्नो अधिकारबारेको ज्ञानको अभावका कारण पीडित भइरहेका हुन्छन्। वर्तमान समयमा सुरक्षा ऐनको प्रयोग र दण्ड दिने संयन्त्र तथा व्यक्तिको सम्पत्तिको रक्षाका साथै स्वयं राज्यको सुरक्षाका लागि नेपाल अधिराज्यको संविधान अर्न्तगत बनेका नियम, कानुनबारे जानकारी अत्यावश्यक छ।

मानवअधिकार र सामाजिक न्यायका निम्ति
इन्सेक insec
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पोष्ट बक्स नं. २७२६, काठमाडौं
फोन : ४२७८७७०, फ्याक्स : ४२७०५५१
इमेल : insec@insec.org.np
वेवसाइट : www.insec.org.np, www. inseconline.org